# सगरमाथा जलविद्युत कम्पनी लिमिटेड
# SAGARMATHA JALABIDHYUT COMPANY LTD.

रजिष्टर्ड कार्यालय: का.म.न.पा.-२९, काठमाण्डौ
(आयोजनाको नाम: सुपर माई ए जलविद्युत आयोजना)
वेबसाइट: sagarmathajbc.com.np इमेल: sagarmathahydropower@gmail.com

## को

(धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३, धितोपत्र निश्कासन तथा बाँडफाँट निर्देशिका २०७४ अन्तर्गत प्रकाशित)

# विवरण-पत्र

कम्पनीले आफ्नो जारी पूँजी रू.१,१२,००,००,०००/- (एक अर्ब बाह्र करोड) मध्ये संस्थापक समूहका शेयरधनीहरूलाई ५१% अर्थात् रू. ५७,१२,००,०००/- (सन्ताउन्न करोड बाह्र लाख) रकम बराबरको रू. १००/- अंकित दरका ५७,१२,००० (सन्ताउन्न लाख बाह्र हजार) कित्ता शेयरको शेयर लगत कायम गरी र बाँकी रहेको ४९% अर्थात् रू. ५४,८८,००,०००/- (चौउन्न करोड अठासी लाख) रकम बराबरको रू. १००/- अंकित दरका ५४,८८,००० (चौउन्न लाख अठासी हजार) कित्ता शेयरहरू मध्ये जारी पूँजीको १०% अर्थात रू. ११,२०,००,०००/- (एघार करोड बिस लाख) रकम बराबरको रू. १०० अंकित दरका ११,२०,००० कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरू (ईलाम जिल्लाको बासिन्दा) को निमित्त धितोपत्र दर्ता तथा बाँडफाँड निर्देशिका, २०७४ को अधिनमा रही निष्काशन गरी बिक्री वितरण गरिने छ । सार्वजनिक निष्काशन गरिने शेयरको १० प्रतिशत अर्थात रू. ४,३६,८०,०००/- (चार करोड छत्तीस लाख असी हजार) रकम बराबरको रू. १००/- अंकित दरका ४,३६,८०० (चार लाख छत्तीस हजार आठ सय) कित्ता शेयरहरू नेपाल सरकारको सम्बधित निकायबाट श्रम स्वीकृत प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरूका लागि निमित्त धितोपत्र दर्ता तथा बाँडफाँड निर्देशिका, २०७४, दफा ४ख को अधिनमा रही निष्काशन गरी बिक्री वितरण गरिने छ । साथै, आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरूलाई तथा नेपाल सरकारको सम्बधित निकायबाट श्रम स्वीकृत प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरूका लागि छुट्याईएका शेयर बाँडफाँड गरे पश्चात जारी पूँजीको ३९% अर्थात् रू.४३,६८,००,०००/- (त्रिचालीस करोड अठसी लाख) रकम बराबरको रू. १००/- अंकित दरका ४३,६८,००० (त्रिचालीस लाख अठसी हजार) कित्ता शेयरहरू मध्ये २,१८,४०० कित्ता शेयर (सर्वसाधारणको लागि छुट्याईएको शेयरको ५ प्रतिशत) सामूहिक लगानी कोषका योजनाहरूको लागि र १,३१,०४० कित्ता शेयर (सर्वसाधारणको लागि छुट्याईएको शेयरको ३ प्रतिशत) कर्मचारीहरूको लागि सुरक्षित राखी बाँकी रहेको ३५,८१,७६० कित्ता शेयर धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को अधिनमा रही सर्वसाधारणमा सार्वजनिक निष्काशन गरी बिक्री वितरण गरिने छ ।

**दरखास्त साथप्रति शेयरको अंकित मूल्य रू. १००/- को दरले (शत् प्रतिशत) भुक्तानी माग गरिएको ।**

**कम्पनीको नेटवर्थ सम्बन्धी विवरण**

| विवरण | वास्तविक | | | | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० (आश्विन मसान्त) | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| प्रति शेयर आम्दानी रु. | ३.७० | ११.३९ | ११.६५ | ८.२४ | ७.२२ | १०.३६ | ११.२३ |
| प्रति शेयर नेटवर्थ रु. | १००.७६ | ११२.१३ | १११.४१ | १०९.१३ | १०७.६८ | ११८.०४ | १२९.२७ |
| संचित नाफा नोक्सान (हजारमा) | ३,३६६.०७ | ५४,८११.९० | ६५,२०१.३४ | ५२,१३९.५९ | ८५,९६२.९३ | २०२,०३३.१२ | ३२७,७७७.५० |

**प्रति मेगावाट लागत सम्बन्धि विवरण:**

कम्पनीले निर्माण गरी संचालन गरेको सुपर माई ए जलविद्युत आयोजना (९.६ मेवा.) को कुल (Interest During Construction (IDC) सहित प्रति मेवा. रू.१९,८४,३३,०७७/- रहेको छ ।

**विद्युत उत्पादन अनुमतिको बाकी अवधि सम्बन्धी विवरण:**

सुपर माई ए जलविद्युत आयोजना (९.६ मे.वा.) को विद्युत उत्पादन अनुमतीपत्र वहाल रहने अवधि मिति २०७४/११/१८ देखि २१०९/११/१७ गते सम्म रहेकोले ३० वर्ष ७ महिना बाँकी रहेको छ ।

**लगानी फिर्ता हुने अवधि (Pay Back Period) सम्बन्धी विवरण:**

आयोजनाको लगानी फिर्ता हुने अवधि Simple Pay Back Period ९.०४ वर्ष र Discounted Pay Back Period १९.४०.वर्ष रहेको छ । जलविद्युत आयोजनाको कुल लागत विवरण सुपरमाई ए जलविद्युत आयोजना (९.६ मे.वा.) कुल लागत (Interest During Construction (IDC) सहित १,९०,४९,५७,५३७/- रहेको छ ।

**लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण:**

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मूल्याङ्कन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मूल्यले सूचिकरण पश्चात धितोपत्र बजारमा हुने कारोवार मूल्य नजनाउने हुँदा यस विवरणपत्रको दफा ग ८ मा १५ पाना नं. उल्लेखित जोखिमहरू समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धी निर्णय लिन सुझाव गरिन्छ ।

**नियमन निकायको जवाफदेहीता नरहने उद्घोषण:**

यस विवरणपत्रमा उल्लेखित धितोपत्र सार्वजनिक निष्काशनको लागि तयार गरिएको यस विवरणपत्रलाई धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृती प्रदान गरेको छ । यसरी बोर्डले विवरणपत्र स्वीकृती प्रदान गरेको कारणबाट कसैले पनि नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय वा सम्बद्ध अन्य नियमन निकायले विवरणपत्रमा उल्लेखित कुराको सत्यता वा निष्काशनकर्ता वा परियोजनाको आर्थिक सक्षमताको बारेमा कुनै प्रकारको प्रत्याभूत गरेको वा जिम्मेवारी लिएको मानिने छैन ।

**क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण:**

यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (तेस्रो संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्यूवर रेटिङ्ग गराउनु पर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लिमिटेडबाट इस्यूवर रेटिङ्ग गराई "(ICRANP-IR)BBB- [Triple B Minus) रेटिङ्ग प्राप्त गरेको छ । ICRA -NP BBB-(Is) ले "Considered to have moderste degree of safety regarding timely servicing of financial obligations" रहेको जनाउँदछ । यसको अर्थ वित्तीय दायित्वहरूको समयमै सेवा गर्ने सन्दर्भमा मध्यम स्तरको सुरक्षा भएको मानिन्छ । ईक्रा नेपाल लिमिटेडले ICRANP-IR] AAA देखि [ICRANP-IR] D सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा ग्रेड [ ICRANP-IR ]AAA ले बलियो आधार जनाउँछ । [ICRANP - IR] D ले कमजोर आधार जनाउँदछ भने रेटिङ्ग संकेत पछाडी रहने + (जोड) वा - (घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितिलाई जनाउँदछ । यसको अर्थ ICRA-NP BBB(Is) को स्थिति ICRA-NP BB(Is) को भन्दा एक चिन्ह तल रहन्छ । सो सम्बन्धी विवरण यस विवरणपत्रको दफा २२ (ण) मा उल्लेख गरिएको छ ।

**रेटिङ्ग ग्रेड प्रदान गरेको मितिः २०७९/०३/०१** **रेटिङ्ग ग्रेड बहाल रहने अवधिः २०८०/०२/३०**

**आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुलाई बिक्री वितरण गरेको शेयर र कर्मचारीहरुलाई बाँडफाँट गरेको शेयर सर्बसाधारणका लागि निष्काशन गरेको शेयर बाँडफाँड भएको मितिले तीन वर्ष पूरा नभए सम्म अरु कसैलाई बिक्री वा हस्तान्तरण गर्न पाइने छैन । साथै संस्थापक, संचालक तथा तीनका एकाघरका परिवारले समेत सार्वजनिक निश्कासनमा आवेदन दिन पाउने छैन ।**

**नेपाल धितोपत्र बोर्डबाट विवरणपत्रमा स्वीकृति प्राप्त भएको मिति: २०७९/०९/१९ गते ।** **कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणपत्र दर्ता भएको मिति: २०७९/०९/२४ गते ।**

**सर्वसाधारणको लागि साधारण शेयर बिक्रि खुल्ला अवधि:**

| | |
|---|---|
| निष्काशन खुल्ला मिति | : २०७९/१२/०८ गते देखि |
| निष्काशन बन्द हुने मिति (छिटोमा) | : २०७९/१२/१२ गते (बैकिङ्ग समय पश्चात्) सम्म |
| निष्काशन बन्द हुने मिति (ढिलोमा) | : २०७९/१२/२२ गते (बैकिङ्ग समय पश्चात) सम्म |

**धितोपत्र निष्कासन तथा बिक्री प्रवन्धक**

## PRABHU CAPITAL प्रभु क्यापिटल लिमिटेड

(A Subsidiary of Prabhu Bank Limited)
कमलादी, काठमाडौं, फोन नं. ०१-५९७०२००, ०१-४१६९१००
E-mail: info@prabhucapital.com, web: www.prabhucapital.com

## ख.१. विवरणपत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषा:

क) **"विवरणपत्र"** भन्नाले कम्पनी ऐन, २०६३ को दफा २३ बमोजिम र धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० बमोजिम प्रकाशित विवरणहरू भएको पुस्तिका सम्झनु पर्छ ।

ख) **"धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक"** भन्नाले प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाडौंलाई सम्झनु पर्दछ ।

ग) **"धितोपत्र"** भन्नाले संगठित संस्थाले जारी गरेको शेयर, स्टक, बोण्ड, डिवेन्चरवा सामुहिक लगानी योजना सम्वन्धी प्रमाण पत्र वा नेपाल सरकारले जारी गरेको वा नेपाल सरकारको जमानतमा संगठित संस्थाले जारी गरेको ऋणपत्र, बचतपत्र वा बोण्ड सम्झनु पर्छ र सो शब्दले धितोपत्र बजार मार्फत कारोबार हुन सक्ने वा हस्तान्तरण हुन सक्ने भनि बोर्डले तोकिदिएको अन्य धितोपत्र वा त्यस्तो धितोपत्र खरिद, बिक्री वा विनिमय गर्न सक्ने अधिकारपत्र समेतलाई जनाउंछ ।

घ) **"संगठित संस्था/कम्पनी"** भन्नाले निष्कासनकर्ता कम्पनी सगरमाथा जलविद्युत कम्पनी लिमिटेड, अनामनगर, काठमाण्डौलाई सम्झनु पर्छ ।

ङ) **"संकलन केन्द्र"** भन्नाले सार्वजनिक निष्कासन (आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरूका हकमा समेत) को लागि तयार गरिएको विवरणपत्र र दरखास्त फारम प्राप्त गर्न सकिने तथा दरखास्त फारम साथ रकम बुझाउन सकिने गरी तोकिएका संकलन केन्द्रहरूलाई सम्झनु पर्छ ।

च) **"निष्कासन बैंक"** भन्नाले निष्कासन तथा बिक्री प्रबन्धकसँग सम्झौता गरी धितोपत्र निष्कासनको क्रममा रकम जम्मा गर्न जिम्मेवारी लिने बाणिज्य बैंक तथा राष्ट्रिय स्तरको विकास बैंकलाई सम्झनु पर्छ ।

छ) **"नियमन निकाय"** भन्नाले नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय, उद्योग विभाग तथा विद्युत नियमन आयोगलाई सम्झनु पर्छ ।

ज) **"संस्थापक, संचालक, कार्यकारी प्रमुख तथा व्यवस्थापन"** भन्नाले सगरमाथा जलविद्युत कम्पनी लिमिटेडको संस्थापक, संचालक, कार्यकारी प्रमुख तथा व्यवस्थापनलाई सम्झनु पर्छ ।

झ) **"बोर्ड"** भन्नाले नेपाल धितोपत्र बोर्डलाई सम्झनु पर्छ ।

ञ) **"स्थानियवासी"** भन्नाले आयोजना प्रभावित क्षेत्र अर्थात ईलाम जिल्लामा स्थायी बसोवास गर्ने नेपाली नागरिकलाई जनाउँछ ।

ट) **"वित्तीय विवरण"** भन्नाले संगठित संस्थाको वासलात, आय-व्यय विवरण, नगद प्रवाह विवरण सम्झनु पर्दछ र सो शब्दले इक्विटीमा भएको परिवर्तनको विवरण र लेखा नीति तथा लेखासँग सम्बन्धित टिप्पणीहरू समेत जनाउँदछ ।

ठ) **"खुद सम्पत्ति (नेटवर्थ)"** भन्नाले संस्थाको वासलातमा रहने सम्पत्तिको कुल जोडमा वाह्य दायित्वलाई घटाई कायम हुन आउने रकम सम्झनु पर्छ ।

ड) **"लगानी फिर्ता हुने अवधि (Pay Back Period)"** भन्नाले लगानीकर्ताले आफुले लगानी गरेको रकम फिर्ता भुक्तानी हुने अवधी भन्ने सम्झनु पर्दछ । जसलाई वर्षमा ब्यक्त गरिन्छ । "साधारण लगानी फिर्ता हुने अवधी" भन्नाले परियोजनामा भएको कुल लगानीलाई त्यस परियोजना बाट प्राप्त हुने बार्षिक औषत नगद प्रवाहले भाग गर्दा आउने भागफल लाई जनाउँदछ र "डिस्काउण्टमा लगानी फिर्ता हुने अवधी" भन्नाले परियोजनामा भएको कुल लगानीलाई त्यस परियोजनाबाट प्राप्त हुने बार्षिक नगद प्रवाहलाई निश्चित प्रतिशत बट्टादर द्वारा Discount Rate वर्तमान मुल्यमा परिणत गरि आउने नगद प्रबाहबाट आयोजनामा भएको कुल लगानीलाई भाग गर्दा आउने भागफललाई जनाउँदछ । यसले मुद्रास्फितिलाई ध्यान दिंदा कति बर्षमा आयोजनाको लगानी फिर्ता हुन्छ भन्ने कुरा बुझाउँछ ।

ढ) **"धितोपत्र प्रत्याभूतिकर्ता"** भन्नाले धितोपत्र व्यवसायी (मर्चेण्ट बैंकर) नियमावली, २०६४ को नियम १६ को खण्ड (ख) बमोजिमको धितोपत्र प्रत्याभूति (Underwriting) को कार्य गर्न अनुमतिपत्र प्राप्त धितोपत्र व्यवसायी श्री नागरिक लगानी कोषलाई सम्झनु पर्छ ।

ण) **"आस्वा सदस्य"** भन्नाले नेपाल धितोपत्र बोर्डबाट आस्वा सदस्यता लिएका बैंक तथा वित्तीय संस्था सम्झनु पर्दछ ।

त) **"प्रति शेयर नेटवर्थ"** भन्नाले कम्पनीको वासलातमा रहेको शेयर पूँजी, शेयर प्रिमियम तथा जगेडा कोष लगायतका कुनै पनि प्रकारको सञ्चित कोषको कुल जोडलाई जम्मा साधारण शेयर संख्याले भाग गर्दा आउने भागफललाई जनाउँदछ ।

थ) **"वैदेशिक रोजगारी"** भन्नाले नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृत प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरूलाई सम्झनु पर्दछ ।

द) **"विप्रेषण (रेमिटयान्स) बचत खाता"** भन्नाले नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृत प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपाली नागरिकको बोर्डबाट धितोपत्र खरिद दरखास्त संकलन सम्बन्धी कार्य गर्न प्राप्त आश्वा सदस्य बैंक वा वित्तीय संस्थामा सम्बन्धित व्यक्तिको नाममा रहेको विप्रेशण (रेमिटयान्स) बचत खाता सम्झनुपर्छ ।

## ख. २.विवरणपत्र तथा दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान :

| सि.नं. | **विवरणपत्र प्राप्तगर्ने स्थानको नाम र ठेगाना** |
|---|---|
| क. | प्रभु क्यापिटल लिमिटेड, कमलादी, वेवसाइटः www.prabhucapital.com फोन नं. ०१-५९७२०० |
| ख | सगरमाथा जलविद्युत कम्पनी लिमिटेड,का.म.पा-२९, अनामनगर, काठमाण्डौ, Email: sagarmathahydropower@gmail.com |
| ग. | नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुरको वेवसाइटः www.sebon.gov.np |
| **घ.** | **सर्वसाधारण शेयरधनीहरूको हकमाः** |
| | नेपाल धितोपत्र बोर्डबाट स्वीकृती प्राप्त गरेका सम्पूर्ण सी-आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरू तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर **"मेरो सेयर"** अनलाइन प्रयोग गरी सी-आश्वा प्रणाली मार्फत आवेदन दिन सकिनेछ । |

## ग.१. धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धकको उद्घोषण :

हामीलाई निष्कासनकर्ता कम्पनी तथा यसका संस्थापक/सञ्चालकहरूले उपलब्ध गराएको विवरण तथा जानकारीहरूको आधारमा उक्त कम्पनीको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै विवरणपत्रमा लेखिएका आर्थिक विवरणहरू र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरूलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो विवरणपत्र स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा धितोपत्र सम्बन्धी ऐन र नियमावली अनुरूप तोकिएको योग्यता पुगेको प्रतिबद्धता-पत्र (Due Diligence Certificate) प्रस्तुत गरेका छौं ।

## ग.२.संगठित संस्थाको उद्घोषण :

**ग.२. क. सञ्चालकको जिम्मेवारी तथा जवाफदेहिता सम्बन्धी उद्घोषणः**

यो विवरणपत्र हामीले पुनरावलोकन गरी अनुमोदन गरेको हुनाले यस विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीका साथै निष्कासन तथा बिक्री प्रबन्धकहरूलाई दिएको वित्तीय विवरण, अन्य विवरण, जानकारी तथा कागजातहरूको सत्यता र शुद्धता प्रति र धितोपत्र दर्ता तथा निष्कासन अनुमति प्रयोजनका लागि नेपाल धितोपत्र बोर्डमा पेश गरिएको विवरणपत्र र सोसँग सम्बन्धित अन्य विवरण तथा जानकारीको शुद्धता तथा सत्यता प्रति यस विवरणपत्रमा हस्ताक्षर गर्ने हामी सञ्चालकहरू व्यक्तिगत वा सामूहिक रूपमा जवाफदेहिता बहन गर्दछौं र धितोपत्र निष्काशनका लागि तोकिएका शर्त तथा आवश्यकताहरूको सम्बन्धमा आवश्यक जानकारी लिई हामी यो उद्घोषण गर्दछौं कि तोकिएका शर्त तथा आवश्यकताहरू सबै पालना गरेका छौं र लगानीकर्ताहरूलाई लगानी सम्बन्धी सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाएका छैनौं ।

**ग.२. ख. संगठित संस्थाको जवाफदेहीता सम्बन्धी उद्घोषणः**

यस सगरमाथा जलविद्युत कम्पनी लिमिटेडले प्रकाशित गरेको विवरणपत्र, सार्वजनिक प्रस्ताव, विज्ञापन वा अन्य कुनै सूचनामा उल्लेख भएका विवरण बाहेक यस कम्पनीको बारेमा प्रकाशित अन्य कुनै सूचना वा जानकारीको जवाफदेहिता यस कम्पनीमा नरहने र त्यस्तो सूचना, जानकारी वा विवरणको आधारमा लगानी गरेमा सोको जोखिम लगानीकर्ता स्वयंले बहन गर्नुपर्नेछ ।

**ग.२. ग. नियमन निकायको नियमन व्यवस्थाको पालना सम्बन्धी उद्घोषणः**

प्रचलित कानून अनुसार आफ्नो उद्योग/व्यवसाय/सेवासँग सम्बन्धित नियमन निकाय (जस्तै कम्पनी रजिष्ट्रारको कार्यालय, उद्योग विभाग तथा विद्युत नियमन आयोग आदि) को सार्वजनिक निष्काशन तथा अन्य नियमन व्यवस्था तथा निर्देशनहरूको पालना गरेको कुराको उद्घोषण गर्दछौं । साथै सार्वजनिक निष्काशन प्रयोजनको लागि तयार गरिएको विवरणपत्र र सोमा उल्लेखित सम्झौता वा अन्य विवरणहरू नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा पेश गरेका छौं । साथै कम्पनीले आ.व. २०७७/७८ को साधारण सभा सम्पन्न गरी कम्पनी रजिष्ट्रारको कार्यालयबाट आ.व. २०७७/७८ सम्मको कम्पनी अद्यावधिक भएको पत्र मिति २०७९/०४/०३ मा प्राप्त भएको साथै आ.व. २०७८/७९ को साधारण सभा मिति २०७९/०४/२५ मा सम्पन्न गरी कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ बमोजिम पेश गर्नु पर्ने विवरणहरू पेश गरी मिति २०७९।०६।२८ मा कम्पनी अद्यावधिक भैसकेको जानकारी गराउँदछौं ।

**ग.२. घ. संस्थापक, सञ्चालक तथा कार्यकारी प्रमुख सम्बन्धी उदघोषणः**

(१) यस कम्पनीका संस्थापक, सञ्चालक वा कार्यकारी प्रमुख कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेका छैनन् ।

(२) यस कम्पनीका सञ्चालक वा कार्यकारी प्रमुख कालो सूचीमा रहेको अन्य संगठित संस्थामा सञ्चालक वा कार्यकारी प्रमुख रहेका छैनन् ।

(३) सार्वजनिक निष्कासन मार्फत सर्वसाधारणबाट पूँजी संकलन गरी बेपत्ता भएका वा संचालनमा नरहेका वा लगानीकर्ताहरूको हित विपरीत हुने कार्य गरेको संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख यस वित्तीय संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख छैनन् ।

(४) धितोपत्र सम्बन्धी कानून विपरीत कार्य गरेको कारण धितोपत्र बजार वा धितोपत्र व्यवसायीको अनुमतिपत्र खारेज भएको दशवर्ष पूरा नभएको संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख यस संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख छैनन्

(५) यस कम्पनीको सञ्चालक वा कार्यकारी प्रमुख धितोपत्र सम्बन्धी ऐनको दफा १०८ बमोजिम सञ्चालक वा कार्यकारी प्रमुख हुन अयोग्य रहेका छैनन् ।

## ग.३. संगठित संस्था सम्बन्धी जानकारी :

**ग.३. क.संगठित संस्थाको पृष्ठभूमिः**

**(क) संस्थाको नामः** सगरमाथा जलविद्युत कम्पनी लिमिटेड (Sagarmatha Jalabidhyut Company Ltd.)

**(ख) संस्था कुन ऐन अन्तर्गत स्थापित भएको सो कुराः** कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित ।

**(ग) संस्थाको रजिष्टर्ड ठेगानाः** यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं २९ अनामनगरमा रहेको छ । आवश्यक परेको खण्डमा सम्बन्धित निकायमा आवश्यकतानुसार स्वीकृती लिई अन्य ठाउँमा पनि शाखा कार्यालय खोल्न सकिनेछ ।

**(घ) जलविद्युत केन्द्रः** यस कम्पनीको जलविद्युत उत्पादन केन्द्र ईलाम नगरपालिका २ सुम्बेक, गंगतेबेसी (साबिक सुम्बेक गा.बि.स. ५ गंगतेबेसी) मा रहेको छ ।

**(ङ) संगठित संस्थाको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरूः कम्पनीको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास देहाय बमोजिम रहेको छः**

१. नेपालमा रहेको अपार जलश्रोतको उपयोग गरी जलविद्युत आयोजनाहरूको पहिचान गरी संभाव्यता अध्ययन, निर्माण र संचालन गर्ने हेतुले निजी क्षेत्रका उद्यमीहरू मिलेर मिति २०७२/०८/१७ मा नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा सगरमाथा जलविद्युत कम्पनी लिमिटेडको नाममा प्राइभेट लिमिटेड कम्पनीको रूपमा दर्ता भई कारोबार संचालन गर्दै आएको थियो । यस कम्पनीमा आयोजना प्रभावित क्षेत्र (उद्योग प्रभावित क्षेत्र) का बासिन्दा तथा सर्वसाधारणहरूको जनसहभागिता बिस्तार गर्ने हेतुले मिति २०७७/११/१८ मा पब्लिक लिमिटेड कम्पनीमा परिणत भई सगरमाथा जलविद्युत कम्पनी लिमिटेडको नाममा कारोबार संचालन गर्दै आएको कम्पनी हो । कम्पनीले आफ्नो आयोजनाबाट उत्पादित विद्युत बिक्री गर्ने प्रयोजनका लागि नेपाल विद्युत प्राधिकरणसंग मिति २०७४।११।१४ मा विद्युत खरिद बिक्री सम्झौता (PPA) गर्दा Take or Pay प्रावधानमा आधारित भई गरिएको छ ।

२. हाल यस कम्पनीमा ३३ जना संस्थापक शेयरधनीहरू रहेका छन् । यस कम्पनीका संस्थापक शेयरधनीहरू विद्युत/उर्जा, बैंक/वित्तीय क्षेत्र, स्वास्थ्य, शैक्षिक क्षेत्र, निर्माण, परामर्श एवं व्यापार/व्यवसायको साथै व्यवस्थापन क्षेत्रमा लामो समयदेखि दखल भएका व्यक्तित्वहरू रहेका छन् ।

३. यस कम्पनीले ईलाम नगरपालिका (साबिक सलुबुङ) संदकपुर गाउँपालिका (साबिक सुम्बेक), माईजोगमाई गाउँपालिका (साबिक प्याङ) स्थित जलविद्युत आयोजनाबाट ९.६ मेगावाट जलविद्युत उत्पादन गर्ने उद्देश्य अनुरूप जलविद्युत आयोजनाको निर्माण, उत्पादन तथा संचालन गर्न नेपाल सरकार उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय, विद्युत विकास विभागबाट मिति २०७४/११/१८ मा विद्युत उत्पादनको अनुमति प्राप्त गरेको हो ।

४. कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच मिति मिति २०७४ फागुन १४ मा भएको सुपरमाई ए जलविद्युत आयोजना ९.६ मे.वा. को विद्युत खरिद बिक्री सम्झौता (PPA) अनुसार व्यापारिक विद्युत उत्पादन सुरू गर्नुपर्ने मिति (RCOD) २०७७ पौष २९ गते (तद्नुसार जनवरी १३, २०२१) रहेको ।

५. कम्पनीले निर्माण गरेको सुपरमाई ए जलविद्युत आयोजनाबाट उत्पादन गरिएको विद्युत एक मुष्ठ नेपाल विद्युत प्राधिकरणले खरीद गर्न मञ्जुर गरी कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच मिति २०७४ फागुन १४ मा विद्युत खरीद बिक्री सम्झौता समेत सम्पन्न भैसकेको छ । सम्झौता अनुरूप आयोजनाले मिति २०७७।०२।३२ देखि व्यवसायीक उत्पादन गरी राष्ट्रिय प्रसारण लाईनमा जडान गरी बिक्री गरि रहेको छ ।

६. सुपरमाई ए जलविद्युत आयोजना (९.६ मे.वा.) को मिति २०७४/११/१८ मा नेपाल सरकार, ऊर्जा मन्त्रालय, बिद्युत विकास विभागबाट विद्युत उत्पादनको अनुमतिपत्र (वि.वि.वि. ०७४/७५ वि.उ. २२४) प्राप्त भएको हो र उक्त अनुमतिपत्र मिति २१०९/११/१७ गते सम्म बहाल रहेको ले ३० वर्ष ७ महिना बाँकी छ ।

७. यस सुपरमाई ए जलविद्युत आयोजनाको विद्युत खरीद सम्झौता गर्दाको बखत अनुमान गरिएको परियोजनाको लागत र निर्माण सम्पन्न हुँदा आयोजनाको बास्तविक लागत (Interest During Construction (IDC) सहित देहाय बमोजिम रहेको छ ।

| क्र.सं. | विवरण | लागत रकम रू. | लागत फरक पर्नुको कारण |
|---|---|---|---|
| १ | विद्युत खरीद सम्झौता गर्दाको बखत अनुमान गरिएको परियोजनाको लागत (Interest During Construction (IDC) सहित | १,७९,००,००,०००/- | आयोजनाको COD हुँदाको वखतमा विल विजक प्राप्त नभइ पेश्कीमा रहेको पूँजीगत खर्चहरू पूँजीकृत गरिएकोले लागत रकम रू. ११४९५७५३७ फरक रहेको । |
| २ | निर्माण सम्पन्न हुँदा आयोजनाको बास्तविक लागत (Interest During Construction (IDC) सहित | १,९०,४९,५७,५३७/- | |

८. कम्पनीले ईलाम नगरपालिका २ सुम्बेक, गंगतेबेसी (साबिक सुम्बेक गा.बि.स. ५ गंगतेबेसी मा ९.६ मेगावाट क्षमताको जलविद्युत आयोजनाको निर्माण कार्य सम्पन्न गरी मिति २०७७।०२।३२ गते देखि आयोजना ब्यापारिक रूपमा संचालनमा आइरहेको छ ।

| क्र.सं. | सम्झौताको नाम | सम्झौता मिति | सम्झौता गर्ने संस्था | सम्झौताको बिषयवस्तु | सम्झौता बहाल रहने अवधि |
|---|---|---|---|---|---|
| १ | विद्युत खरिद बिक्रि सम्झौता | २०७४/११/१४ | नेपाल विद्युत प्राधिकरण | जलविद्युत खरिद र बिक्रि गर्ने सहमति | २१०७/०२/३१ |
| २ | आयोजना ऋण सम्झौता | २०१४ फेब्रुअरी २२ | एनएमबी बैंक लि. | आयोजना निर्माणको लागि पूँजी व्यवस्थापन | ऋृण बाँकि रहेसम्म |
| ३ | आईपिओका लागि शेयर प्रत्याभूति कर्ता नियुक्ती सम्बन्धि सम्झौता | २०७९/०४/०२ | नागरिक लगानी कोष | शेयर प्रत्याभूती गर्ने | सम्झौता बमोजिमको कार्य सम्पन्न नभए सम्म |
| ४ | शेयर निष्काशन तथा बिक्री प्रबन्ध गर्ने सम्झौता | २०७९/०२/१९ | प्रभु क्यापिटल लि. | शेयर निष्काशन तथा बिक्री प्रबन्ध गर्न | सम्झौता बमोजिमको कार्य सम्पन्न नभए सम्म |
| **क्र.सं.** | **इजाजतको नाम** | **इजाजत प्राप्त मिति** | **इजाजत दिने संस्था** | **इजाजतको विषयवस्तु** | **इजाजत वहाल रहने अवधि** |
| १ | प्रारम्भिक वातावरणीय परिक्षण (IEE) | २०७४/०९/११ | विद्युत विकास विभाग वातावरण शाखा | वतावरणीय मूल्याङ्कन | |
| २ | विद्युत उत्पादनको अनुमती पत्र | २०७४/११/१८ | विद्युत विकास विभाग | विद्युत उत्पादन गर्ने | २१०९/११/१७ |
| ३ | उद्योग दर्ता | २०७४/०९/१३ | उद्योग विभाग | जलविद्युत उत्पादन गर्ने | |
| ४ | कम्पनी दर्ता | २०७२/०८/१४ | कम्पनी रजिष्ट्रार कार्यालय | कम्पनी सञ्चालन गर्ने | |
| **क्र.सं.** | **प्रबन्धपत्र नियमावली संसोधित** | **संचालक समिति निर्णय मिति** | **साधारण सभाबाट अनुमोदन भएको मिति** | **संसोधित दफा र विषयवस्तु** | **अभिलेख भएको मिति** |
| १ | साधारणसभाको निर्णय | | २०७८/०९ /१४ | प्रबन्धपत्रको दफा २ (६) क, ख र घ, दफा १० नियमावलीको नियम २, २८, ५०, नियम २४, २८ (२), ३० (१) ग, नियम २९ | २०७८/१०/०९ |

९. आयोजनाको संक्षिप्त प्राविधिक विवरणहरू निम्नानुसार रहेको छः

| | |
|---|---|
| **आयोजना स्थलः** | ईलाम नगरपालिका २ सुम्बेक गंगतेबेसी (साबिक सुम्बेक गा.बि.स. ५, गंगतेबेसी) |
| **श्रोत नदीः** | माई खोला |
| **आयोजनाको किसिमः** | रन अफ रिभर |
| **डिजाइन डिस्चार्जः** | ६.४ घन मिटर प्रति सेकेण्ड |
| **उत्पादन हुने इनर्जीः** | ५६.४७ (GWh) |
| **आयोजनाको उत्पादन क्षमताः** | ९.६ मेगावाट |
| **ग्रस हेडः** | १९९.५ मिटर |
| **डाइभर्सन बाँधः** | लम्बाइ २५.५ मिटर, उचाई ३ मिटर |
| **अपरोच क्यानलः** | लम्बाई ४८.५ मिटर, चौडाई २.४ मिटर, उचाई १.५ मिटर |
| **सेट्टलिङ्ग वेसिनः** | ५६ मिटर लम्बाई, ५.६ मिटर चौडाई, ४.४ मिटर उचाई |
| **हेडरेस पाइपः** | ३७४९ मिटर लम्बाई, व्यास १.९५ मिटर देखि १.६५ मिटर सम्म |
| **सर्ज टैंकः** | व्यास ७ मिटर, २७ मिटर उचाई |
| **स्टील पेनस्टक पाईपः** | लम्बाई ४७४ मिटर, व्यास १.५५ मि. |
| **पावरहाउः** | लम्बाई ३६.४ मिटर, चौडाई ९.० मिटर, उचाई १२.० मिटर |
| **टर्वाइनः** | संख्या ३, प्रति टर्वाइन आउटपुट ३२०० KW |
| **जेनेरेटरः** | ४००० KVA Per Unit (Three unit) |
| **ट्रान्सफर्मरः** | १२००० KVA, ११/३३ KV (One unit) |
| **ट्रान्समिसन लाईनः** | ३३ KV, १२ कि.मि. लम्बाई |
| **आयोजनाको हालको अनुमानित लागतः** | रू १,९०,४९,५७,५३७/- |

**आयोजनाको व्यापारीक उत्पादन शुरू भएको वर्षलाई आधार वर्ष मान्दा कम्पनीको वित्तिय परिसुचकः**

| | |
|---|---|
| आयोजनाको कूल लागत निर्माण अवधिको ब्याज समेत | रू १,९०,४९,५७,५३७/- |
| आयोजनाको प्रति मेगावाट लागत रकम निर्माण अवधिको ब्याज समेत | रू. १९,८४,३३,०७७/- |
| आयोजनाको साधारण लगानी फिर्ता हुने अवधि (Pay Back Period) | ९.०४ बर्ष |
| आयोजनाको डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि (Discounted Pay Back Period) | १९.४० बर्ष |
| Net Present Value (NPV) | रू.२५,९१,६४,९९४.९८ |
| Internal Rate of Return (IRR) | ११ प्रतिशत |

| वर्ष | नाफा | आयोजना खर्च | ब्याज | ह्रास | नगद नाफा | संचयी नगद प्रवाह | डिस्काउन्ट फ्याक्टर | डिस्काउन्टेड नगद प्रवाह | डिस्काउन्टेड सचयी नगद प्रवाह |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | ९.२७% | | |
| - | | (१,७३९,३००,०००.००) | | | (१,७३९,३००,०००.००) | (१,७३९,३००,०००.००) | १.०० | (१,७३९,३००,०००.००) | (१,७३९,३००,०००.००) |
| १ | १६,३११,२८८.०० | (४४,१२७,७३४.००) | - | ५,०८८,२८९.०० | (२२,७२८,१५७.००) | (१,७६२,०२८,१५७.००) | ०.९२ | (२०,७९९,९९७.२५) | (१,७६०,०९९,९९७.२५) |
| २ | ५१,४४५,८३१.०० | (५५,७१९,६२७.२६) | १०८,६२४,६५७.०० | ५२,६२४,२४८.०० | १५६,९७५,१०८.७४ | (१,६०५,०५३,०४८.२६) | ०.८४ | १३१,४७०,६७९.१५ | (१,६२८,६२९,३१८.१०) |
| ३ | ६४,५९७,३४१.०० | (६५,८१०,१७६.२२) | १०९,०३३,०७९.०० | ५९,१९४,६३८.०० | १६७,०१४,८८१.७८ | (१,४३८,०३८,१६६.४८) | ०.७७ | १२८,०१२,४८८.८३ | (१,५००,६१६,८२९.२७) |
| ४ | ८०,८८७,८११.६१ | | ७१,१५६,३६०.०० | ५८,४९२,४३६.०० | २१०,५३६,६०७.६१ | (१,२२७,५०१,५५८.८७) | ०.७० | १४७,६८०,७३६.१५ | (१,३५२,९३६,०९३.१२) |
| ५ | ११६,०७०,१९५.५३ | | ५४,२८३,२९७.०० | ६०,१२०,६३२.५४ | २३०,४७४,१२५.०७ | (९९७,०२७,४३३.८०) | ०.६४ | १४७,९५०,८४८.२९ | (१,२०४,९८५,२४४.८३) |
| ६ | १२५,७४४,३७२.९८ | | ५०,४१७,४३५.०० | ५९,६७१,४४५.५४ | २३५,८३३,२५३.५२ | (७६१,१९४,१८०.२८) | ०.५९ | १३८,५४७,७२०.२५ | (१,०६६,४३७,५२४.५७) |
| ७ | १३५,१२३,८०४.६९ | | ४६,१९४,१३५.०० | ५९,३१४,४२४.५४ | २४०,६३२,३६४.२३ | (५२०,५६१,८१६.०५) | ०.५४ | १२९,३७४,१२८.२७ | (९३७,०६३,३९६.३०) |
| ८ | १४४,७५६,०४३.४९ | | ४१,५८०,३५०.०० | ५९,०३०,४९१.५४ | २४५,३६६,८८५.०३ | (२७५,१९४,९३१.०३) | ०.४९ | १२०,७२८,११०.८६ | (८१६,३३५,२८५.४५) |
| ९ | १६९,७४३,९१३.६६ | | ३४,२३९,३४९.०० | ५८,८०४,५६२.५४ | २६२,७८७,८२५.२० | (१२,४०७,१०५.८३) | ०.४५ | ११८,३३०,५१४.५७ | (६९८,००४,७७०.८८) |
| १० | १८८,२१८,४८३.९५ | | ३०,०९७,५६२.०० | ५८,६२४,६८३.५४ | २७६,९४०,७२९.४९ | २६४,५३३,६२३.६७ | ०.४१ | ११४,१२४,१०९.३१ | (५८३,८८०,६६१.५७) |
| ११ | १७३,०७४,६४०.०० | | २५,५९३,६६४.०० | ५८,४८१,३९४.५४ | २५७,१४९,६९८.५४ | ५२१,६८३,३२२.२० | ०.३८ | ९६,९७८,५४०.९२ | (४८६,९०२,१२०.६५) |
| १२ | १७७,०६७,५३३.८४ | | २०,६९५,९९७.०० | ५८,३६७,१९२.५४ | २५६,१३०,७२३.३८ | ७७७,८१४,०४५.५८ | ०.३५ | ८८,३९९,६१२.०६ | (३९८,५०२,५०८.५९) |
| १३ | १८१,४१०,५६८.८८ | | १५,३७०,१३५.०० | ५८,२७६,१२५.५४ | २५५,०५६,८२९.४२ | १,०३२,८७०,८७५.०१ | ०.३२ | ८०,५६०,९७१.८६ | (३१७,९४१,५३६.७३) |
| १४ | १८६,१४०,५५०.४६ | | ९,५७८,६४१.०० | ५८,२०३,४७४.५४ | २५३,९२२,६६६.०० | १,२८६,७९३,५४१.०१ | ०.२९ | ७३,३९८,६८२.७९ | (२४४,५४२,८५३.९५) |
| १५ | १६०,१३४,६३९.९९ | | ३,२८०,८०५.०० | ५८,१४५,४८०.५४ | २२१,५६०,९२५.५३ | १,५०८,३५४,४६६.५४ | ०.२६ | ५८,६१०,९८५.६० | (१८५,९३१,८६८.३५) |
| १६ | १४४,५६८,३२२.७४ | | | ५८,०९९,१६७.५४ | २०२,६६७,४९०.२८ | १,७११,०२१,९५६.८२ | ०.२४ | ४९,०६४,६८३.३४ | (१३६,८६७,१८५.०१) |
| १७ | १४४,२३५,१५९.२८ | | | ५८,०६२,१६४.५४ | २०२,२९७,३२३.८२ | १,९१३,३१९,२८०.६४ | ०.२२ | ४४,८२०,२३२.५२ | (९२,०४६,९५२.४९) |
| १८ | १४३,८९२,६०८.३५ | | | ५७,९९०,००५.५४ | २०१,८८२,६१३.८९ | २,११५,२०१,८९४.५४ | ०.२० | ४०,९३३,७८८.७४ | (५१,११३,१६३.७५) |
| १९ | १४३,५४१,८०१.१७ | | | ५८,००८,९३१.५४ | २०१,५५०,७३२.७१ | २,३१६,७५२,६२७.२५ | ०.१९ | ३७,३९९,५५७.४२ | (१३,७१३,६०६.३४) |
| २० | १४३,१८३,६२७.९६ | | | ५७,९९०,००५.५४ | २०१,१७३,६३३.५० | २,५१७,९२६,२६०.७५ | ०.१७ | ३४,१६२,७००.८९ | २०,४४९,०९४.५५ |
| २१ | १४२,८१८,७९३.४७ | | | ५७,९६२,७२२.५४ | २००,७८१,५१६.०१ | २,७१८,७०७,७७६.७५ | ०.१६ | ३१,२०३,५४४.१३ | ५१,६५२,६३८.६८ |
| २२ | १४२,४४७,८४७.८४ | | | ५७,९५२,९९९.५४ | २००,४००,८४७.३८ | २,९१९,१०८,६२४.१३ | ०.१४ | २८,५०२,२२७.७४ | ८०,१५४,८६६.४२ |
| २३ | १४२,०७१,२२७.०७ | | | ५७,९४५,२०६.५४ | २००,०१६,४३३.६१ | ३,११९,१२५,०५७.७५ | ०.१३ | २६,०३४,१८५.१२ | १०६,१८९,०५१.५४ |
| २४ | १४१,६८९,२६४.१२ | | | ५७,९३८,९५७.५४ | १९९,६२८,२२१.६६ | ३,३१८,७५३,२७९.४१ | ०.१२ | २३,७७९,३१३.०४ | १२९,९६८,३६४.५८ |
| २५ | १४१,३०२,२२२.९६ | | | ५७,९३३,९४१.५४ | १९९,२३६,१६४.५० | ३,५१७,९८९,४४३.९० | ०.११ | २१,७१९,२३८.५६ | १५१,६८७,६०३.१४ |
| २६ | १४०,९१०,३०४.९४ | | | ५७,९२९,९१७.५४ | १९८,८४०,२२२.४८ | ३,७१६,८२९,६६६.३८ | ०.१० | १९,८३७,१७०.२४ | १७१,५२४,७७३.३८ |
| २७ | १४०,५१३,६५६.७१ | | | ५७,९२६,६८४.५४ | १९८,४४०,३४१.२५ | ३,९१५,२७०,००७.६३ | ०.०९ | १८,११७,७५९.९९ | १८९,६४२,५३३.३७ |
| २८ | १४०,११२,३९७.१९ | | | ५७,९२६,६८४.५४ | १९८,०३९,०८१.७३ | ४,११३,३०९,०८९.३६ | ०.०८ | १६,५४७,१९९.३० | २०६,१८९,७३२.६७ |
| २९ | १३९,७०६,६०८.०३ | | | ५७,९२४,०८४.५४ | १९७,६३०,६९२.५७ | ४,३१०,९३९,७८१.९३ | ०.०८ | १५,११२,१७७.४१ | २२१,३०१,९१०.०८ |
| ३० | १३९,२९६,३४१.५४ | | | ५७,९२१,९९८.५४ | १९७,२१८,३४०.०८ | ४,५०८,१५८,१२२.०१ | ०.०७ | १३,८०१,२६८.५६ | २३५,१०३,१७८.६४ |
| ३१ | १३८,४६२,५२६.४२ | | | ५७,९१८,९६४.५४ | १९६,३८१,४९०.९६ | ४,७०४,५३९,६१२.९७ | ०.०६ | १२,५७६,८३३.६८ | २४७,६८०,०१२.३१ |
| ३२ | १३८,०३८,९९८.४० | | | ५७,९१७,८८४.५४ | १९५,९५६,८८२.९४ | ४,९००,४९६,४९५.९० | ०.०६ | ११,४८४,९८२.६७ | २५९,१६४,९९४.९८ |
| **आयाजोना लागत** | | | | | **१,९०४,९५७,५३७.४८** | | | | |
| **नेट प्रीजेन्ट भ्यालु** | | | | | **२५९,१६४,९९४.९८** | | | | |
| **साधारण लगानी फिर्ता अवधि** | | | | | **९.०४ वर्ष** | | | | |
| **डिस्काण्टेड लगानी फिर्ता अवधि** | | | | | **१९.४० वर्ष** | | | | |
| **इन्टनल रेट अफ रिटर्न** | | | | | **११%** | | | | |
| **प्रति मे.वा. लागत** | | | | | **१९८,४३३,०७७.००** | | | | |

**१०. कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच सम्पन्न विद्युत खरिद-बिक्री सम्झौताका मुख्य-मुख्य बुँदाहरु निम्न बमोजिम रहेका छन्ः**

- विद्युत खरिद-बिक्री सम्झौता दुवै पक्षले हस्ताक्षर गरेको मिति देखि लागू हुनेछ र आयोजनाबाट व्यापारिक उत्पादन शुरूहुने मिति (Commercial Operation Date) ले ३० (तीस) वर्ष वा विद्युत उत्पादन अनुमतिपत्र (Generation License) को अवधीमध्ये जुन घटी छ सो समयसम्म कायम रहनेछ ।
- कम्पनीले आफ्नो आयोजनाबाट उत्पादित विद्युतबिक्री गर्ने प्रयोजनका लागि नेपाल विद्युत प्राधिकरणसँग विद्युत खरिद बिक्री सम्झौता (PPA) गर्दा Take or Pay प्रावधानमा आधारित भई गरिएको छ ।

- कन्ट्रयाक्ट इनर्जी ९.६ मे.वा. को हकमा वर्षा याममा प्रति कि.वा. घण्टा रू ४.८० (चार रूपैया असी पैसा मात्र) र सुख्खा याममा प्रति कि.वा. घण्टा रू. ८.४० (आठ रूपैयाँ चालीस पैसा मात्र) विद्युत खरीद दरले हुन आउने रकम कम्पनी वा विद्युत खरिद बिक्री सम्झौताको दफा ३४ अनुसारको अगुवा बैंक वा वित्तीय संस्थालाई नेपाल विद्युत प्राधिकरणले बुझाउने छ । साथै व्यापारिक उत्पादन शुरू भएको मिति (Commercial Operation Date) बाट एक वर्ष पुगेको महिनाको लगत्तै पछिको महिनादेखि लागु हुने गरि प्रत्येक वर्षको लागि ३ (तीन) प्रतिशतका दरले ८ (आठ) पटकसम्म मूल्यवृद्धि दिई निम्न तालिका अनुसार विद्युत उर्जा खरीद दर कायम गरिएको छ ।

| अवधि-व्यापारिक उत्पादन शुरू हुने मिति (COD) कायम भएको महिना लगत्तै पछिको महिनालाई पहिलो महिना मानी अवधि गणना हुनेगरि) | सुख्खा याम (पौष देखि चैत्र सम्म (रू. प्रति युनिट) | वर्षा याम (बैशाख देखि मंसीर सम्म (रू. प्रति युनिट) |
|---|---|---|
| पहिलो महिना देखि १२ औं महिना सम्म | ८।४० | ४।८० |
| १३ औं महिना देखि २४ औं महिना सम्म | ८।६५ | ४।९४ |
| २५ औं महिना देखि ३६ औं महिना सम्म | ८।९० | ५।०९ |
| ३७ औं महिना देखि ४८ औं महिना सम्म | ९।१६ | ५।२३ |
| ४९ औं महिना देखि ६० औं महिना सम्म | ९।४१ | ५।३८ |
| ६१ औं महिना देखि ७२ औं महिना सम्म | ९।६६ | ५।५२ |
| ७३ औं महिना देखि ८४ औं महिना सम्म | ९।९१ | ५।६६ |
| ८५ औं महिना देखि ९६ औं महिना सम्म | १०।१६ | ५।८१ |
| ९७ औं महिना देखि सम्झौता अवधि सम्म | १०।४२ | ५।९५ |

तर आयोजनाको व्यापारिक उत्पादन शुरू हुन पर्ने मिति Required Commercial Operation Date (RCOD) को तुलनामा व्यापारिक उत्पादन शुरू भएको मिति Commercial Operation Date (COD) ढिलो हुन गएमा निम्नानुसार वार्षिक मूल्य बृद्धि दिईनेछ :

(क) RCOD को तुलनामा COD ६ महिनाभन्दा बढी १८ महिनासम्म ढिलो हुन गएमा जम्मा ७ वटा मात्र मूल्यबृद्धि दिईनेछ ।

(ख) RCOD को तुलनामा COD १८ महिनाभन्दा बढी ३० महिनासम्म ढिलो हुन गएमा जम्मा ६ वटा मात्र मूल्यबृद्धि दिईनेछ ।

(ग) RCOD को तुलनामा COD ३० महिनाभन्दा बढी ४२ महिनासम्म ढिलो हुन गएमा जम्मा ५ वटा मात्र मूल्यबृद्धि दिईनेछ ।

(घ) RCOD को तुलनामा COD ४२ महिनाभन्दा बढी ५४ महिनासम्म ढिलो हुन गएमा जम्मा ४ वटा मात्र मूल्यबृद्धि दिईनेछ ।

(ङ) RCOD को तुलनामा COD ५४ महिनाभन्दा बढी ढिलो हुन गएमा जम्मा ३ वटा मात्र मूल्यबृद्धि दिईनेछ ।

**आयोजनाहरूबाट बर्षा याम तथा सुख्खा याम गरि वार्षिक उत्पादन हुने विद्युत सम्बन्धी विवरणः**

| | |
|---|---|
| सुख्खा याम (पौष देखि चैत्रसम्मको) कूल इनर्जी (kWh) | ८७,४९,३५१ |
| वर्षा याम (वैशाख देखि मंसीरसम्मको) कूल इनर्जी (kWh) | ४,७७,१८,५२३ |
| जम्मा वार्षिक (kWh) | ५,६४,६७,८७४ |

- **विद्युत खरिद बिक्री सम्झौतामा उल्लेखित हर्जाना सम्बन्धी व्यवस्था तथा अन्य मूख्य बुँदाः**

  कम्पनीले विद्युत केन्द्रबाट उत्पादन हुने विद्युत शक्ति निर्धारित डेलिभरी प्वाइण्टसम्म पुर्‍याउनको लागि प्राधिकरणलाई मान्य हुने खालको निर्माण, व्यवस्था एवं परिक्षणको कार्य सम्पन्न गरि व्यापारिक उत्पादन शुरू गर्नु पर्ने मिति (Required Commercial Operation Date) सम्ममा व्यापारिक उत्पादन शुरू हुने मिति (Commercial Operation Date) पर्ने गरी आयोजनाको निर्माण तथा परिक्षणको कार्य सम्पन्न गर्नु पर्नेछ । कावु बाहिरको परिस्थितिमा बाहेक कम्पनीबाट हुनुपर्ने उपरोक्त कार्यहरू समयमै सम्पन्न हुन नसकि व्यापारिक उत्पादन शुरू गर्नुपर्ने मिति (Required Commercial Operation Date) सम्ममा व्यापारिक उत्पादन शुरू हुने मिति (Commercial Operation Date) नपरेमा कम्पनीले प्राधिकरणलाई हर्जाना तिर्नु पर्नेछ ।

  साथै प्राधिकरणले पनि कम्पनीबाट आपुर्ति हुने विद्युत शक्ति लिनको लागि प्राधिकरणबाट हुनु पर्ने कार्यहरू समयभित्र पुरा गरी सक्नु पर्नेछ । समयमै आयोजनाको निर्माण एवं अन्य आवश्यक कार्य सम्पन्न गरी आयोजनाबाट व्यापारिक उत्पादन शुरू हुने भनी कम्पनीले सूचना दिइसके पछि काबु बाहिरको परिस्थितिमा बाहेक प्राधिकरणको कारणले आयोजनाबाट व्यापारिक उत्पादन शुरू गर्नु पर्ने मिति (Required Commercial Operation Date) सम्म व्यापारिक उत्पादन शुरू हुन नसकेमा प्राधिकरणले कम्पनीलाई हर्जाना तिर्नुपर्नेछ ।

  कम्पनीले प्राधिकरणलाई वा प्राधिकरणले कम्पनीलाई तिर्नु पर्ने हर्जाना निम्न सूत्र अनुसार हिसाब गरिनेछः हर्जाना रकम रू. ०.०५**X** कन्ट्रयाक्ट इनर्जीको आधारमा गणना गर्दा हुन आउने व्यापारिक उत्पादन शुरू गर्नु पर्ने मिति र व्यापारिक उत्पादन शुरू हुने मिति बीचको दिन अन्तरको अवधिको उर्जा **X** व्यापारिक उत्पादन शुरू हुने मिति (COD) मा लागू हुने खरीद दर प्राधिकरणले लिनु पर्ने यस्तो हर्जाना रकम विद्युत खरीद बापत प्राधिकरणले कम्पनीलाई भुक्तानी गर्नु पर्ने रकमबाट कट्टा गरी लिन सकिने तर प्राधिकरणले कम्पनीलाई महिना महिनाको विद्युत खरीद बापत भुक्तानी गर्नुपर्ने रकमको पचास प्रतिशतभन्दा बढि नहुने गरी किस्ताबन्दिमा पहिलो बिल देखि यस्तो हर्जाना पुरा असुल नभएसम्म कट्टा गर्दै जानेछ । प्राधिकरणले हर्जाना तिर्नु पर्ने अवस्थामा पनि यथोचित किस्ताबन्दिमा भुक्तानी गरिने छ ।

**विद्युत नदिएमा वा नलिएमा क्षतिपूर्ति तिर्नु पर्नेः**

प्राधिकरणले प्रत्येक महिना आयोजनाबाट कन्ट्रयाक्ट इनर्जीको परिमाणसम्मको Availability Declaration अनुसारको इनर्जी खरीद गरी लिनेछ । यस अनुसार प्राधिकरणले लिनु पर्ने उर्जा Forced Outage को कारणले लिन नसकेमा वा Dispatch Instruction को कारणले नलिएमा अनुसूचि ३ को प्रावधान अनुसार प्राधिकरणले कम्पनीलाई क्षतिपूर्ति तिर्नु पर्नेछ ।

कन्ट्रयाक्ट इनर्जी वा Availability Declaration को आधारमा गणना हुने मासिक उर्जा मध्ये जुन घटी छ सो को ८० (असी) प्रतिशत भन्दा कम नहुने गरी प्रत्येक महिना कम्पनीले आयोजनाबाट विद्युत उत्पादन गरी प्राधिकरणलाई विद्युत आपूर्ति गर्नु पर्नेछ । प्राधिकरणको कारण वा Schedule Outage वा आकस्मिक मर्मत संभार वा काबु बाहिरको परिस्थितिको कारण बाहेक अन्य कारणले यसरी तोकिएको परिमाण सम्मको विद्युत कम्पनीले आपूर्ति गर्न नसकेमा वा नगरेमा निम्न सूत्र अनुसार कम्पनीले प्राधिकरणलाई क्षतिपूर्ति स्वरूप रकम भुक्तानी गर्नु पर्नेछ ।

क्षतिपूर्ति रकम रू. [०.८**X** सो महिना कम्पनीबाट प्राधिकरणलाई आपूर्ति हुनु पर्ने बढीमा कन्ट्रयाक्ट इनर्जी सम्मको Availability Declaration अनुसारको विद्युत उर्जा सोही महिनामा कम्पनीले उपलब्ध गराएको उर्जा–सोही अवधीमा प्राधिकरणको कारणले वा Scheduled Outage वा आकस्मिक मर्मत सभार वा काबु बाहिरको परिस्थितिको कारणले आयोजनाबाट उपलब्ध हुन नसकेको उर्जो **X** सो महिनाको प्रतिकिलोवाट घण्टा विद्युत उर्जा खरीद दर, यसरी हिसाब गर्दा क्षतिपूर्ति रकम ऋणात्मक भएमा क्षतिपूर्ति रकमलाई शुन्य मानिने छ ।

**विद्युत खरीद बिक्रि सम्झौताको दोश्रो सम्शोधन**

मिति २०७८।०५।२७ मा भएको कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच सम्पन्न विद्युत खरिद-बिक्री सम्झौताको दोश्रो सम्सोधन बमोजिम “मुल सम्झौताको दफा १०, “विद्युत नदिएमा वा नलिएमा क्षतिपुर्ति तिर्नुपर्ने” को शिर्षक हटाई सो सट्टा “विद्युत नलिएमा क्षतिपुर्ति तिर्नुपर्ने” कायम गरिएको छ । साथै “कम्पनीले प्राधिकरणलाई क्षतिपुर्ति तिर्न पर्ने” मुल सम्झौताको उपदफा १०.२ हटाइ सो को सट्टा निम्नानुसारको उपदफा १०.२ कायम गरिएको छ ।

१०.२) कन्ट्रयाक्ट इनर्जी वा Availability Declration को आधारमा प्रत्येक महिना कम्पनीले आयोजनाबाट विद्युत उत्पादन गरी प्राधिकरणलाई विद्युत आपुर्ति गर्नु पर्नेछ । तर मुल सम्झौताको अन्य कुनै दफा /उपदफामा जे सुकै लेखिएको भएता पनि आयोजनाबाट आपुर्ति भएको मासिक उर्जा (Delivered Energy) कम्पनीद्वारा पुर्वानुमान गरिएको उर्जा भन्दा कम भएमा सो वापत कम्पनीले प्राधिकरणलाई कुनै क्षतिपुर्ति तिर्नु पर्ने छैन ।

आयोजनाबाट आपुर्ति भएको मासिक उर्जा Availability Declration भन्दा बढी तर Contract Energy भन्दा कम भएको अवस्थामा सो फरक परिमाणलाई सम्झौता बमोजिम विद्युत खरीद दरको ५०% (पचास प्रतिशत) दरमा प्राधिकरणले कम्पनीलाई भुक्तानी गर्नेछ । तर आयोजनाबाट आपुर्ति भएको उर्जा Contract Energy भन्दा बढी भएको अवस्थामा कम्पनीलाई भुक्तानी दिने सम्बन्धमा मुल सम्झौतामा उल्लेखित अतिरिक्त उर्जा सम्बन्धी प्रावधान नै हुनेछ "

**कम्पनीको प्रबन्धपत्रको दफा ४ तथा नियमावलीको नियम मा उल्लेख गरिए बमोजिम यस कम्पनीको मुख्य उद्देश्यहरू देहाय बमोजिम रहेको छः-**

(क) नेपाल राज्यभर बहने खोला नदिनालाबाट प्राविधिक सम्भावव्यता अध्ययनको आधारमा साना मझौला र ठूला आयोजना तथा परियोजना सम्भाब्यता अध्ययन गराई विद्युत उत्पादन गर्ने र उक्त कार्यको लागि नेपाल सरकार वा सम्बन्धित निकायसँग समन्वय अनुमति वा ईजाजत प्राप्त गरी नेपाल सरकारका विभिन्न निकाय वा गैह्र सरकारी संस्था र स्वदेशी तथा विदेशी कम्पनी र व्यक्तीसँग सम्झौता गरी कार्य गर्ने ।

(ख) सरकारी अर्धसरकारी एवं निजि क्षेत्रलाई आवश्यकपर्ने इन्जिनियरिङ्ग तथा वातावरण सम्बन्धि योजना तर्जुमा, कार्यन्वयन तथा सुपरिवेक्षण नाप नक्साको ड्रइङ्ग डिजाइन तथा पूर्वाधार योजना सो सँग सम्बन्धित भौगोलिक सूचना प्रणालिको विकास आदिसँग सम्बन्धित विषयहरूमा राय सल्लाह परामर्श सेवाहरू उपलब्ध गराउने ।

(ग) सामान उद्देश्यहरू भएका कम्पनीहरूसँग मिलि कार्य गर्ने ।

(घ) नेपाल राज्यभर बहने खोला नालाबाट प्राविधिक सम्भावव्यता अध्ययनको आधारमा साना मझौला र ठूला आयोजना गराई विधुत उत्पादन तथा वितरण गर्ने ।

**(च) संगठित संस्थाको कुनै सहायक कम्पनी भएमा सो सहायक कम्पनीको नाम, ईतिहास र त्यसका मुख्य उद्देश्यहरूका साथै त्यसमा भएको लगानीको अंश (प्रतिशतमा)**-नभएको

**(छ) देहायको कुराहरू समेत उल्लेख गर्नुपर्ने (लागु हुने हदसम्म)**

**(१) संगठित संस्थाले उत्पादन गर्ने वस्तु वा प्रदान गर्ने सेवाहरूः** जलविद्युत आयोजनाको निर्माण, संचालन र व्यवस्थापन गर्ने ।

**(२) प्रयोग भएको वा गरिने प्रविधिः** ईलाम जिल्लामा रहेको माई खोलाको पानी उपयोग गरी जलविद्युत उर्जा उत्पादन गर्न हेडवर्क्समा डाइभर्सन बाँध, डिस्यान्डिङ बेसिन, पेनस्टक पाइप, विद्युतगृह आदी संरचना रहेका छन । यो परियोजना Run of River मा आधारित जलविद्युत आयोजना हो । आयोजनाबाट ९.६ मे.वा. विद्युत उत्पादन गर्न यस परियोजनामा Run of River प्रकारको जलविद्युत उत्पादनका लागि आवश्यक भौतिक संरचना तथा मेशिनरीहरूको प्रयोग गरिएको छ ।

**(३) कुनै ब्रान्डनेम, प्रतिलिपि अधिकार, ट्रेडमार्क, इजाजतपत्र, प्राविधिक सहयोग सम्झौता र वित्तीय संस्थासँग सम्बन्धित बौद्धिक सम्पत्ति हक अधिकारः** सो नभएको ।

**(४) संगठित संस्थाले ओगटेको बजार क्षेत्रः** आयोजनाबाट उत्पादित विद्युत राष्ट्रिय विद्युत प्रणाली मार्फत नेपाल विद्युत प्राधिकरणलाई बिक्री गर्न सम्झौता गरिएको र भविष्यमा अन्य आयोजना निर्माण गरेको अवस्था तथा नेपाल विद्युत प्राधिकरण वा अन्य विधिवत रूपमा स्थापित हुने कुनै पनि सक्षम निकायहरू मार्फत नेपालबाट विद्युत निर्यात हुने अवस्थामा राष्ट्रिय विद्युत प्रसारण लाईन मार्फत अन्य मुलुकमा समेत बजार बिस्तार गर्न सकिनेछ ।

**(५) नयाँ उत्पादन तथा सेवा सम्बन्धी योजनाः** कम्पनीले एकल रूपमा तथा आफ्नो उदेश्यसंग मेल खाने देश भित्र तथा बाहिरका विभिन्न कम्पनीहरु सँगको संयुक्त लगानीमा आफ्नो उद्देश्य प्राप्तिका लागि व्यवसायिक रूपमा सम्भाव्य देखिएका नयाँ जलविद्युत आयोजनाहरूको अध्ययन तथा निर्माण गरी नेपालको जलविद्युत क्षेत्रमा एक अग्रणी कम्पनीको रूपमा स्थापित हुने लक्ष्य लिएको छ ।

**(६) उत्पादन तथा सेवाको प्रमुख बजार र त्यसको माग र बिक्री वितरणको तरिकाः** कम्पनीले उत्पादन गर्ने विद्युत नेपाल विद्युत प्राधिकरणसँग विद्युत खरिद बिक्री सम्झौता गरी राष्ट्रिय प्रसारण लाइन मार्फत बिक्री वितरण गर्ने व्यवस्था मिलाईएको छ भने कम्पनीको प्रमुख बजार हाललाई नेपाल भर रहेको छ ।

**(७) उत्पादन/सञ्चालन क्षमता र सोको उपभोग स्थितिः** सुपर माई ए जलविद्युत आयोजनाको उत्पादन क्षमता ९.६ मेगावाट रहेको छ र उत्पादन हुने सबै विद्युत नेपाल विद्युत प्राधिकरणलाई राष्ट्रिय विद्युत प्रसारण लाइन मार्फत बिक्री वितरण गरिएको छ ।

**(८) कच्चा पदार्थको श्रोत, किसिम र उपलब्धताः** यस जलविद्युत आयोजनाको लागि ईलाम जिल्लाको माई खोलाको प्राकृतिक बहावमा आधारित पानी प्रयोग गरिएको छ ।

**(९) गुण नियन्त्रणको लागि गरिएको व्यवस्थाः** गुण नियन्त्रणको लागि देहायबमोजिमको व्यवस्था गरिएको छः

क) आयोजनाको डिजाईन तथा सुपरिवेक्षण कार्यहरू जलविद्युत क्षेत्रमा उच्चतम विशेषज्ञता हासिल गरि २५ वर्ष भन्दा बढी कार्यगत प्राविधिक ज्ञान र अनुभव भएको विशेषज्ञहरूद्वारा गरिएको ।

ख) सिभिल निर्माण सम्बन्धी कार्यको गुण नियन्त्रणको लागि निर्माण क्षेत्रमा विशेषज्ञता र अनुभव भएको निर्माण कम्पनी मार्फत गरिएको ।

ग) सिभिल निर्माण कार्यको गुणस्तर नियन्त्रणको लागि निर्माण सामाग्री सम्बन्धी तथा निर्माण कार्यको गुणस्तर नियन्त्रणको लागि आयोजना स्थलमा प्रयोगशाला स्थापना गरि नियमित चेकजाँच गर्ने गरिनुका साथै आवश्यकता अनुसार काठमाडौंको विभिन्न प्रयोगशालामा Engineer/Specialist द्वारा चेकजाँच गरिएको ।

घ) Hydromechanical कार्यका लागि अत्याधुनिक प्रविधिबाट बनेको स्पाइरल पाइप आयात गरी जडान तथा निर्माण गरिएको ।

ङ) Electromechanical कार्य अन्तर्गत ख्यातिप्राप्त कम्पनीहरूबाट खरिद तथा आयात गरी जडान गरिएको र उक्त Electromechanical equipments को नियमित रूपमा चेकजाँच गर्ने व्यवस्था मिलाइएको ।

च) सिभिल, Hydromechanical tyf Electromechanical लगायतका कार्यहरू अन्तर्गत Quality Inspection को लागि गरिएको सम्झौताको प्रावधानहरूमा नै स्पष्ट रूपमा Third Party Inspection/Consultant नियुक्त गरी सोही अनुरूप अनुगमन तथा आवश्यक रूपमा गुणस्तर समेत Inspection गराइएको ।

**(१०) अनुसन्धान तथा विकास :** नयाँ आयोजनाहरूको अध्ययन, विश्लेषण एवं विकास कार्यको लागि कम्पनीले उपयुक्त जलस्रोतको खोजी गरिरहेको छ ।

**(११) विगत १२ महिनाको अवधिमा संस्थाको संचालनमा असर पर्ने गरी भएको वाधा, व्यवधान :**
आयोजनाबाट मिति २०७७ साल जेष्ठ ३२ गतेबाट ब्यापारिक उत्पादन शुरू भयो । २०७८ साल कार्तिक २ गते परेको अविरल वर्षाको कारणले आएको बाढी तथा पहिरोले ट्रान्समिसन लाईन, इलेक्ट्रोमेकानिकल उपकरणहरू, हाइड्रोमेकानिकल उपकरणहरू तथा ट्रन्समिसनमा क्षति भएको र उक्त क्षतिको रकम रू.४,०१,६३,७०२।७५ श्री नेको ईन्स्योरेस्स लिमिटेसँग सम्पत्ति बिमा गरेकोले उक्त क्षतिको दाबीको लागि मिति २० अक्टोबर २०२१ मा आवश्यक कागजातका साथ पेश गरेको र सो दावी भुक्तानीको प्रकृयामा रहेको । आयोजनाको व्यापारिक उत्पादन शुरू भैसकेकोले आयोजनाको कुल लागतमा परिवर्तन नभई सो क्षति रकमलाई खर्चमा समावेश गरिने तथा र सोको मर्मत कार्य २०७८ साल कार्तिक १७ गते सम्पन्न गरी तत्पश्चात हालसम्म आयोजना संचालनमा रहेको ।

**(१२) मजदुर संगठनसँगको सम्बन्ध र विगतमा कुनै औद्योगिक विवाद भएको भए, सो सम्बन्धी विवरणः** सो नभएको ।

**(१३) बजार, प्रतिस्पर्धा र अन्य समान उद्योगहरू बीच संगठित संस्थाको स्थितिः** नेपाल विश्वको जल सम्पदामा दोश्रो ठुलो देश भई करीब ८४,००० मेगावाट विद्युत उत्पादन गर्ने क्षमता रहेकोमा हालसम्म करीब १३६ बटा परियोजना मार्फत २०८८.४९५ मेगावाट उत्पादन भैसकेको र सुपरमाइ ए खोला साना जलविद्युत आयोजनाको कुल विद्युत उत्पादन क्षमता ९.६ मेगावाट रहेको हुँदा यस आयोजनाले बजारको सानो अंशलाई मात्र परिपूर्ति गर्दछ । साथै संसार भर नै नविकरणीय उर्जाको ठूलो परिमाणमा माग भैरहेको हुँदा वर्तमानअवस्थामा विद्युत उत्पादन गर्न सकेमा उक्त विद्युत बिक्री गर्न बजारको कुनै समस्या नहुने र नेपाल तथा क्षेत्रीय बजारमा समेत बढदै गएको

उर्जाको मागको कारणलेनियमित रूपमा बजार बिस्तार समेत भईरहेको छ । जलविद्युत आयोजनाको लागि कच्चा पदार्थको खोजी तथा जगेडा गर्नु नपर्ने र उत्पादित विद्युत शक्ति नेपाल विद्युत प्राधिकरणसँग सम्झौता बमोजिम बिक्री गर्न सकिने हुँदा नेपाली लगानीकर्ताको लागी लाभदायक र उपयुक्त क्षेत्र रहेको छ ।

(१४) **प्रमुख ग्राहकहरूको विवरण (जस्तै(संस्थाको कूल वार्षिक कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख ग्राहकसँग निर्भर छ भने तत्सम्बन्धी विवरणः** कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच विद्युत खरिद बिक्री सम्झौता भएकोले एकमात्र ग्राहकको रूपमा नेपाल विद्युत प्राधिकरण रहेको छ ।

(१५) **प्रमुख सप्लायर्सहरूको विवरण (जस्तै-संस्थाको कूल कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने सप्लायर्स वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख सप्लायर्ससँग निर्भर छ भने तत्सम्बन्धी विवरण):** त्यस्तो कुनै सप्लायर नभएको ।

**ग.३. ख. सम्पत्तिको विवरणः**

**(क) संगठित संस्थाको स्थिर तथा अमूर्त सम्पत्ति रहेको स्थान र उपकरण तथा सम्पत्तिको अवस्थाः**

संगठित संस्थाको हालको स्थिर तथा अमुर्त सम्पत्तिको अवस्था तल उल्लेख गरिए बमोजिम रहेको छ र सम्पूर्ण सम्पत्ति चालु अवस्थामा रहेको छ ।

**स्थिर सम्पत्ति रहेको स्थान तथा अवस्थाको विवरण**

| सि.नं. | सम्पतिको विवरण | खुद सम्पत्ति रकम रू. (आषाढ मसान्त, २०७९) | सम्पत्ति रहेको स्थान | सम्पत्तिको अवस्था |
|---|---|---|---|---|
| १ | आयोजना पहुँच मार्ग | ३,६२,७१,४७७ | आयोजनास्थल, इलाम न.पा. वडा नं.२ | चालु अवस्थामा रहेको । |
| २ | सिभिल वर्क्स पावरहाउस | ८४,६५,३३,३९९ | " | " |
| ३ | इलेक्ट्रोमेकानिकल वर्क्स | २७,५६,०४,४६३ | " | " |
| ४ | हाइड्रोमेकानिकल वर्क्स | ३७,०८,८५,३५६ | " | " |
| ५ | ट्रान्समिसन लाइन | ७,४७,३९,३५५ | " | " |
| ६ | अन्य भौतिक संरचना | १,६५,९७,६६९ | " | " |
| ७ | जग्गा तथा जग्गा विकास | ५,०९,५७,०९९ | " | " |

**अमुर्त सम्पत्ति रहेको स्थान तथा अवस्थाको विवरणः अमुर्त सम्पत्ती नरहेको**

**कम्पनीको आषाढ मसान्त, २०७९ सम्मको नेट र ग्रस मूल्य खुल्ने गरि स्थिर सम्पत्तिको रजिष्टर निम्न अनुसार रहेको छ ।**

| विवरण | २०७७-२०७८ को अन्तिम मौज्दात रू. | यस वर्षको थप | यस वर्ष पुर्नमुल्याकंन पुर्नलेखन | यस वर्षको बिक्रि | यस वर्षको अपलेखन | कुल रकम रू. | यस बर्ष सम्मको ह्रास कट्टी | २०७९ असार महिनाको बुक भ्यालु |
|---|---|---|---|---|---|---|---|---|
| जग्गा तथा जग्गा विकास | ५२,६५५,६६९ | - | - | - | - | ५२,६५५,६६९ | १,६९८,५७० | ५०,९५७,०९९ |
| हाइड्रोमेकानिकल उपकरण/संरचना | ३८३,२४८,२०१ | - | - | - | - | ३८३,२४८,२०१ | १२,३६२,८४५ | ३७०,८८५,३५६ |
| मुख्य बिद्युतिय उपकरण/संरचना | २८४,७९१,२७८ | - | - | - | - | २८४,७९१,२७८ | ९,१८६,८१५ | २७५,६०४,४६३ |
| ट्रान्समिशन लाइन | ७४,६०८,६८९ | २,६२१,९७८ | - | - | - | ७७,२३०,६६७ | २,४९१,३१२ | ७४,७३९,३५५ |
| सिभिल संरचनाहरू | ८३३,६९९,६८३ | ४१,०५१,४९६ | - | - | - | ८७४,७५१,१७९ | २८,२१७,७८० | ८४६,५३३,३९९ |
| पहुंच मार्ग (बिल्लाटे देखि साइटसम्म) | ३७,०२६,२६६ | ४५४,२६० | - | - | - | ३७,४८०,५२६ | १,२०९,०४९ | ३६,२७१,४७७ |
| अन्य भौतिक संरचना | १७,१५०,९२५ | | - | - | - | १७,१५०,९२५ | ५५३,२५६ | १६,५९७,६६९ |
| जेनेरेटर | | ७३३,००० | - | - | - | ७३३,००० | १०९,९५० | ६२३,०५० |
| अफिस फर्निचर तथा उपकरण | १,३४८,७८३ | ३०३,८६० | - | - | - | १,६५२,६४३ | ४०५,५७८ | १,२४७,०६५ |
| परिबहन साधन | ९६०,४१४ | १३,८३७,००० | - | - | - | १४,७९७,४१४ | २,९५९,४८३ | ११,८३७,९३१ |
| **कुल** | **१,६८५,४८९,९०८** | **५९,००१,५९४** | - | - | - | **१,७४४,४९१,५०२** | **५९,१९४,६३८** | **१,६८५,२९६,८६४** |

कम्पनीको आषाढ मसान्त, २०७९ सम्मको नेट मूल्य खुल्ने गरि अमूर्त सम्पत्तिः अमूर्त सम्पत्ती नरहेको ।

(ख) **बुँदा (क) मा उल्लेखित सम्पत्ति संगठित संस्थाको आफ्नै सम्पत्ति हो या लिजमा लिएको, लिजमा लिएको भए लिजको अवधि (मिति समेत उल्लेख गर्नुपर्ने):** आफ्नै सम्पत्ती भएको र लिजमा नलिएको । तथापी उत्पादन अनुमतिपत्रको अवधि पश्चात नेपाल सरकारलाई हस्तान्तरण गर्नु पर्ने व्यवस्था रहेको ।

(ग) **यदि सम्पत्ति संगठित संस्थाको स्वामित्वमा रहेको भएमा उक्त सम्पत्ति माथि कुनै लियन वा मोर्टगेज भए सो सम्बन्धी विवरण:** सम्बन्धित सम्पत्ति संगठित संस्थाको स्वामित्वमा रहेको र आयोजनाको ऋण लगानीकर्ता बैंक श्री एनएमबी बैंकका नाममा धितोबन्धक वा मोर्टगेज भएको ।

(घ) **विवरणपत्र बोर्डमा पेश गरिएको मितिमा संगठित संस्थाको सम्पत्तिको किताबी मूल्य र बजार मूल्यबीच फरक भएमा सो को विवरण:** कम्पनीको सम्पूर्ण सम्पत्ति वास्तविक खर्चको हिसाबमा कायम गरिएको छ ।

(ङ) **सम्पत्तिको मूल्याङ्कन गरिएको तरिका सम्बन्धी विवरण:**

पावर प्लान्ट संरचनाहरू बाहेकका सम्पत्तिहरूलाई परल मोलमा नियमानुसार गर्नुपर्ने ह्रास कट्टी गरी लेखामान अनुसार बाँकी रहेको वास्तविक सम्पत्तिलाई सम्पत्तिको रूपमा राखिएको छ र सोको पुनरमूल्याङ्कन गरिएको छैन । पावर प्लान्ट संरचनाहरूमा विद्युत ऐन, २०४९ को बमोजिम ३.०७ प्रतिशतले ह्रासकट्टी गरी लेखामान अनुसार बाँकी रहेको सम्पत्तिहरूलाई पावर प्लान्ट संरचनाको रूपमा राखिएको छ र सोको पुनरमूल्याङकन गरिएको छैन ।

**ग.३. ग. भावी योजना तथा रणनीति:**

**(क) व्यवसाय/सेवाको वृद्धिका लागि संस्थाको भावी योजना र त्यस्तो योजनाको प्राप्तीका लागि चालिने समयवद्ध रणनीति :**

(१) कम्पनीको मुख्य उद्देश्य नेपालको जलविद्युत विकासमा एक अग्रणी कम्पनीको रूपमा स्थापित गर्नु रहेको छ ।

(२) नयाँ जलविद्युत आयोजनाहरूको सम्भाव्यता अध्ययन गरी अन्य जलविद्युत आयोजनाहरू समेत निर्माण विकास गने भावी योजना रहेका ।

(३) कम्पनीले सरकारी निकायहरूसँग भएको सम्झौता बमोजिम देशमा रहेको जलश्रोतको अधिकतम उपयोग गरी विद्युत उत्पादन गर्ने र सो लाई नेपाल विद्युत प्राधिकरणलाई बिक्री गरी देशलाई विद्युतमा आत्मनिर्भर बनाई देशलाई सम्वृद्ध बनाउन सहयोग गर्ने ।

(४) कम्पनीको प्रबन्धपत्रको दफा ४ मा उल्लेख भएबमोजिमका उद्देश्यहरू प्राप्तिका लागि व्यावसायिक रूपमा सम्भाव्य देखिएको जलविद्युत आयोजनाहरूमा लगानी गर्ने ।

**(ख) प्रतिष्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थितिको आधारमा संगठित संस्थाको व्यावसायको भविष्य:** नेपाल विश्वको लज सम्पदामा दोश्रो ठुलो देश भई करीब ८४,००० मेगावाट विद्युत उत्पादन गर्ने क्षमता रहेकोमा हालसम्म करीब १३६ बटा परियोजना मार्फत २०८८.४९५ मेगावाट उत्पादन भैसकेको । नेपालमा जलविद्युत उत्पादनको र विकासको सम्भावना उच्च रहेको भएतापनि कुल राष्ट्रिय उर्जा खपतको केही अंश मात्र विद्युतबाट आपूर्ति भएको अवस्था देखिन्छ । देशमा माग बमोजिम जलविद्युत आपूर्तिको कमी रहेको हालको पृष्ठभूमिमा जलविद्युत आयोजना निर्माण गर्नु आफैंमा सह्राहनिय काम भएको र विद्युत उत्पादन हुनु अगावै विद्युत खरिद बिक्री सम्बन्धि सम्झौता समेत सम्पन्न हुनुले यस क्षेत्रमा अन्य समान किसिमका उद्योगसंग प्रतिस्पर्धा नरहने हुँदा यस कम्पनीले जलविद्युत क्षेत्रमा आफ्नो अलग पहिचान स्थापित गर्न सफल हुनेछ । जलविद्युत आयोजनाहरूको पर्याप्त विकास हुन सके नेपाल लगायत छिमेकी मुलुकहरूमा समेत निर्यात गर्न सकिने संरचनाहरू निर्माण विकास हुँदै गरेको अवस्था छ । त्यसैले हालको अवस्थामा यस व्यवसायमा प्रतिस्पर्धाको अवस्था सृजना हुनसक्ने सम्भावना ज्यादै न्यून रहेको छ । यसर्थ कम्पनीले आफ्नो व्यावसायको निरन्तरताका लागि अगाडि बढाएको जलविद्युत आयोजनाको निर्माण र अन्य आयोजनाहरूको पहिचान तथा विकास गर्दा अन्य वस्तुको उत्पादनमा जस्तो प्रतिस्पर्धा गर्नु पर्दैन ।

**ग.३. घ. संचालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था**

कम्पनीको नियमावलीको नियम २८ (२) मा भएको व्यवस्था अनुसार ७ जना संचालक सदस्य रहेको संचालक समिति रहने व्यवस्था छ । संचालक समितिमा संचालक सदस्यहरूको प्रतिनिधित्व देहाय बमोजिम रहेको छ ।

| | |
|---|---|
| संस्थापक शेयरधनीहरूबाट मनोनित वा निर्वाचित | ५ (पाँच) जना |
| सर्वसाधारण शेयरधनीहरूबाट मनोनित वा निर्वाचित | १ (एक) जना |
| स्वतन्त्र संचालक | १ (एक) जना |
| **जम्मा संचालक** | **७ (सात) जना** |

संचालक समितिको गठन कम्पनी ऐन २०६३ को दफा ८६ को उपदफा (२) र कम्पनीको नियमावलीको नियम २७ (२) मा भएको व्यवस्था अनुसार गरिएको छ । संचालकहरूको कार्यकाल बढिमा ४ (चार) वर्षको हुनेछ ।

यस कम्पनीको नियमावलीको नियम २८ मा व्यवस्था भए अनुसार

क) संस्थापक शेयरधनी समूहले आफ्नो नाममा कम्तीमा १०० कित्ता शेयर लिएको हुनुपर्छ ।

ख) सर्वसाधारण शेयरधनीहरूले आफ्नो नाममा कम्तीमा १०० कित्ता शेयर लिएको हुनुपर्छ ।

तर स्वतन्त्र संचालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने संचालकको हकमा यो व्यवस्था लागु हुने छैन ।

*नोटः कम्पनीको संस्थापक समुहतर्फको ५१ प्रतिशत र स्थानियबासी, कर्मचारी, सामुहीक लगानी कोष र सर्वसाधारणको लागि ४९ प्रतिशत शेयर संरचना रहेकोमा शेयर संरचनाको आधारमा संचालकहको प्रतिनिधित्व हुने गरी नियमावलीमा व्यवस्था गरिएकोले सोहि अनुसार आगामी साधारण सभा भन्दा अगावै संचालकको प्रतिनिधित्व गराइने छ ।*

## ग. ४. पूँजी संरचना सम्बन्धी जानकारी :

**(क) अधिकृत, जारी तथा चुक्ता पूँजी र संस्थाको स्थापना पश्चात सोमा परिवर्तन भएको भए तत्सम्बन्धी विवरणः**

**अधिकृत पूँजीः** यस कम्पनीको अधिकृत पूँजी रू.१,१२,००,००,०००/- (एक अर्ब बाह्र करोड) रहेको छ । उक्त पूँजीलाई रू. १००/- का दरले १,१२,००,००० (एक करोड बाह्र लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

**जारी पूँजीः** यस कम्पनीको तत्काल जारी पूँजी रू.१,१२,००,००,०००/- (एक अर्ब बाह्र करोड) रहेको छ । उक्त पूँजीलाई रू.१००/-का दरले १,१२,००,००० (एक करोड बाह्र लाख) थान शेयरमा विभाजन गरिएको छ ।

**चुक्ता पूँजीः** यस कम्पनीको संस्थापकहरूबाट तत्काल चुक्ता पूँजी रू. ५७,१२,००,०००/- (सन्ताउन्न करोड बाह्र लाख) रहेको छ जसलाई रू.१००/- का दरले ५७,१२,००० (सन्ताउन्न लाख बाह्र हजार मात्र) थान शेयरमा विभाजन गरिएको छ । यस विवरणपत्र मार्फत सर्वसाधारणका निमित्त छुट्टाइएको रू. ५४,८८,००,०००/- (चौवन्न करोड अठासी लाख) रकम बराबरको रू.१००/- अंकित दरको ५४,८८,००० कित्ता साधारण शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात् कम्पनीको चुक्ता पूँजी रू.१,१२,००,००,०००/- (एक अर्ब बाह्र करोड) हुनेछ ।

**अधिकृत, जारी तथा चुक्ता पूँजीमा भएको परिवर्तन सम्बन्धी विवरणः**

| विवरण | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
|---|---|---|---|---|---|
| अधिकृत पूँजी (रू.) | ५७,००,००,००० | ५७,००,००,००० | ५७,००,००,००० | ५७,००,००,००० | १,१२,००,००,००० |
| जारी पूँजी (रू.) | ४७,००,००,००० | ४७,००,००,००० | ४७,००,००,००० | ४७,००,००,००० | १,१२,००,००,००० |
| चुक्ता पूँजी (रू.) | १,४०,००,००० | १,०८,००,००० | ३६,००,००,००० | ३६,००,००,००० | ५७,१२,००,००० |

**(ख) निष्काशन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरूप):**

**साधारण शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात् हुने यस कम्पनीको चुक्ता पूँजीको संरचना देहाय बमोजिम रहेको छ:**

| समूह | शेयरधनीहरू | साधारण शेयर संख्या | पूँजी संरचना % | चुक्ता रकम | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| क | संस्थापक शेयरधनीहरू | ५७,१२,००० | ५१ | ५७,१२,००,००० | शत प्रतिशत भुक्तानी भएको |
| ख | स्थानीय बासिन्दाहरू | ११,२०,००० | १० | १,१२,००,००० | निष्काशन पश्चात शत प्रतिशत भुक्तानी हुने |
| ग | सर्वसाधारण शेयरधनीहरू (वैदेशिक रोजगारीमा रहेका नेपालीहरू, कर्मचारी तथा सामुहिक लगानी कोष सहित) | ४३,६८,००० | ३९ | ४३,६८,००,००० | निष्काशन पश्चात शत प्रतिशत भुक्तानी हुने |
| | **जम्मा** | **१,१२,००,०००** | **१००%** | **१,१२,००,००,०००** | |

नोटः मिति २०७९।०७।१७ गते देखि लागु हुने गरी स्वीकृत भएको धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ (छैंठौं संशोधन २०७९) को दफा ४ (ख) (१) मा व्यवस्था भए बमोजिम सर्वसाधारणमा सार्वजनिक निष्काशन गरिने शेयरको १० प्रतिशत वैदेशिक रोजगारीमा रहेका नेपालीहरूका लागि छुट्याईएको ।

**(ग) शेयर प्रिमियम खाता (निष्काशन पूर्व र निष्काशन पश्चात्):**

निष्काशित शेयर प्रिमियममा नभई अंकित मूल्यमा जारी गरिएको हुँदा शेयर प्रिमियम खाताको आवश्यकता नरहेको ।

## ग.५. संस्थापक/सञ्चालक सम्बन्धी जानकारी :

**क. संस्थापक/सञ्चालकको पृष्ठभूमिः**

**(क) आधारभूत शेयरधनीहरू तथा सञ्चालकहरूको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता, अनुभव र प्रस्तावित व्यापार/व्यवसायमा अनुभवः**

आधारभूत शेयरधनीहरुको विवरण:

| क्र.स. | शेयरवालाको नाम, थर तथा ठेगाना | पद | शेयर स्वामित्व | शेयर स्वामित्व प्रतिशतमा | उमेर | राष्ट्रियता | शैक्षिक योग्यता लागु नहुने | अनुभव (पूर्व र हाल) |
|---|---|---|---|---|---|---|---|---|
| १ | **झादी ग्रुप पावर लिमिटेड**, का.म.न.पा.२९, काठमाडौं | शेयरधनी | ३४,५७,१६७ | ६०.५२ | - | नेपाली | लागु नहुने | लागु नहुने |
| २ | **मिरा गौतम**, विराटनगर १, मोरङ्ग | शेयरधनी | १,६५,००० | २.८९ | ६४ | नेपाली | स्नातक | जलविद्युत क्षेत्रमा संलग्न |
| ३ | **महालक्ष्मी ढुँगाना**, विराटनगर ७, मोरङ्ग | शेयरधनी | ७५,००० | १.३१ | | नेपाली | स्नातक | जलविद्युत क्षेत्रमा संलग्न |
| ४ | **रमेश राज गौतम**, विराटनगर १, मोरङ्ग | शेयरधनी | ७५,००८ | १.३१ | ५९ | नेपाली | स्नातक | जलविद्युत क्षेत्रमा संलग्न |
| ५ | **अच्युत गौतम**, विराटनगर १, मोरङ्ग | शेयरधनी | १,५६,००० | २.७३ | २९ | नेपाली | स्नातक | जलविद्युत क्षेत्रमा संलग्न |
| ६ | **गीता पोखरेल**, विराटनगर १५, मोरङ्ग | शेयरधनी | १,६०,००० | २.८ | ५४ | नेपाली | स्नातक | जलविद्युत क्षेत्रमा संलग्न |
| ७ | **भाष्कर सोनी**, विराटनगर ९, मोरङ्ग | शेयरधनी | २,००,००० | ३.५ | ३२ | नेपाली | स्नातक | जलविद्युत क्षेत्रमा संलग्न |
| ८ | **राजेन्द्र कुमार बि.सी**, कुपिण्डे न.पा.१, सल्यान | शेयरधनी | ८५,००० | १.४९ | ४३ | नेपाली | स्नातक | जलविद्युत क्षेत्रमा संलग्न |
| ९ | **श्रीजेश गुरागाई**, बुढानिलकण्ठ न.पा.८ काठमाण्डौ | संचालक | ३,२३,६७५ | ५.६७ | २२ | नेपाली | स्नातक | जलविद्युत क्षेत्रमा संलग्न |
| १० | **दिनेश गुरूङ**, सितापाईला ९, काठमाण्डौं | शेयरधनी | २,००,००० | ३.५ | ४९ | नेपाली | प्लस टु | रियल स्टेट र जलविद्युत क्षेत्रमा संलग्न |
| ११ | **भुषण गुरागाई**, बुढानिलकण्ठ न.पा.८, काठमाण्डौ | संचालक | २,४०,००० | ४.२ | ३९ | नेपाली | एम बि बि एस | जलविद्युत क्षेत्रमा संलग्न |
| १२ | **सिताराम तिमिल्सीना**, बुधसि ३, नुवाकोट | शेयरधनी | ६०,००० | १.०५ | ४६ | नेपाली | स्नातक | जलविद्युत क्षेत्रमा संलग्न |

## सञ्चालकहरुको विवरण:

| क्र.स. | नाम/ठेगाना | पद | राष्ट्रियता | उमेर | शेयर स्वामित्व | शैक्षिक योग्यता लागु नहुने | अनुभव सम्बन्धित | अन्य अनुभव | प्रस्तावित व्यापार/व्यवसायमा अनुभव |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | **डा. भोगेन्द्र कुमार गुरागाईं** बुढानिलकण्ठ न.पा. वडा नं. ८, काठमाडौं | अध्यक्ष प्रतिनिधिः ङ्गादी ग्रुप पावर लि. | नेपाली | ६६ | – | एम बी बी एस | विगत १५ वर्ष देखि जलविद्युत क्षेत्रको विकासमा सक्रिय सहभागी भै जलविद्युत उत्पादन तथा वितरणमा संलग्न | गैर नाफामुलक संस्थाको अनुभव भएको | नभएको |
| २ | **श्री शैलेन्द्र गुरागाईं** बुढानिलकण्ठ न.पा. वडा नं. ८, काठमाडौं | संचालक प्रतिनिधिः ङ्गादी ग्रुप पावर लि. | नेपाली | ५६ | – | एम एस सी इन्जिनीयरिङ्ग | विगत २० वर्ष देखि जलविद्युत क्षेत्रको विकासमा सक्रिय सहभागी भै जलविद्युत उत्पादन तथा वितरणमा संलग्न । इप्पानको पूर्व अध्यक्ष । | नभएको | नभएको |
| ३ | **भुषण गुरागाई** बुढानिलकण्ठ न.पा. वडा नं. ८, काठमाण्डौ | संचालक प्रतिनिधिः ङ्गादी ग्रुप पावर लि. | नेपाली | ३९ | २,४०,००० | एम बी बी एस | विगत ७ वर्ष देखि जलविद्युत क्षेत्रको विकासमा सक्रिय सहभागी भै जलविद्युत उत्पादन तथा वितरणमा संलग्न | गैर नाफामुलक संस्थाको अनुभव भएको | नभएको |
| ४ | **रविन सुवेदी** इटहरी ४, सुनसरी नेपाल | संचालक प्रतिनिधिः ङ्गादी ग्रुप पावर लि. | नेपाली | ३६ | २२,००० | स्नातक | विगत ७ वर्ष देखि जलविद्युत क्षेत्रको विकासमा सक्रिय सहभागी भै जलविद्युत उत्पादन तथा वितरणमा संलग्न | आयात व्यापारमा संलग्न रहेको | नभएको |
| ५ | **श्रीमती जमुना पौड्याल** बुढानिलकण्ठ न.पा. वडा नं. ८, काठमाडौं | स्वतन्त्र संचालक | नेपाली | ४७ | – | एल एल एम | विगत १२ वर्ष देखि जलविद्युत क्षेत्रको विकासमा सक्रिय सहभागी भै जलविद्युत उत्पादन तथा वितरणमा संलग्न | कानून व्यवसायी | नभएको |
| ६ | **श्रीमती रिली गुरूङ्ग** नागार्जुन न.पा. वडा नं. ५, काठमाडौं | संचालक प्रतिनिधिः ङ्गादी ग्रुप पावर लि. | नेपाली | ५१ | – | स्नातक | विगत ५ वर्ष देखि जलविद्युत क्षेत्रको विकासमा सक्रिय सहभागी भै जलविद्युत उत्पादन तथा वितरणमा संलग्न | होटेल व्यवसायी | नभएको |
| ७ | **श्रीजेश गुरागाईं** बुढानिलकण्ठ न.पा. वडा नं. ८, काठमाडौं | संचालक | नेपाली | २२ | ३,२३,६७५ | स्नातक | विगत ३ वर्ष देखि जलविद्युत क्षेत्रको विकासमा सक्रिय सहभागी भै जलविद्युत उत्पादन तथा वितरणमा संलग्न | नभएको | नभएको |

**(ख) संस्थापकहरू कुनै कम्पनी/संस्था भएमा त्यस्तो कम्पनी/संस्थाको नाम तथा ठेगाना सहितको संक्षिप्त विवरण (Profile) र उक्त कम्पनी/संस्थाका सञ्चालकहरूको नाम, ठेगाना, (प्राकृतिक व्यक्ति नखुलेसम्म):**

| सि.नं. | संस्थाको नाम ठेगाना | संक्षिप्त विवरण | संचालकहरूको नाम, ठेगाना |
|---|---|---|---|
| १. | ङादी ग्रुप पावर लिमिटेड, अनामनगर २९, काठमाण्डा | कम्पनीको उद्देश्यः नेपाल सरकारको अनुमति लिई जलविद्युत शक्ति उत्पादन, प्रसारण तथा वितरण सम्बन्धी कार्य गर्नका लागि नयाँ आयोजनाहरू तयार गर्ने ।<br>रजिष्टर्ड नं. ३८४६७/२०६२/०६३<br>दर्ता मितिः २०६२/११/०९<br>अधिकृत पूँजी : रू. २,५०,००,०००<br>जारी पूँजी : रू. २,१२,०७,९७,१००<br>चुक्ता पूँजी : रू. ७०,६९,३२,४०० | १.श्री रबिन सुवेदी, अध्यक्ष, बुढानिलकण्ठ १, काठमाडौं<br>२. श्रीमती रञ्जु अधिकारी, संचालक, भद्रपुर न.पा १५, झापा<br>३. श्रीमती रिली गुरूङ्ग, सितापाइला ९, काठमाडौं<br>४. श्री विकास गिरी, मोतीपुर ५, कपिलवस्तु<br>५. श्री सत्य नारायण प्रजापति, भक्तपुर न.पा १, भक्तपुर<br>६. श्री सुधाँसु तुलस्यान, बीरगंज उपन.पा १३, पर्सा<br>७. श्रीमति लक्ष्मी शोभा गोसाइ, भक्तपुर न.पा १, भक्तपुर |

**(ग) संगठित संस्थाको सञ्चालक अन्य कुनै कम्पनी, संस्था, कोष, संगठनसँग आवद्ध भए त्यस्तो सञ्चालक र आवद्ध भएको संस्थाको नाम, ठेगानाः**

| सि.नं. | नाम | सञ्चालकहरू आबद्ध रहेका कम्पनी, संस्था, कोष, संगठन वा फर्महरूको विवरण |
|---|---|---|
| १ | डा. श्री भोगेन्द्र कुमार गुरागाईं | नभएको |
| २ | श्री शैलेन्द्र गुरागाईं | अक्ष्यक्षः सिउरी न्यादी पावर लि.<br>अध्यक्षः समृद्धि इनर्जी प्रा. लि. |
| ३ | डा. श्री भुषण गुरागाईं | अध्यक्षः बरूण हाइड्रोपावर कम्पनी लि. |
| ४ | श्री रबिन सुवेदी | अध्यक्षः ङादी ग्रुप पावर लि. |
| ५ | श्री श्रीजेश गुरागाईं | नभएको |
| ६ | श्रीमति रिली गुरूङ्ग | संचालकः ङादी ग्रुप पावर लि. |
| ७ | श्रीमति जमुना पौड्याल | नभएको |

**नोटः कम्पनी ऐन, २०६३ को दफा ८९ को उपदफा (१) (छ) तथा सूचीकृत संगठित संस्थाहरूको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ को व्यवस्थाहरू पूर्ण रूपमा पालना भएको र यस कम्पनीमा** डा. श्री भुषण गुरागाई श्री रबिन सुवेदी, श्रीमति रिली गुरूङ्गलाई ङादी ग्रुप पावर लि. बाट यस कम्पनीको संचालक समितिमा प्रतिनिधित्व गरेको ।

**(घ) संस्थापक/सञ्चालकको हक हस्तान्तरण बन्देज सम्बन्धी विवरणः**

क) कम्पनीको कुनै शेयरधनीले संचालक समितिको पूर्ब स्वीकृती नलिई आफ्नो नाममा रहेको शेयर कम्पनीको शेयरधनी वाहेक अन्य व्यक्तिलाई बिक्री वा हस्तान्तरण गर्न वा धितोबन्धक राख्न सक्ने छैन ।

ख) आफ्नो नाममा रहेका शेयर बिक्री गर्न वा धितोबन्धक राख्न चाहने शेयरधनीहरूले संचालक समितिमा लिखित रूपमा जानकारी गराउनु पर्नेछ । त्यसरी जानकारी गराउँदा शेयर बिक्री गर्न लागेको भए आफूले बिक्री गर्न चाहेको शेयरको मुल्य र धितोबन्धक राख्न चाहेको भए धितोबन्धक लिने व्यक्तिको नाम, ठेगाना, धितो बापत लिएको ऋण, धितो फुकुवा हुने प्रस्तावित मिति खुलाउनु पर्नेछ ।

ग) "धितोपत्रदर्ता तथा निष्काशन नियमावली, २०७३" को नियम (३८) को उपनियम (१) मा भएको व्यवस्था अनुरूप धितोपत्र सार्वजनिक निष्कासन गर्न सक्ने गरी संस्थापित संगठित संस्थाका सर्वसाधारण बाहेक अन्य समूह (संस्थापक संगठीत संस्थाका कर्मचारी तथा आयोजना प्रभावित जिल्लाका स्थानीय बासिन्दा) ले लिएको शेयर सार्वजनिक निष्काशन गरेको शेयर बाँडफाँड भएको मितिले तीन बर्षको अवधि पूरा नभई बिक्री गर्न पाइने छैन ।

**ग. ५ .ख. संस्थापक/सञ्चालकसँगको कारोवारः**

**(क) संगठित संस्थाबाट कुनै संस्थापक/सञ्चालकले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कुनै वस्तु वा सुविधा (आर्थिक वा गैरआर्थिक) प्राप्त गरेको वा प्राप्त गर्ने भएमा त्यस्तो वस्तु वा सुविधाको प्रकृति र मूल्य र त्यस्तो सूविधा दिए वापत बैंकले कुनै सम्पत्ति, सेवा प्राप्त गरेको वा गर्ने भएमा तत्सम्बन्धी विवरण :**

सञ्चालकहरूको लागि कम्पनीको साधारणशभाले निर्णय बमोजिम आ.ब.२०७८/७९ सम्म सञ्चालक समितिको बैठकमा बैठक भत्ता प्रदान गरिएको छैन । सो बाहेक कम्पनीका संचालकलाइ पारिश्रमिक, दैनिक भत्ता तथा अन्य कुनै सुविधा प्रदान गरिएको छैन । संस्थापक वा सञ्चालकले यस संस्थाबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कुनै वस्तु वा सुविधा (आर्थिक वा गैर आर्थिक) प्राप्त गरेका छैनन् र सो सम्बन्धमा कम्पनीले संस्थापक वा सञ्चालकबाट कुनै सम्पत्ति वा सेवा समेत प्राप्त गरेको छैनन् ।

**(ख) बुँदा (क) मा उल्लेखित वस्तु वा सुविधाको मूल्य निर्धारण गर्न अपनाइएको तरिकाः** लागु नहुने ।

**ग. ६. सीमित दायित्व सम्बन्धी विवरणः** यस कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित तथा सञ्चालित पब्लिक लिमिटेड कम्पनी हो । यसमा शेयरधनीहरूको दायित्व सीमित छ । यस कम्पनीको शेयरधनीको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबुल गरेको शेयरको अधिकतम रकम सम्ममात्र सीमित रहनेछ ।

**ग. ७. संगठित संस्थाको कर्मचारी सम्बन्धी जानकारीः**

**ग. ७. क. संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका अधिकृत कर्मचारीहरू सम्बन्धी विवरणः**

**(क) संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका कर्मचारीको नाम, योग्यता, नियुक्ति भएको मिति, पहिले गरेको कामको अनुभव तथा संगठित संस्थाको शेयर लिएको भए शेयर संख्या सम्बन्धी विवरणः**

| क्र.स. | कर्मचारीको नाम | नियुक्ती मिति | पद | शैक्षिक योग्यता | अनुभव तथा हाल जिम्मेवारी | शेयर संख्या | अन्य संस्थामा लगानी शेयर संख्या |
|---|---|---|---|---|---|---|---|
| १ | राकेश शर्मा ढकाल | २०७८।१२।०१ | वित्तिय व्यवस्थापक | चार्टर्ड एकाउटेण्ट | लेखापरिक्षण एवं जलविद्युत लगायत वित्तीय क्षेत्रमा १० वर्षको अनुभव, हाल कम्पनीको बित्तीय व्यवस्थापक रहेको । | नभएको | नभएको |
| २ | सन्दिप अधिकारी | २०७८।०७।०५ | आयोजना व्यवस्थापक | स्नातक | जलविद्युत निर्माण एवं संचालनमा १० वर्षको अनुभव, हाल विद्युत गृह संचालनको सम्पूर्ण जिम्मेवारीमा रहेको । | ७००० | नभएको |
| ३ | जितेन्द्र झा | २०७६।०५।०१ | साइड इन्चार्ज | बीइ इलेक्ट्रिकल | जलविद्युत निर्माण एवं संचालनमा ३ वर्षको अनुभव, हाल विद्युत गृह संचालनको सम्पूर्ण जिम्मेवारीमा रहेको । | १००० | नभएको |

**संगठित संस्थाका कर्मचारीहरू अन्य सूचीकृत संगठित संस्थाको आधारभूत शेयरधनीको रूपमा रहेको वा कर्मचारीहरूले अन्य कुनै संगठित संस्थामा गरेको लगानी सम्बन्धी विवरणः** सो नभएको ।

**(ख) विवरणपत्र बोर्डमा प्रस्तुत गर्न भन्दा १ वर्ष अगाडिको अवधिमा नियम अनुसार अवकाश प्राप्त भएको अवस्था बाहेक संगठित संस्थाको उच्च व्यवस्थापकीय तहमा रहेका कुनै कर्मचारी परिवर्तन भएको भए सो सम्बन्धी विवरणः** सो नभएको ।

**(ग) कर्मचारीको संख्याः स्थायी, अस्थायी, करार, ज्यालादारी र अन्यः**

| क्र.सं. | स्थायी | अस्थायी | करार | ज्यालादारी | प्रशिक्षार्थी | अन्य | कुल कर्मचारी संख्या |
|---|---|---|---|---|---|---|---|
| १ | ५३ | - | - | - | - | - | ५३ |

**ग. ७. ख. सञ्चालक एवम् उच्च व्यवस्थापकीय तहका अधिकृतलाई दिएको भत्ता तथा पारिश्रमिक सम्बन्धी विवरणः**

**(क) सञ्चालक समितिको अध्यक्ष लगायत अन्य सदस्यहरूलाई प्रदान गरिने वा गरिएको बैठक भत्ताको दर तथा निजहरूलाई प्रदान गरिने वा गरिएको दैनिक तथा भ्रमण भत्ता तथा अन्य सुविधा :**

सञ्चालकले पाउने मासिक पारिश्रमिक, बैठक भत्ता, दैनिक तथा भ्रमण भत्ता र अन्य सुविधा साधारण सभाले तोके अनुसार हुने व्यवस्था रहेको । हालसम्म साधारण सभाले कम्पनीका संचालक समितिका सदस्यलाइ बैठक भत्ता प्रदान नगरिएको । संचालकले कुनै सुविधा पाउने निर्णय गरेको छैन ।

**(ख) संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका तिन जना अधिकृतहरूको नाम, पद र एक आर्थिक बर्षको अवधीभित्र उनीहरूलाई पारिश्रमिकको रूपमा भुक्तानी गरिएको रकमः**

| क्र.सं | कर्मचारीको नाम | पद | आ.व. २०७८/७९ को पारिश्रमिक |
|---|---|---|---|
| १ | राकेश शर्मा ढकाल | वित्तिय व्यवस्थापक | १,००,००० |
| २ | सन्दिप अधिकारी | आयोजना व्यवस्थापक | १,५०,००० |
| ३ | जितेन्द्र झा | साइट इन्चाज | १५०,००० |

**(ग) कुनै अधिकृत वा सञ्चालकलाई भविष्यको लागि कुनै रकम प्रदान गरिने गरी करार गरिएको भए सो सम्बन्धी विवरण : सो नभएको**

**ग. ८. अन्तर्निहित जोखिम तथा सोको व्यवस्थापनका लागि व्यवस्थापनको धारणाः**

संगठित संस्थाले बहन गरेको वा गर्ने जोखीम स्पष्ट रूपमा उल्लेख गर्नु पर्ने । यस सन्दर्भमा जोखीमहरूलाई संगठित संस्थाको आन्तरिक वा व्यवसाय/परियोजनासँग प्रत्यक्ष अथवा संगठित संस्थाको नियन्त्रण भन्दा बाहिरको भनी बर्गिकरण गरी प्रमुख रूपमा देहायको जोखीमको विश्लेषण गर्नु पर्ने ।

संस्थाको अन्तर्निहित जोखिमहरू निम्नानुसार रहेका छन् ।

(क) वित्तीय साधनको अभावबाट हुने जोखिम : कुनै कारणले आयोजना बन्द गर्नु परेमा आय आर्जनमा नकारात्मक प्रभाव पर्न गइ कर्जाको सावां ब्याज, सालबसाली खर्च र मर्मत संभारमा समस्या हुन सक्ने ।

**(ख) कच्चा पदार्थको अभावबाट हुने जोखिमः** माइ खोलाको जलाधार क्षेत्रमा अप्रत्याशित रूपमा जलवायु परिवर्तन भई पानीको श्रोत घट्न गएमा उत्पादन एबम् आय घट्न सक्ने ।

**(ग) उत्पादन वा सेवाको बजारको स्थिति र यसमाआउने परिवर्तनबाट हुने जोखिमः** हालको अवस्थामा विद्युतको बजारको जोखिम नरहेको ।

**(घ) आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्यवृद्धि (Cost Overrun) को जोखिमः** आयोजना सम्पन्न भई सकेकोले यस्तो जोखिम नरहेको ।

**(ङ) विदेशी विनिमयको जोखिमः** विदेशी विनिमयको जोखिम नरहेको ।

**(च) कानूनी प्रक्रियाहरू तथा ईजाजत प्राप्त गर्नुपर्ने भए सोबाट पर्न सक्ने अवरोधहरूः** आवश्यक सम्पूर्ण अनुमति वा इजाजत प्राप्त भैसकेको र आयोजना सम्पन्न भई नियमित रूपमा विद्युत उत्पादन भइरहेकोले सो जोखिम नरहेको ।

**(छ) क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्नहुन सक्ने जोखिमः**

- **अन्तर्राष्ट्रिय बजारमा हुने मन्दीबाट नेपाली बजारमा पर्न सक्ने असरबाट हुनसक्ने आर्थिक जोखिमहरूः** त्यस्तो जोखिम नरहेको
- **पूँजीबजारको अवस्थामा आउने उतार-चढावबाट पर्नसक्ने जोखिमहरूः** कम्पनीलाइ त्यस्तो जोखिम नरहेको ।

**(ज) सरकारी नीति तथा नियमहरूमा हुने परिवर्तन तथा विश्वव्यापी रूपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिम :**

- नेपाल सरकारको जलविद्युत सम्बन्धी आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट श्रृजना हुन सक्ने जोखिमहरू ।
- कर, भन्सार आदि सम्बन्धी व्यवस्थामा परिर्वतन भएमा श्रृजनाहुन सक्ने जोखिमहरू ।
- देशको वैदेशिक नीतिमा हुनसक्ने परिवर्तनबाट उत्पन्न हुन सक्ने सम्भावित जोखिमहरू ।
- नेपाल सरकार तथा अन्य नियमन निकायहरूको आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट सिर्जना हुनसक्ने सम्भावित जोखिमहरू ।

**(झ) सञ्चालन इतिहासको अभावः** मिति २०७२/०८/१४ मा नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा सगरमाथा जलविद्युत कम्पनीको नाममा प्राइभेट लिमिटेड कम्पनीको रूपमादर्ता भई मिति २०७७/११/१८ मा पब्लिक लिमिटेड कम्पनीमा परिणतमा भई सगरमाथा जलविद्युत कम्पनीको नाममा कारोबार संचालन गर्दै आएको कम्पनीको संचालन इतिहास करिव ७ वर्ष भन्दा बढीको रहेको छ ।

**(ञ) प्रविधिको परिवर्तनबाट हुन सक्ने जोखिमः**

- प्रविधि सम्बन्धी परिवर्तनबाट जलविद्युत कम्पनीको सञ्चालन तथा कारोवार प्रणालीमा अप्रत्याशित जोखिम रहनु स्वभाविक नै हो । कम्पनीले तोकिएको मापदण्ड अनुसारका उपकरणहरू खरिद गरी जडान गरी सकेको छ । जलविद्युत आयोजनाको लागि आवश्यक उपकरण जडान गरे पश्चात लामो समयसम्म संचालनमा रहने र यस्ता उपकरण सहित सम्पूर्ण संरचनाहरूको नै बिमा गरिने हुँदा, यी उपकरणहरूको पुनर्स्थापना गर्न सहज हुने भएकोले जलविद्युत आयोजनामा प्रविधि परिवर्तनबाट जोखिमको संभावना न्यून भएको ।

**(ट) अन्यः**

- देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरू ।
- देशको आर्थिक अवस्थामा आउने उतार-चढावबाट हुनसक्ने जोखिमहरू ।
- प्राकृतिक प्रकोपको तथा कावु बाहिरका परिस्थितिका कारणबाट विद्युत केन्द्रका संरचनाहरूमा क्षती पुग्नगएमा ।

**उपरोक्तानुसारको जोखिमहरूलाई न्यून वा व्यवस्थापन गर्ने सम्बन्धमा व्यवस्थापनको योजनाः**

कम्पनीले क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिमहरू न्यूनीकरण गर्नका लागि जनशक्ति तथा क्षमता विकासमा ध्यान पुऱ्याउनुको साथै अन्य व्यावसायिक जोखिमहरूबाट सिर्जना हुनसक्ने हानि-नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानि-नोक्सानी कम गर्न सक्षम र प्रतिवद्ध छ । त्यस्तै अन्य विभिन्न जोखिमहरू न्यूनीकरणका लागि प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली, समयानुसारको आधुनिक प्रविधि, स्पष्ट नीति तथा नियमहरूको निर्माण एवम् समयानुसार आफ्नो सेवा तथा सुविधाहरूमा परिवर्तन गर्दै लगिने कम्पनीको नीति रहेको व्यहोरा जानकारी गराउँछौं । सम्भावित आर्थिक जोखिमहरूलाई न्यूनीकरण गर्न व्यवस्थापनले निम्न उपायहरू अवलम्वन गर्दै जानेछ ।

उर्जा विभिन्न श्रोतबाट प्राप्त गर्न सकिन्छ । जस्तै सौर्य शक्ति, डिजेल, कोइला, जलश्रोत इत्यादी । यस मध्ये पानीबाट उत्पादन हुने जलबिद्युत नविकरणीय उर्जा भएकोले जलविद्युत आयोजनाहरूले वातावरणमा नकारात्मक प्रभाव पार्दैन ।

नेपालमा उर्जा शक्तिको माग धेरै र आपूर्ति न्यून रहेको र नेपाल जलश्रोतको धनी देश भएकोले अन्य उर्जाको श्रोत भन्दा भरपर्दो श्रोत पानी हो । तसर्थ उर्जाका लागि जलविद्युतको आवश्यकता र महत्व कहिल्यै कम नहुने हुँदा जलविद्युतको लगानीमा न्यून जोखिम रहको ब्यबस्थापनको धारणा रहेको छ । त्यसकारण उर्जाका अन्यश्रोतहरू भन्दा पानीबाट उत्पादन हुने जलविद्युतले वातावरणीय हानी नहुने र यसको लागत अन्यउर्जा भन्दा तुलनात्मक रूपमा कम रहने हुँदा अन्य श्रोतबाट उत्पादनहुने बिद्युतभन्दा पानीबाट उत्पादन हुने जलविद्युत आयोजनाहरूमा जोखीम नरहेको धारणा व्यवस्थापनको रहेको छ । साथै उपरोक्त सम्भावित जोखिमहरूलाई न्यूनीकरण गर्न उपकरणहरूको ह्रास खर्चको व्यवस्थाको साथै केन्द्र र आयोजनाका आवश्यक संरचना, मेसिन, औजार र उपकरणहरूको जोखिमलाई न्यूनीकरण गर्न र आयोजना बन्द भएमा बन्दभएको अवधिको नोक्सान वापतको लागि निम्नबमोजिमको बीमा गरिएको छ । कम्पनीको संभावित नोक्सानी बहन गर्न देहाय बमोजिमको बीमा कम्पनीमा निम्न रकम बराबरको बीमा गरिएको छः

| बीमा कम्पनीको नाम | जोखिमको किसिम | विमाङ्क रकम रू. | प्रिमियमको रकम रू. | प्रिमियमको रकम भुक्तानी मिति | वहाल रहने अवधि |
|---|---|---|---|---|---|
| एनएलजी इन्सुरेन्स कम्पनी लि. | सम्पत्ति बीमा | १,३७,२४,२३,३७०/- | २८,६९,०७१।०६ | २०७९।०२।२६ | २०८०।०२।२८ |
| एनएलजी इन्सुरेन्स कम्पनी लि. | लस अफ प्रोफित बीमा | ३२०७५६५०६।९७ | ३२,६२,११३।६७ | २०७९।०२।२६ | २०८०।०२।२८ |
| एनएलजी इन्सुरेन्स कम्पनी लि. | मेशिनरी ब्रेक डाउन बीमा | १८,०९,६०,०००/- | १८४०३९३।२० | २०७९।०२।२६ | २०८०।०२।२८ |

**धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिमः** रू.१०० प्रति शेयरको दरले निष्काशन गरिएको मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ ।

**ग.९. वित्तीय विवरणः**

**ग.९. क. वित्तीय विवरण र तत्सम्बन्धमा व्यवस्थापनको धारणा र विश्लेषणः**

(क) संगठित संस्थाको लेखापरीक्षण भएको पछिल्लो आर्थिक वर्षको वासलात, नाफा नोक्सान हिसाब, नाफा नोक्सान हिसाब बाँडफाँड र नगद प्रवाह विवरणः

**यस कम्पनीको आ.व. २०७८/७९ को वासलात, नाफा-नोक्सान हिसाब, नाफा-नोक्सान बाँडफाँड हिसाब तथा नगद प्रवाहको विवरण निम्नानुसार छः-**

**वासलात (आषाढ ३२, २०७९)**

| पूँजी तथा दायित्व | रकम रू. |
|---|---|
| शेयर पूँजी | ५७,१२,००,००० |
| जगेडा तथा कोषहरू | ६,५२,०१,३४२ |
| ऋणपत्र तथा बण्ड | - |
| ऋण तथा उधारो | १,१६,३६,५२,१६६ |
| चालु दायित्व ऋण तथा उधारो | ९,३६,५४,४३८ |
| व्यापारिक तथा अन्य तिर्न बाँकी | ५७,१०,७६७ |
| आयकर दायित्व | ६२०,९२५ |
| कर्मचारी सुविधा दायित्व | ३२,२९,९६६ |
| व्यवस्थाहरू | ६,४५,९७३ |
| **कुल पूँजी तथा दायित्व** | **१,९०,३९,१५,५७८** |
| **सम्पत्ति** | **रकम रू.** |
| नगद, बैंक/वित्तीय संस्थामा रहेको मौज्दात | ८४,८०,७५७ |
| अग्रिम भुक्तानि रकम र पेश्की | ८,२६,६३,६९४* |
| व्यापार तथा अन्य प्राप्यहरू | ५,४०,३३,७०० |
| लगानी | ७,३४,४०,५६३ |
| स्थिर सम्पत्ति | १,३७,०८,०४६ |
| अमुर्त सम्पत्ति | १,६७,१५,८८,८१७ |
| अन्य सम्पत्ति | - |
| **कुल सम्पत्ति** | **१,९०,३९,१५,५७८** |

*उपरोक्त अग्रिम भुक्तानी रकम र पेश्कीमा उल्लेख भएको रकम मध्ये Site Land Advance मा समावेश गरिएको

रू. ४,१३,३९,८४८/- जग्गाको हदबन्दीका कारण कम्पनीको नाममा राख्न नमिल्ने ७५ रोपनी जग्गाको लागत हो जुन जग्गा कम्पनीको निर्वतमान संचालकको नाममा दर्ता रहेको छ र उक्त जग्गा पनि बैंकमा जमानतको लागि बन्धक राखिएको छ । Advance to Rajendra Prasad Gautam को नाममा रहेको रू. १,६५,६०,०००/- कम्पनीले सामाजिक उत्तरदायित्व तथा पूँजीगत खर्चको लागि पेश्की दिएको र विल विजक प्राप्त नभएकोले पेश्कीमा देखिएको उपरोक्त रकम आ. व. २०७९।८० मा सामाजिक उत्तरदायित्व तथा पूँजीगत खर्चमा फछयौट भएको छ । साथै Advance for Civil Works शीर्षकमा रहेको रू.१,३९,१०,३२८/- रकम बाढिले क्षति पुऱ्याएको संरचना मर्मत सम्भार गर्नको लागि ठेकेदार कम्पनीलाई प्रदान गरेको पेश्की रकम । उपरोक्त रकमहरूको हिसाब मिलान पश्चात यसले कम्पनीको समग्र वित्तीय स्थितिमा पूँजीकृत गरिने खर्चले आयाजनाको लागत बढ्ने तथा सामाजिक उत्तरदायित्वमा भएको खर्चले नाफा कम हुने छ ।

**नाफा-नोक्सान हिसाब (श्रावण १, २०७८ देखि आषाढ ३२, २०७९ सम्म)**

| विवरण | रकम रू. |
|---|---|
| सञ्चालन आम्दानी | २६,९०,१०,१८९ |
| अन्य आम्दानी | १५५८६७८ |
| **जम्मा आम्दानी** | **२७,०५,६८,८६७** |
| **खर्चहरू** | |
| सञ्चालन खर्च | २,६३,६०,०५६ |
| प्रशासकीय खर्चहरू | ७९,४१,६६१ |
| कर्मचारी सुविधा खर्चहरू | १९,२४,१६० |
| ह्रास कट्टी (Depreciation) | ३४,७५,०११ |
| परिषोधन (Amortizaion) | **५,५७,१९,६२७** |
| **सञ्चालन मुनाफा/नोक्सान** | १७,५१,४८,३५२ |
| आर्थिक आम्दानी | ८,०३,७४९ |
| ब्याज/वित्तिय खर्च | १०,९०,३३,०७९ |
| आर्थिक सम्पत्तिबाट नाफा (नोक्सान) | (३७०,८४१) |
| कर, बोनस, सीएसआर अघिको मुनाफा/नोक्सान | ६,६५,४८,१८१ |
| कर्मचारी बोनस | १३,०४,८६६ |
| **कर, सीएसआर अघिको मुनाफा/नोक्सान** | **६,५२,४३,३१५** |
| संस्थागत सामाजिक उत्तरदायित्व (सीएसआर) | ६,४५,९७३ |
| **कर, अघिको मुनाफा/नोक्सान** | **६,४५,९७,३४१** |
| कर व्यवस्था | - |
| **खुद नाफा/नोक्सान** | **६,४५,९७,३४१** |
| **नाफा नाक्सान बाँडफाँट** | |
| अघिल्लो वर्ष सम्मको संचित नाफा/नोक्सान | ५,४८,११,९०१ |
| न्यूनः लाभाँश भुक्तानी | (५,४२,०७,९००) |
| **वासलातमा सारिएको** | **६,५२,०१,३४२** |

**नगद प्रवाह विवरण (श्रावण १, २०७८ देखि आषाढ ३२, २०७९ सम्म)**

| विवरण | रकम रू. |
|---|---|
| **संचालन गतिविधिको नगद प्रवाह** | |
| आयकर अगाडिको खुद नाफा (नोक्सानी) | ६४५९७३४१ |
| जोड्ने | |
| ह्रास कट्टी (Depreciation) | ३४,७५,०११ |
| परिषोधन (Amortizaion) | ५,५७,१९,६२७ |
| आर्थिक आम्दानी | (८,०३,७४९) |
| ब्याज खर्च | १०,९०,३३,०७९ |
| आर्थिक सम्पत्तिबाट नाफा (नोक्सान) | ३७०,८४१ |
| **कार्यशिल पूँजीको परिवर्तन अघिको संचालन नगद प्रवाह** | **२३,२३,९२,१५१** |
| व्यापार तथा अन्य प्राप्यहरूमा भएको कमी / (बृद्धि) | (४,१५,२३,०८६) |
| चालु दायित्वमा भएको बृद्धि / (कमी) | (६२,०८,९२४) |
| **क संचालन गतिविधिबाट खुद नगद प्रवाह** | **१८,४६,६०,१४१** |
| **लगानी गतिविधिबाट खुद नगद प्रवाह** | |
| स्थिर सम्पत्ति र आयोजना (थप)/घट | (१,४८,७३,८६०) |
| लगानीहरू खरीद | (७,३८,११,४०४) |
| व्याज प्राप्त | ८,०३,७४९ |
| अमूर्त सम्पत्ति र आयोजना (थप)/घट | (४,४१,२७,७३४) |
| **ख लगानी गतिविधिबाट खुद नगद प्रवाह** | **(१३,२०,०९,२४९)** |
| **वित्तिय गतिविधिको नगद प्रवाह** | |
| शेयर पूँजीको निष्काशन | ११,९४,६७,५०० |
| ऋृण तथा सापटी (थप) घट | (२,६३,५८,६४७) |
| वित्तीय लागत | (१२,६३,८९,३०३) |
| लाभांश वितरण | (५,४२,०७,९००) |
| **ग वित्तीय गतिविधिबाट खुद नगद प्रवाह** | **(८,७४,८८,३५०)** |
| **नगदमा भएको कुल बृद्धि र कमी (क ख ग)** | **(३,४८,३७,४५७)** |
| **वर्षारम्भमा नगद तथा बैंक मौज्दात** | **४,३३,१८,२१४** |
| **वर्षान्तमा नगद तथा बैंक मौज्दात** | **८४,८०,७५७** |

**(ख) सञ्चालन अवधि तीनवर्ष व्यतीत भैसकेको अवस्थामा विगत तीन वर्षको र तीनवर्ष व्यतीत भैनसकेको अवस्थामा सञ्चालन अवधिभरको लेखापरीक्षण भएको नाफा नोक्सान, वासलात सहितको संक्षिप्त वित्तीय विवरणः**

आ.ब. २०७६/७७, २०७७/७८ र २०७८/७९ को वासलात, नाफा–नोक्सान हिसाब, नाफा–नोक्सान बाँडफाँड हिसाब तथा नगद प्रवाहको विवरण निम्नानुसार छः-

## वासलात

| पूँजी तथा दायित्व | आ.ब.२०७६/७७ रकम रू. | आ.ब.२०७७/७८ रकम रू. | आ.ब.२०७८/७९ रकम रू. |
|---|---|---|---|
| शेयर पूँजी | ३६,००,००,००० | ३६,००,००,००० | ५७,१२,००,००० |
| पेश्की शेयर पूँजी (Call in Advance) | ८,०७,३२,५०० | ९,१७,३२,५०० | - |
| जगेडा तथा कोषहरू | (५४,५२,६०२) | ५,४८,११,९०१ | ६,५२,०१,३४२ |
| ऋण तथा उधारो | १,१४,४३,१९,६६३ | १,२५,३३,१७,४७५ | १,१६,३६,५२,१६६ |
| चालु दायित्व ऋण तथा उधारो | ४,४८,९९,७३२ | ४,७७,०४,००० | ९,३६,५४,४३८ |
| व्यापारिक तथा अन्य तिर्न बाँकी | ८,०१,९०,०२२ | १,२६,६९,२०९ | ६३,३१,६९२ |
| अन्य चालु दायित्व | ३,३२,८८३ | ३७,४७,३४३ | ३२,२९,९६६ |
| व्यवस्थाहरू | - | - | ६,४५,९७३ |
| **कुल पूँजी तथा दायित्व** | **१,७०,५०,२२,१९८** | **१,८२,३९,८२,४२९** | **१,९०,३९,१५,५७८** |
| **सम्पत्ति** | | | |
| नगद, बैंक/वित्तीय संस्थामा रहेको मौज्दात | ३४,०५,३०३ | ४,३३,१८,२१४ | ८४,८०,७५७ |
| अग्रिम भुक्तानि रकम र पेश्की | ६,६०,०८,२१० | ४,४६,७४,४५९ | ८,२६,६३,६९४ |
| व्यापार तथा अन्य प्राप्यहरू | २,९७,०८,५८० | ५,०४,९९,८४९ | ५,४०,३३,७०० |
| लगानी | - | - | ७,३४,४०,५६३ |
| स्थिर सम्पत्ति | ३०,२०,७६२ | २३,०९,१९६ | १,३७,०८,०४६ |
| अमुर्त सम्पत्ति | १,६०,२८,७९,३४३ | १६,८३,१८०,७१० | १,६७,१५,८८,८१७ |
| **कुल सम्पत्ति** | **१,७०,५०,२२,१९८** | **१,८२,३९,८२,४२९** | **१,९०,३९,१५,५७८** |

## नाफा-नोक्सान हिसाब

| विवरण | आ.ब.२०७६/७७ रकम रू. | आ.ब.२०७७/७८ रकम रू. | आ.ब.२०७८/७९ रकम रू. |
|---|---|---|---|
| सञ्चालन आम्दानी | ३,०२,०२,८९६ | २२,८४,१४,५६६ | २६,९०,१०,१८९ |
| अन्य आम्दानी | - | १५,३६,००० | २३,६२,४२७ |
| **जम्मा आम्दानी** | **३,०२,०२,८९६** | **२२,९९,५०,५६६** | **२७,१३,७२,६१६** |
| **खर्चहरू** | | | |
| सञ्चालन खर्च | ३१,४५,६८० | १,३८,४६,२२३ | २,६३,६०,०५६ |
| प्रशासकीय खर्चहरू | ५३,२४,७५७ | ३४,०९,६०७ | ७९,४१,६६१ |
| कर्मचारी सुविधा | - | - | १९,२४,१६० |
| ह्रास कट्टी (Depreciation) | ९,०३,२२५ | ६,८९,६९८ | ३४,७५,०११ |
| परिषोधन (Amortizaion) | ४१,८५,०६४ | ५,१९,३४,५५० | ५,५७,१९,६२७ |
| **सञ्चालन मुनाफा/नोक्सान** | **१,६६,४४,१७१** | **१६,००,७०,४८८** | **१७,३५,८९,६७४** |
| ब्याज/वित्तिय खर्च | - | १०,८६,२४,६५७ | १०,९०,३३,०७९ |
| लगानीमा नाफा/नोक्सान | | | (३,७०,८४१) |
| **कर, बोनस तथा सीएसआर अघिको मुनाफा/नोक्सान** | **१,६६,४४,१७१** | **५,१४,४५,८३१** | **६,६५,४८,१८१** |
| कर्मचारी बोनस | ३,३२,८८३ | - | १३,०४,८६६ |
| **कर तथा सीएसआर अघिको मुनाफा/नोक्सान** | **१,६३,११,२८७** | **५,१४,४५,८३१** | **६,५२,४३,३१५** |
| संस्थागत सामाजिक उत्तरदायित्व सीएसआर | | | ६४५,९७३ |
| डेफर्ड ट्याक्स | ८८,१८,६७३ | - | |
| **कर अघिको मुनाफा/नोक्सान** | **७४,९२,६१४** | **५,१४,४५,८३१** | **६,५२,४३,३१५** |
| कर व्यवस्था | - | - | |
| **खुद नाफा/नोक्सान** | **७४,९२,६१४** | **५,१४,४५,८३१** | **६,४५,९७,३४१** |
| **नाफा नोक्सान बाँडफाँट** | | | |
| अघिल्लो वर्षको नाफा /(नोक्सान) हिसाब | (१,२९,४५,२१६) | ३३,६६,०७० | ५,४८,११,९०१ |
| लाभांश वितरण | - | - | (५,४२,०७,९००) |
| वासलातमा सारिएको | (५४,५२,६०२) | ५,४८,११,९०१ | ६,५२,०१,३४२ |

नोटः आ.व. २०७७।७८ को लेखा परिक्षण एनएफआरएस प्रणाली अन्तर्गत गरिएको र अघिल्लो वर्षको रकमहरू लेखापरिक्षित विवरण अनुसार राखिएको ।

## नगद प्रवाह विवरण

| विवरण | आ.ब.२०७६/७७ रकम रू. | आ.ब.२०७७/७८ रकम रू. | आ.ब.२०७८/७९ रकम रू. |
|---|---|---|---|
| संचालन गतिविधिको नगद प्रवाह | | | |
| आयकर अगाडिको खुद नाफा (नोक्सानी) | १,६३,११,२८८ | ५,१४,४५,८३१ | ६,४५,९७,३४१ |
| जोड्ने | | | |
| ह्रास कट्टी (Depreciation) | ९,०३,२२५ | ६,८९,६९८ | ३४,७५,०११ |
| परिषोधन (Amortizaion) | ४१,८५,०६४ | ५,१९,३४,५५० | ५,५७,१९,६२७ |
| विदेशी मुद्रा विनिमय नाफा (घाटा) | - | १८,८२७ | - |
| ब्याज खर्च | - | १०,८६,२४,६५७ | १०,९०,३३,०७९ |
| लगानीमा नाफा /नोक्सान | - | - | ३,७०,८४१ |
| **कार्यशिल पूँजीको परिवर्तन अधिको संचालन नगद प्रवाह** | **५०,८८,२८९** | **२१,२७,१३,५६३** | **२३,३१,९५,८९९** |
| व्यापार तथा अन्य प्राप्यहरूमा भएको कमी/(बृद्धि) | (२,९७,०८,५८०) | (२,०७,९१,२६९) | (४,१५,२३,०८६) |
| अग्रिम भुक्तानि रकम र पेश्कीमा भएको बृद्धि/(कमी) | २१,३५,१०,६२९ | २,१३,३३,७५१ | |
| व्यापारिक तथा अन्य तिर्न बाँकीमा भएको बृद्धि/(कमी) | ५,१२,४५,४९४ | (५,५२,८७,६८०) | (६२,०८,९२४) |
| **क संचालन गतिविधिबाट खुद नगद प्रवाह** | **२५,६४,४७,१२०** | **१५,७९,६८,३६५** | **१८,५४,६३,८८९** |
| लगानी गतिविधिबाट खुद नगद प्रवाह | | | |
| लगानी | - | - | (७,३८,११,४०४) |
| अन्य परियोजनाहरूमा लगानी | - | - | - |
| स्थिर सम्पत्ति र आयोजना (थप)/घट | - | ३,०४० | (१,४८,७३,८६०) |
| अमूर्त सम्पत्ति र आयोजना (थप)/घट | (१०,७०,६६९,७६३) | (१३२२३५९१७) | ४,४१,२७,७३४) |
| **ख लगानी गतिविधिबाट खुद नगद प्रवाह** | (१,०७,०६,६९,७६३) | **(१३,२२,३२,८७७)** | **१३,२८,१२,९९८** |
| वित्तिय गतिविधिको नगद प्रवाह | | | |
| १. शेयर पूँजीको निष्काशन | ४६,२५,००० | ११,०००,००० | ११,९४,६७,५०० |
| २. शेयर पूँजीगत कर्जा (थप) घट | ७६,८०,४६,४६५ | ११,१८,०२,०८० | (२,६३,५८,६४७) |
| ३. ब्याज भुक्तानी | - | (१०,८६,२४,६५७) | (१२,६३,८९,३०३) |
| ४. लाभांश वितरण | - | - | (५,४२,०७,९००) |
| ५. अन्य उधारो र भुक्तानीबाट आय | - | - | - |
| ६. परियोजना ऋृण प्राप्ती/(भक्तानी) | | | |
| **ग वित्तीय गतिविधिबाट खुद नगद प्रवाह** | **८१,४२,९६,४६५** | **१,४१,७७,४२३** | **(८,७४,८८,३५०)** |
| **नगदमा भएको कुल बृद्धि र कमी (क ख ग)** | **७३,८२१** | **३,९९,१२,९११** | **(३,४८,३७,४५७)** |
| **वर्षारम्भमा नगद तथा बैंक मौज्दात** | **३३,३१,४८१** | **३४,०५,३०३** | **४,३३,१८,२१४** |
| **वर्षान्तमा नगद तथा बैंक मौज्दात** | **३४,०५,३०२** | **४,३३,१८,२१४** | **८४,८०,७५७** |

ग. **आर्थिक वर्ष समाप्त भएको ६ महिना पश्चात विवरणपत्र स्वीकृतिको लागि पेश गरेमा उक्त अन्तरिम अवधिको लागि व्यवस्थापनबाट प्रमाणित गरेको अपरिष्कृत वित्तीय विवरणः** आर्थिक वर्ष २०७९।८० को प्रथम त्रैमासिकको वित्तीय विवरण निम्न अनुसारको छः

**वासालात**

| विवरण | आश्विन ३१, २०७९ |
|---|---|
| **सम्पत्ति** | |
| **गैर चालू सम्पत्ति** | |
| प्लान्ट, उपकरण तथा सम्पत्तिहरू | १३,४६५,५२६ |
| अमूर्त सम्पत्तिहरू | १,६८९,२०३,३१० |
| **जम्मा गैर चालू सम्पत्ति** | **१,७०२,६६८,८३६** |
| **चालु सम्पत्ति** | |
| लगानी | ५३,४२८,२३६ |
| टर्म डिपोजितमा लगानी | - |
| व्यापारिक प्राप्तिहरू | ६८,४८७,७३८ |
| नगद तथा नगद बराबर | ५०,१४१,१८२ |
| अग्रिम भुक्तानी तथा निक्षेप | ४९,७१९,०८६ |
| **जम्मा चालू सम्पत्ति** | **२२१,७७६,२४३** |
| **जम्मा सम्पत्ति** | **१,९२४,४४५,०७९** |
| | |
| **इक्विटी** | |
| शेयर पूँजी | ५७१,२००,००० |
| संचित | ५२,१३९,५९४ |
| **जम्मा इक्विटी** | **६२३,३३९,५९४** |
| **दायित्वहरू** | **-** |
| **गैर चालू दायित्वहरू** | **-** |
| ऋृण तथा सापटीहरू | १,१६०,८६०,६३४ |
| **जम्मा गैर चालू दायित्वहरू** | **१,१६०,८६०,६३४** |
| **चालु दायित्वहरू** | **-** |
| ऋृण तथा सापटीहरू | ८४,२८४,४२३ |
| व्यापारिक तथा अन्य भक्तानी योग्य | ४७,७५२,८०४ |
| बैधानिक कर दायित्व | ३,८४९,५७४ |
| कर्मचारी लाभ दायित्वहरू | ३,२४१,४३२ |
| व्यवस्थाहरू | १,११६,६१९ |
| **जम्मा चालु दायित्वहरू** | **१४०,२४४,८५१** |
| **जम्मा दायित्वहरू** | **१,३०१,१०५,४८५** |
| **जम्मा इक्विटी तथा दायित्वहरू** | **१,९२४,४४५,०७९** |

## नाफा नोक्सान हिसाब

| विवरण | आश्विन ३१, २०७९ |
|---|---|
| विक्रिबाट आम्दानी | १०३,३४३,२९४ |
| प्रत्यक्ष खर्चहरू | ८,६६३,२९८ |
| सलामी खर्चहरू | २,०६६,८६६ |
| **कुल नाफा** | **९२,६१३,१३०** |
| | |
| प्रशासनिक खर्चहरू | १,८४८,३०१ |
| कर्मचारी लाभ खर्चहरू | ९०४,००० |
| ह्रास खर्चहरू | ७१७,८६७ |
| परिशोधन खर्चहरू | १४,३५५,८३५ |
| **संचालनबाट मुनाफा** | **७४,७८७,१२७** |
| वित्तीय आम्दानी | ४२५,१०७ |
| अन्य आम्दानी | - |
| वित्तीय लागत | २६,७१३,९९० |
| वित्तीय सम्पत्तिबाट नाफा (नोक्सान) | (१२,३२७) |
| **बोनस, सीएसआर तथा कर अघिको नाफा** | **४८,४८५,९१७** |
| कर्मचारी बोनस | ९५०,७०४ |
| सीएसआर तथा कर अघिको नाफा | ४७,५३५,२१३ |
| व्यवसायिक सामाजिक उत्तरदायित्व (सीएसआर) | ४७०,६४६ |
| **कर अघिको नाफा** | **४७,०६४,५६७** |
| आयकर खर्चहरू | - |
| **खुद नाफा** | ४७,०६४,५६७ |
| **अन्य व्यापक आय** | **-** |
| **अन्य व्यापक आम्दानीलाई पछिल्ला अवधिहरुमा नाफा वा नोक्सानमा पुनः वर्गीकृत नगरिने** | **-** |
| पुनर्मूल्यांकनमा घाटा | - |
| नगद प्रवाह हेजहरू | - |
| अन्य व्यापक आय को घटक संग सम्बन्धित कर | - |
| **कर पछिको वार्षिक अन्य व्यापक लाभ र (हानि)** | **-** |
| **वर्षको कुल व्यापक नाफा (नोक्सान) कर पछिको** | **४७,०६४,५६७** |

**नगद प्रवाह विवरण**

| विवरण | आविश्न ३१, २०७९ |
|---|---|
| सञ्चालन गतिविधिहरूबाट नगद प्रवाह | |
| **यस वर्षको नाफा** | **४७,०६४,५६७** |
| **समायोजनको लागिः** | |
| ह्रास तथा परिशोधन | १५,०७३,७०२ |
| वित्तीय आम्दानी | (४२५,१०७) |
| वित्तीय खर्च | २६,७१३,९९० |
| लगानीमा लाग (नोक्सानी) | १२,३२७ |
| प्लान्ट, उपकरण तथा सम्पत्तिहरू विक्रिमा लाभ (नाक्सानी) | - |
| नाफा नोक्सान हिसाबमा जनाएको आयकर खर्चरू, | - |
| **कार्यशील पूँजीमा परिवर्तन हुनु अघिको नगद प्रवाह** | **८८,४३९,४७९** |
| व्यापारीक प्राप्य, अग्रिम र निक्षेपमा (बृद्धि) कमी | १८,४९०,५७० |
| चालु दायित्वमा (बृद्धि) कमी | ४३,८१०,०५९ |
| **सञ्चालनबाट उत्पन्न नगद** | **१५०,७४०,१०९** |
| आयकर भुक्तानी | - |
| **सञ्चालन गतिविधिहरूबाट नेट नगद प्रवाह** | **१५०,७४०,१०९** |
| **लगानी गतिविधिहरूबाट नगद प्रवाह** | - |
| सम्पत्ति, प्लान्ट र उपकरणको बिक्रीबाट प्राप्त आय | - |
| सम्पत्ति, प्लान्ट र उपकरणको खरिद | (४७५,३४७) |
| लगानी | २०,०००,००० |
| व्याज प्राप्त | ४२५,१०७ |
| लाभाँश प्राप्त | - |
| अमूर्त वस्तु तथा पुँजीगत कार्य प्रगतिको खरिद | (३१,९७०,३२८) |
| **लगानी गतिविधिहरूबाट खुद नगद प्रवाह** | **(१२,०२०,५६८)** |
| **वित्तीय गतिविधिहरूबाट नगद प्रवाह** | - |
| अग्रिम सेयर पूँजी वापत प्राप्त | - |
| शेयर पूँजी जारि गरिएको | - |
| ऋृण र सापटीमा बृद्धि (न्यून) | (९,७९२,०००) |
| बित्तीय लागत भुक्तानी | (२७,१४०,७९९) |
| लाभाँश भुक्तानी | (६०,१२६,३१६) |
| **जम्मा वित्तीय गतिविधिहरूबाट नगद प्रवाह** | **(९७,०५९,११५)** |
| **जम्मा नगद तथा नगद बराबर बाट बृद्धि** | **४१,६६०,४२६** |
| **आर्थिक वर्षको सुरूमा नगद र नगद बराबर** | **८,४८०,७५७** |
| **आर्थिक वर्षको अन्त्यमा नगद र नगद बराबर** | **५०,१४१,१८२** |

**(घ) आम्दानी र खर्च हिसाबको कुनै शीर्षकमा ठूलो मात्रामा परिवर्तन भएमा त्यसको विश्लेषणात्मक कारणः** सो नभएको ।

**(ङ) पछिल्लो वित्तीय विवरणको लेखापरीक्षण भएपश्चात संगठित संस्थाको कारोवार, नाफा नोक्सान, सम्पत्तिको मूल्य वा आगामी १२ महिनाको दायित्व भुक्तानीमा असर पर्ने गरी कुनै अवस्था सिर्जना भएको छ/छैन सो सम्बन्धमा सञ्चालकहरूको धारणाः** सो नभएको

**(च) आर्थिक वर्ष समाप्त भएपछि विवरणपत्र पेश गरेमा, विवरणपत्र पेश गरेको मितिबाट स्वीकृति हुने मितिसम्ममा वासलातको मिति पछिको घटनाको वारेमा छुट्टै जानकारीः** सो नभएको ।

(छ) विगत ५ वर्षमा सम्पत्तिको पुनर्मूल्यांकन गरिएको छ/छैन, यदि गरिएको भए

(अ) **सम्पत्तिको विवरणः** सो नभएको ।

(आ) **सम्पत्तिको पूनर्मूल्यांकन अघि र पछिको कितावी मूल्यः** सो नभएको ।

(ई) **पूनर्मूल्यांकनको औचित्यः** सो नभएको ।

(ज) आगामी तीन वर्षको प्रक्षेपित वासलात, नाफा नोक्सान हिसाबका साथै त्यसका गणनाको आधारहरूः

कम्पनीको आगामी ३ आर्थिक वर्षको लागि प्रक्षेपित वित्तीय स्थिति देहाय बमोजिम रहेको छः

**वासालात**

| विवरण | प्रक्षेपित २०७९/८० | प्रक्षेपित २०८०/८१ | प्रक्षेपित २०८१/८२ |
|---|---|---|---|
| सम्पत्ति | | | |
| गैर चालु समपत्ति | | | |
| सम्पति, प्लाण्ट तथा मेशिनरी | १,६९०, ४२०, ९३१ | १,६३०, ३००,२९८ | १,५७०, ६२८, ८५३ |
| आयोजना कार्य प्रगति | | | |
| लगानी | ७३,४४०,५६३ | ७३,४४०,५६३ | ७३,४४०,५६३ |
| **जम्मा गैर चालु सम्पत्ति** | **१,७६३,८६१,४९४** | **१,७०३,७४०,८६१** | **१,६४४,०६९,४१६** |
| चालु सम्पत्ति | | | |
| नगद तथा बैंक मौज्दात | १०८,२५३,८८२ | १४६,२८८,७०३ | २९६,६५४,५५९ |
| पेश्की, धरौटी तथा प्राप्त हुन बाँकि | ३५,५७९,४८१ | ५६,८५८,७३० | ५८,१७२,०५७ |
| **जम्मा चालु सम्पत्ति** | १४३,८३३,३६३ | २०३,१४६,८२३ | ३५४,८२६,६१६ |
| **जम्मा सम्पत्ति** | १,९०७,६९४,८५७ | १,९०६,८८७,६८४ | १,९९८,८९६,०३२ |
| **पूँजी तथा दायित्व** | | | |
| **पूँजी** | | | |
| शेयर पूँजी | **१,१२०,०००,०००** | **१,१२०,०००,०००** | **१,१२०,०००,०००** |
| शेयरको लागि पेश्की | | | |
| संचित जगेडा तथा कोष/(घाटा) | ८५,९६२,९२८ | २०२,०३३,१२४ | ३२७,७७७,४९७ |
| **जम्मा पूँजी** | **१,२०५,९६२,९२८** | **१,३२२,०३३,१२४** | **१,४४७,७७७,४९७** |
| **दीर्घकालीन ऋृण** | | | |
| सुरक्षित आवधिक कर्जा | ६२५,४०६,८४६ | ५०८,३९४,०६२ | ४७४,५१८,५५८ |
| | ६२५,४०६,८४६ | ५०८,३९४,०६२ | ४७४,५१८,५५८ |
| **चालु दायित्व तथा व्यवस्थाहरू** | | | |
| छोटो अवधि सापटि | ७१,८११,२२३ | ७१,८११,२२३ | ७१,८११,२२३ |
| व्यवसायिक तथा अन्य दायित्वहरू | ४,५१३,८६० | ४,६४९,२७६ | ४,७८८,७५४६ |
| **जम्मा चालु दायित्व तथा व्यवस्थाहरू** | **७६,३२५,०८३** | **७६,४६०,४९९** | **७६,५९९,९७७** |
| **जम्मा पूँजी तथा दायित्व** | **१,९०७,६९४,८५७** | **१,९०६,८८७,६८४** | **१,९९८,८९६,०३२** |

## नाफा-नोक्सान हिसाब

| विवरण | प्रक्षेपित २०७९/८० | प्रक्षेपित २०८०/८१ | प्रक्षेपित २०८१/८२ |
|---|---|---|---|
| विद्युत विक्रि आम्दानी | २७३,४७६,८८४ | २८१,१४८,५५५ | २८९,०३२,३४४ |
| थपः अन्य आम्दानी | | - | - |
| **जम्मा आम्दानी** | **२७३,४७६,८८४** | **२८१,१४८,५५५** | **२८९,०३२,३४४** |
| न्यूनः | | | |
| प्रत्यक्ष खर्चहरू | | | |
| सलामी दस्तुर खर्च | ६,४२९,५३८ | ६,५८२,९७१ | ६,७४०,६४७ |
| आयोजना खर्चहरू | २१,५२१,२२१ | २३,०९७,२८२ | २४,७५२,१४६ |
| **कुल नाफा** | **२४५,५२६,१२५** | **२५१,४६८,३०२** | **२५७,५३९,५५१** |
| न्यूनः | | | |
| संचालन खर्चहरू | | | |
| प्रशासनिक खर्चहरू | १०,३५९,११३ | १०,८७७,०६९ | ११,४२०,९२२ |
| शेयर निश्कासन खर्चहरू | १५,०००,००० | - | - |
| **संचालन नाफा** | **२२०,१६७,०१२** | **२४०,५९१,२३३** | **२४६,११८,६२९** |
| न्यूनः | | | |
| गैर संचालन खर्चहरू | | | |
| आर्थिक खर्च | ७७,६९८,३६२ | ६०,८२५,२९९ | ५६,९५९,४३७ |
| ह्रास खर्च | ५८,४९२,४३६ | ६०,१२०,६३३ | ५९,६७१,४४६ |
| **कर तथा बोनस अधिको नाफा** | **८३,९७६,२१४** | **११९,६४५,३०२** | **१२९,४८७,७४६** |
| न्यूनः | | | |
| कर्मचारी बोनस | २,०७९,५२४ | २,३९२,९०६ | २,५८९,७५५ |
| **कर अधिको नाफा** | **८१,८९६,६९०** | **११७,२५२,३९६** | **१२६,८९७,९९१** |
| सामाजिक उत्तरदायित्व | १,००८,८७८।०० | १,१८२,२०० | १,१५३,६१८ |
| | **८०,८८७,८१२** | **११६,०७०,१९६** | **१२५,७४४,३७३** |
| चालु आयकर | - | - | - |
| डेफर्ड आयकर | - | - | - |
| **कर पछिको नाफा** | **८०,८८७,८१२** | **११६,०७०,१९६** | **१२५,७४४,३७३** |
| नाफा/(नोक्सान) बाँडफाँड | | | |
| यस वर्षको नाफा /(नोक्सान) | ८०,८८७,८१२ | ११६,०७०,१९६ | १२५,७४४,३७३ |
| अघिल्लो वर्षसम्मको नाफा/(नोक्सान) | ६५,२०१,३४२ | ८५,९६२,९२८ | २०२,०३३,१२४ |
| न्यूनः लाभाँश भुक्तानी | ६०,१२६,२२६ | - | - |
| **बासलातमा सारिएको** | **८५,९६२,९२८** | **२०२,०३३,१२४** | **३२७,७७७,४९७** |

**नगद प्रबाह विवरण**

| विवरण | प्रक्षेपित २०७९/८० | प्रक्षेपित २०८०/८१ | प्रक्षेपित २०८१/८२ |
|---|---|---|---|
| **कारोबार संचालनबाट नगद प्रवाह** | | | |
| यस वर्षको नाफा/(नोक्सान) | ८०,८८७,८१२ | ११६,०७०,१९६ | १२५,७४४,३७३ |
| थपः आर्थिक लागत | ७७,६९८,३६२ | ६०,८२५,२९९ | ५६,९५९,४३७ |
| थपः ह्रास खर्च | ५८,४९२,४३६ | ६०,१२०,६३३ | ५९,६७१,४४६ |
| **चालु सम्पत्ति र दायित्व भन्दा अघिको नगद प्रवाह** | २१७,०७८,६१० | २३७,०१६,१२७ | २४२,३७५,२५६ |
| चालु सम्पत्तिमा (बृद्धि)/कमी | १०१,११७,९१३ | (२१,२७८,६१२) | (१,३१३,९६४) |
| चालु दायित्वमा बृद्धि/(कमी) | (३०,५३६,९८६) | १३५,४१६ | १३९,४७८ |
| **जम्मा कारोबार संचालनबाट नगद प्रवाह (क)** | **२८७,६५९,५३७** | **२१५,८७२,९३१** | **२४१,२००,७७०** |
| लगानी कारोबारबाट नगद प्रवाह | | | |
| लगानीमा (बृद्धि)/कमी | - | - | - |
| स्थिर सम्पत्तिमा (बृद्धि)/कमी | (६३,६१६,५०४) | - | - |
| आयोजना कार्य सम्पादनमा (बृद्धि)/कमी | | | |
| **जम्मा लगानी कारोबारबाट नगद प्रवाह (ख)** | **(६३,६१६,५०४)** | - | - |
| वित्तीय कारोबारबाट नगद प्रवाह | | | |
| शेयर निश्कासन | ५४८,८००,००० | - | - |
| बैंक कर्जामा बृद्धि/(कमी) | (५३८,२४५,३२०) | (११७,०१२,७८४) | (३३,८७५,५०४) |
| **लाभांश भुक्तानी** | **(६०,१२६,२२६)** | - | - |
| न्यूनः आर्थिक लागत | (७७,६९८,३६२) | (६०,८२५,२९९) | (५६,९५९,४३७) |
| **जम्मा वित्तीय कारोबारबाट नगद प्रवाह (ग)** | **(१२७,२६९,९०८)** | **(१७७,८३८,०८३)** | **(९०,८३४,९४१)** |
| सम्पूर्ण गतिविधिबाट नगद प्रवाह (क+ख+ग) | ९६,७७३,१२५ | ३८,०३४,८४८ | १५०,३६५,८२९ |
| जोडः नगद तथा बैंकमा रहेको शुरू मैज्दात | ११,४८०,७५७ | १०८,२५३,८८२ | १४६,२८८,७३० |
| **नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात** | **१०८,२५३,८८२** | **१४६,२८८,७३०** | **२९६,६५४,५५९** |

प्रक्षेपित वित्तीय विवरण कम्पनीले आफैले तयार पारेको हो र सो वित्तीय विवरणहरू पुनरावलोकन गरी ठिक छ भनी जी पौड्याल एण्ड एशोसियट्सेबाट प्रमाणित गरिएको छ ।

**कम्पनीको वित्तीय प्रक्षेपणका आधार तथा तरिकाहरूः**

| | प्रक्षेपित(%) | | |
|---|---|---|---|
| विवरण | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| कूल आयमा औषत वृद्धिदर (प्रतिशतमा) | ०.७८ | २.८१ | २.८० |
| कूल खर्चमा औषत वृद्धिदर (प्रतिशतमा) | (६.८६) | (१४।२८) | (१.०८) |
| संचालन खर्च तथा कूल आम्दानी अनुपात | ०.१०२२ | ०.१०५६ | ०.१०९० |
| खुद मुनाफामा औषत वृद्धिदर (प्रतिशतमा) | २५.२२ | ४३.५० | ८.३३ |
| आयकर ब्यवस्था (प्रतिशतमा) | - | - | - |
| प्रतिशेयर आम्दानी | ७.२२ | १०.३६ | ११.२३ |
| Return on Equity (ROE) | ७.२२% | १०.३६% | ११.२३% |
| Return on Assets (ROA) | ४.२४% | ६.०९% | ६.२९% |

नोटः आ.व. २०७७।७८ को लेखा परिक्षण एनएफआरएस प्रणाली अन्तर्गत गरिएको र अघिल्लो वर्षको रकमहरू लेखापरिक्षित विवरण अनुसार राखिएको ।

**प्रक्षेपित गरिएको वित्तीय विवरणहरूको गणनाको आधारहरू देहाय बमोजिम रहेको छ ।**

कम्पनीको शेयर पूँजी यस IPO पश्चात रू. १,१२,००,००,०००/- कायम हुने छ ।

- यस कम्पनीको आम्दानी नेपाल विद्युत प्राधिकरणको विद्युत खरिद बिक्रि सम्झौतापत्रमा भएको प्रति इकाइ (युनिट वा किलोवाट आवर) मूल्य अनुसार गणना गरिएको छः
- सुख्खा मौसममाः रू.८.४० प्रति इकाई, वर्खा मौसममाः रू.४.८० प्रति इकाई । उक्त प्रति इकाई मुल्यमा प्रत्येक वर्ष ३ प्रतिशतका दरले COD मितिले ८ वर्ष सम्म बृद्धि भइ मुल्य कायम गरि विद्युत विक्रि गरिने ।

- ॠण पेश्की, धरौटी तथा चालु दायित्वहरूलाई विगतको कारोबारको आधारमा प्रक्षेपण गरिएको ।
- आयोजना संचालन खर्च प्रत्येक वर्ष ५ प्रतिशतका दरले बृद्धि गरि प्रक्षेपण गरिएको ।
- रोयल्टी खर्चको गणना विद्युत ऐन, २०४९ बमोजिम तल उल्लेख भए अनुसार रहेको प्रक्षेपण गरिएको छ । क्षमता बमोजिम रोयल्टी रू. १००/किलोवाट पहिलो १५ वर्षसम्म रू. १०००/किलोवाट १५ वर्षपछि तथा आम्दानी बमोजिम रोयल्टी बिल रकमको २ प्रतिशत पहिलो १५ वर्षसम्म तथा बिल रकमको १० प्रतिशत १५ वर्षपछि लाग्ने छ ।
- कम्पनीको प्रसाशनिक खर्च प्रत्येक वर्ष ५ प्रतिशतका दरले बृद्धि गरी प्रक्षेपण गरिएको ।
- कम्पनीले भुक्तानी गर्ने ब्याजहरू तिर्न बाँकी ऋण रकमको वार्षिक ९.२७ प्रतिशतको दरले गणना गरिएको छ ।
- बोनश ऐन २०३० तथा विद्युत ऐन २०४९ अनुसार कम्पनीको नाफाको २% कर्मचारी बोनस बापत यवस्था गर्ने प्रक्षेपण गरिएको छ । अन्य प्रशासनिक तथा संचालन खर्च वार्षिक ३ प्रतिशतका दरले बृद्धि हुने प्रक्षेपण गरिएको छ ।
- आसामी रकमको गणना गर्दा अन्तिम दुई महिनाको अवधिलाई आधार मानिएको छ ।
- परियोजनामा प्रयोग भएका सम्पत्ती बाहेक अन्य स्थिर सम्पत्तिको ह्रास कट्टी सम्पत्तिको जीवन अवधि अनुसार गणना गरी घट्दो ह्रास प्रणाली (Diminishing Balance Method) अनुसार कट्टा गरिएको छ ।
- परियोजनामा प्रयोग भएका संरचना, उपकरण तथा अन्य सम्पत्तिहरूलाई आयोजनाको बांकि अवधिका लागि परिशोधन गरिएको छ ।
- यस कम्पनीका लागि आयकर ऐन, २०५८ दफा ११ (३ घ) बमोजिम COD पश्चात् पहिलो १० वर्षको लागि आयकर छुट, सो पश्चात् ५ वर्षको लागि ५० प्रतिशत करको दर लागु हुनेछ ।
- मिति २०७७ जेष्ठ ३२ गते (तदनुसार १४ जुन २०२०) व्यवसायीक उत्पादन COD सुरू गरिसकेको ।

**ग.९. ख. वित्तीय अनुपात सम्बन्धी विवरण**

**क) सञ्चालन अवधि तीन वर्ष व्यतीत भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतीत भै नसकेको अवस्थामा सञ्चालन अवधिको तथा आगामी तीन वर्षको प्रक्षेपित प्रति शेयर आम्दानी (EPS) तथा प्रति शेयर नेटवर्थ निम्नानुसार छ ।**

**कम्पनीको वास्तविक तथा प्रक्षेपित इपिएस र नेटवर्थ प्रति शेयर देहाय बमोजिम छः**

| विवरण | वास्तविक (रू. हजारमा) | | | प्रक्षेपित (रू. हजारमा) | | |
|---|---|---|---|---|---|---|
| | आ.व २०७६/०७७ | आ.व २०७७/०७८ | आ.व २०७८/०७९ | आ.व २०७९/०८० | आ.व २०८०/०८१ | आ.व २०८१/०८२ |
| चुक्ता पुंजी | ४४०,७३२,५०० | ४५१,७३२,५०० | ५७१,२००,००० | १,१२०,०००,००० | १,१२०,०००,००० | १,१२०,०००,००० |
| शेयरको लागि पेश्की | - | - | - | - | - | - |
| जगेडा तथा कोषहरू | ३,३६६,०७० | ५४,८११,९०१ | ६५,२०१,३४२ | ८५,९६२,९२८ | २०२,०३३,१२४ | ३२७,७७७,४९७ |
| कुल | ४४४,०९८,५७० | ५०६,५४४,४०१ | ६३६,४०१,३४२ | १,२०५,९६२,९२८ | १,३२२,०३३,१२४ | १,४४७,७७७,४९७ |
| घटाउनेः अपलेखन गर्न बाँकी खर्च (Fictitious Assets) | - | - | - | - | - | - |
| कुल नेटवर्थ | ४४४,०९८,५७० | ५०६,५४४,४०१ | ६३६,४०१,३४२ | १,२०५,९६२,९२८ | १,३२२,०३३,१२४ | १,४४७,७७७,४९७ |
| शेयर संख्या (हजारमा) | ४,४०७,३२५ | ४,५१७,३२५ | ५,७१२,००० | ११,२००,००० | ११,२००,००० | ११,२००,००० |
| प्रति शेयर नेटवर्थ (रू.) | १००.७६ | ११२.१३ | १११.४१ | १०७.६८ | ११८.०४ | १२९.२७ |
| प्रति शेयर चुक्ता पूँजी | १०० | १०० | १०० | १०० | १०० | १०० |
| नेटवर्थमा औसत प्रतिफल | ३.६७% | १०.१६% | १०.१५% | ६.७१% | ८.७८% | ८.६९% |
| निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल प्रतिशतमा | १९.९०% | | | | | |

**ख) विगत ३ वर्षको नेटवर्थमा भएको औषत प्रतिफलः** ७.९९ प्रतिशत

प्रक्षेपित वित्तीय विवरण निष्काशनकर्ता कम्पनी आफैले तयार पारेको हो र सो वित्तीय विवरणहरू पुनरावलोकन गरी ठिक छ भनी जी पौड्याल एण्ड एशोसियट्सबाट प्रमाणित गरिएको छ ।

## ग. १०. धितोपत्र निष्काशन सम्बन्धी विवरणः

### ग. १०.क. धितोपत्र जारी गर्नुको उद्देश्यः

१) कम्पनीको प्रवन्ध-पत्रमा जारी पूँजीको ४९ प्रतिशत शेयर सर्वसाधारणमा बिक्री गर्नुपर्ने प्रावधान रहेको र जारी पूँजीको १०% अर्थात रू. ११,२०,००,०००/- (एघार करोड बिस लाख ) रकम बराबरको रू.१०० अंकित दरका ११,२०,००० कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरू (ईलाम जिल्लाको बासिन्दा) को निमित्त, सार्वजनिक निष्काशन गरिने शेयरको १० प्रतिशत अर्थात रू. ४,३६,८०,०००/- (चार करोड छत्तीस लाख असी हजार) रकम बराबरको रू.१००/- अंकित दरका ४,३६,८०० (चार लाख छत्तीस हजार आठ सय) कित्ता शेयरहरू नेपाल सरकारको सम्बधित निकायबाट श्रम स्वीकृत प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरूका लागि निमित्त, आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरूलाई तथा नेपाल सरकारको सम्बधित निकायबाट श्रम स्वीकृत प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरूका लागि छुटयाईएका शेयर बाँडफाँड गरे पश्चात जारी पूँजीको ३९% अर्थात् रू .४३,६८,००,०००/- (त्रिचालीस करोड अठसी लाख) रकम बराबरको रू.१००/- अंकित दरका ४३,६८,००० (त्रिचालीस लाख अठसी हजार) कित्ता शेयरहरू मध्ये २,१८,४०० कित्ता शेयर (सर्वसाधारणको लागि छुटयाईएको शेयरको ५ प्रतिशत) सामूहिक लगानी कोषका योजनाहरूको लागि र १,३१,०४० कित्ता शेयर (सर्वसाधारणको लागि छुटयाईएको शेयरको ३ प्रतिशत) कर्मचारीहरूको लागि सुरक्षित राखी बाँकी रहेको ३५,८१,७६० कित्ता शेयर धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को अधिनमा रही सर्वसाधारणमा सार्वजनिक निष्काशन गरी कम्पनीको चुक्ता पूँजी रू. १,१२,००,००,०००/- पुऱ्याउने ।

२) कम्पनीको वित्तीय एवम् आर्थिक गतिविधिहरूलाई विस्तार गर्न आवश्यक पर्ने पूँजीको व्यवस्था गर्ने ।

३) कम्पनीको प्रवन्ध-पत्र तथा नियमावलीमा उल्लेख गरिएका उद्देश्यहरू अनुरूप गर्नु पर्ने कार्यहरूको लागि आवश्यक पर्ने पूँजीको प्रवन्ध गर्ने ।

४) आयोजना प्रभावित क्षेत्रका स्थानीयबासिन्दाहरूका लागि कम्पनीको धितोपत्र निष्कासन तथा बिक्री गरी स्थानीय बासिन्दाहरूलाई लगानीको अवसर दिने ।

५) बैकबाट लिईएको कर्जा र कम्पनीले भुक्तान गर्न बांकि अन्य दायित्व भुक्तान गर्ने ।

### ग. १०. ख. धितोपत्र निष्काशनबाट प्राप्त पूँजीको उपयोगः

(क) साधारण शेयर निष्काशन गरी प्राप्त हुने पूँजी प्रबन्धपत्र तथा नियमावली र अन्य प्रचलित कानून बमोजिम यस कम्पनीले गर्न पाउने कार्यको अधिनमा रही कम्पनीले बैंकबाट उपभोग गरिएको आयोजना ऋण भुक्तानी गर्नमा गरिने छ ।

| सि. नं. | विवरण | २०७९ आषाढ मसान्तको बाँकी ऋण साँवा रू. | भुक्तानी गरिने रकम रू. | भुक्तानी पश्चात बाँकी हुने ऋृण रकम रू. |
|---|---|---|---|---|
| १ | एन.एम.बी बैंकको आयोजना ऋण भुक्तानी गर्न | १,२४,५५,३७,४७५/- | ५४,८८,००,०००/- | ६९,६७,३७,४७५/- |

**(ख) सार्वजनिक निष्काशन गरिने धितोपत्र पूर्ण रूपमा बिक्री नभएमा सार्वजनिक निष्काशनको उद्देश्य प्राप्ति गर्नको लागि अपनाइने वैकल्पिक व्यवस्थाः**

विगतमा सोही प्रकारका अन्यकम्पनीहरूले सर्वसाधारणमा शेयर निष्काशन गर्दा मागभन्दा बढी शेयरको लागि दरखास्त परेको हुनाले यस कम्पनीको निष्काशित शेयरहरू पनि पूर्ण रूपमा विक्री हुने कम्पनीको अपेक्षा रहेको छ । निष्काशन गरिने शेयर स्थानिय बासिन्दाहरूले पूर्ण रूपमा खरिद नगरेमा बाँकी शेयर सर्वसाधारणहरूको लागि निष्काशन गरिने शेयरमा थप गरिनेछ । सर्वसाधारणहरूको लागि निष्काशन गरेको शेयर कुनै कारणवश पूर्ण रूपमा बिक्री नभएमा श्री नागरिक लगानी कोषले बिक्री नभएको सम्पूर्ण शेयर आफैंले खरीद गर्ने गरी प्रत्याभूति सम्झौता गरिएको छ ।

**(ग) आयोजनाको सञ्चालन स्थान, आयोजना चरणबद्ध रूपमा कार्यान्वयन गरिने भए प्रत्येक चरणमा लाग्ने खर्च, कुनै चरण समाप्त भैसकेको भए सो सम्बन्धी विवरणः**

यस कम्पनीद्धारा निर्माण गरिएको सुपर माई ए जलविद्युत आयोजनाको निर्माण सम्पन्न भई मिति २०७७/०२/३२ देखि व्यवसायीक उत्पादन सुरू गरिसकेको छ ।

यस कम्पनीले निर्माण गरेको सुपर माई ए जलविद्युत आयोजनाको लागि आवश्यक वित्तीय श्रोत कम्पनीको संस्थापकले चुक्ता गरेको पूँजी तथा बैंकहरूवाट लिएको ऋण रकम रहेको छ । बैंकवाट लिएको ऋण रकम र सोको भुक्तानी सम्बन्धी अवस्था तपसिल बमोजिम रहेको छ ।

| सि. नं. | बैंक तथा वित्तीय संस्थाको नाम | स्वीकृत कर्जा रकम रू. | कर्जाको भुक्तानी अवधि | किस्ता रकम रू. | शुरू तथा हालको ब्याजदर (% मा) | हाल (०७९ आषाढ) सम्म भुक्तानी गरिएको कर्जा रकम | बाँकी कर्जा रकम रू. आषाढ मसान्त २०७९ |
|---|---|---|---|---|---|---|---|
| १ | श्री एन एम बी बैंक लिमिटेड | १,२५,३९,६९,४७५ | १२ वर्ष | ८० लाख देखि ६ करोड सम्मको बीचमा फरक फरक भएको | ८.५०<br>८.४७ | ९,०३,१७,३०९ | १,१६,३६,५२,१६६ |

**नोटः** आयोजना निर्माण गर्न श्री सानीमा बैंक लि.को अगुवाइमा श्री सेन्चुरी कमर्सियल बैंक लि., ज्योति बिकास बैंक लि., नेपाल क्रेडिट एण्ड कमर्स बैंक लि.संग आयोजना निर्माणको लागि लिइएको ऋण रू. १,३२,१९,२६,५१८/- (एक अर्ब बत्तीस करोड उन्नाइस लाख छब्बीस हजार पाँच सय अठार) मध्ये मिति २०७८।११।०२ सम्म भुक्तानी भैसकेको रकम रू. ६,२१,५७,०४४/- (छ करोड एक्काइस लाख सन्ताउन्न हजार चौवालिस) कटाइ बाँकि ऋण रकम रू. १,२५,३९,६९,४७५/- (एक अरब पच्चीस करोड उनान्चालीस लाख उनान्सत्तरी हजार चार सय पचहत्तर) मिति २०७८।११।०३ मा श्री एन एम बी बैंक लि.संग ऋण स्वाप गरि एक मुष्ट भुक्तानी गरिएको ।

**(घ) आयोजना सम्पन्न हुने, परिक्षण उत्पादन शुरू हुने र पूर्ण व्यवसायिक उत्पादन शुरू हुने अनुमानित मितिः** निर्माण कार्य सम्पन्न भई ब्यावसायिक उत्पादन शुरू भई सकेको ।

**(ङ) संगठित संस्थाले कुनै उपकरण खरीद गरेको वा गर्न लागेको भए उक्त उपकरणको मूल्य वा प्रस्तावित मूल्य, सप्लायर्सको नाम र सप्लायर्ससँग सम्झौता भएको भए सोको मूख्य मूख्य बुँदाहरूः** सो नभएको ।

**(च) कुनै पार्टीसँग प्रतिलिपी अधिकार, ट्रेडमार्क, इजाजतपत्र, रोयल्टी, सहकार्य सम्बन्धमा वा वित्तीय वा प्राविधिक सम्झौता गरिएको भए सो को प्रमुख शर्तहरू र पार्टीको नाम, ठेगाना सम्बन्धी विस्तृत विवरणः** सो नभएको ।

**(छ) उत्पादन सम्बन्धी आयोजना भए, सो को प्रकृति, प्रयोगकर्ता, प्रतिस्पर्धा, लक्षित समूह, उत्पादन मिति, विगत वर्षहरूको क्षमता उपभोग वा भविष्यमा गरिने क्षमता उपभोग सम्बन्धी विवरणः** कम्पनीको उत्पादन जलविद्युत हो । सोको प्रयोगकर्ता देशका बासिन्दाहरू रहेका छन् । साना जलविद्युतको क्षेत्रमा धेरै कम मात्रामा मात्र प्रतिस्पर्धा रहेको छ र यस जलविद्युत आयोजनाको उत्पादन क्षमता ९.६ मेगावाट रहेको छ ।

**(ज) आयोजनाको लागि आवश्यक कच्चा पदार्थको उपलब्धता र त्यसको श्रोतः** प्रदेश नं. १, ईलाम जिल्लाको माई खोलाको पानी ।

**(झ) आयोजनाको लागि आवश्यक हुने विद्युत, पानी, ग्यासको मात्रा र त्यसको श्रोतः** आवश्यक नभएको

**(ञ) सार्वजनिक निष्काशनका लागि गरिने खर्च प्रमुख रुपमा देहायमा उल्लेखित पक्षहरूलाई दिने शुल्कहरू सम्बन्धी विवरण :**

**(अ) निष्काशन तथा बिक्री प्रवन्धक :**

यस विवरणपत्र मार्फत सार्वजनिक रूपले सर्वसाधारणमा बिक्री गरिने साधारण शेयरको निष्काशन तथा बिक्री प्रवन्धक सम्बन्धी कार्यका लागि नियुक्त श्री प्रभु क्यापिटल लिमिटेडल, कमलादी, काठमाडौंलाई उक्त सेवा प्रदान गरे वापत एकमुष्ठ रू. १,००,०००/- (एक लाख रूपैंया) भुक्तानी दिइनेछ ।

**(आ) ट्रष्टि (डिवेन्चर निष्काशनको हकमा):** सो नभएको ।

**(इ) प्रत्याभूतिकर्ताः**

प्रत्याभूतिकर्ता श्री नागरिक लगानी कोषलाई प्रत्याभुति सेवा प्रदान गरे वापत रू. ८,२३,२०० सेवा शुल्क रूपमा दिइने छ ।

**(ई) विज्ञहरूः** सो नभएको ।

**(उ) लेखापरिक्षकः**

यस कम्पनीको आ.व.२०७८/०७९ को लेखापरिक्षण सम्बन्धी कार्य जी पौड्याल एण्ड एसोसिएट्स ले गर्नु भएको हो । उक्त लेखापरिक्षणको कार्य गर्नका लागि सेवा शुल्क बापत भ्याट सहित रू. २,८२,५००/- (अक्षरेपी दुइ लाख बयासी हजार पाँच सय मात्र) प्रदान गरेको छ ।

**(ऊ) अन्य (जस्तै संकलन केन्द्र, निष्काशन बैंक आदि):**

आस्वा सदस्य बैंक तथा वित्तिय संस्थाहरू तथा निष्काशन तथा बिक्री प्रवन्धकले तोकेका अन्य स्थानहरू संकलन केन्द्रको रूपमा रहने छन् ।

**ग. १०. ग. सार्वजनिक निष्काशनबाट प्राप्त रकमलाई परियोजनामा प्रयोग गर्न पूर्व अन्य कुनै व्यवस्था गर्न लागिएको छ भने तत्सम्बन्धी विवरणः** सो नभएको ।

**ग. १०. घ. प्रिमियममा धितोपत्र जारी गर्ने भएमाः** प्रिमियम थप नगरिएको ।

**ग. १०.ङ. धितोपत्रको बाँडफाँड, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी व्यवस्थाः**

**(क) अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँडको प्रक्रियाः** यस विवरण पत्रमार्फत जारी गरिएको साधारण शेयर संख्याभन्दा बढी संख्यामा साधारण शेयर खरिदको लागि दरखास्त प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको प्रचलित "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार साधारण शेयरहरू बाँडफाँड गरिनेछ र शेयर बाँडफाँड सम्बन्धी सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ ।

क. शेयर बाँडफाँड गर्दा सर्वप्रथम सबै आवेदकलाई १० (दश) कित्ताको दरले बाँडफाँड गरिने छ ।

ख. बुँदा (१) बमोजिम बाँडफाँड गरे पश्चात बाँकी रहेको निष्काशित शेयर आवेदकहरूलाई पुनः १० (दश) कित्ताको दरले बाँडफाँड गरिने छ ।

ग. बुँदा (२) बमोजिम शेयर बाँडफाँडको प्रकृया सम्पन्न भएपश्चात् धितोपत्र बाँकी भएमा सोहि प्रकृया अपनाई बाँडफाँड गरिने छ ।

घ. उपरोक्तानुसार शेयर बाँडफाँड गर्दा १० कित्ताका दरले सबै आवेदकहरूलाई बाँडफाँड गर्न अपुग हुने अवस्थामा न्यूनतम दश कित्ता पाउने गरि गोला प्रथाबाट आवेदक छनौट गरि गरिने छ ।

ङ. शेयर बाँडफाँड सफ्टवेयर तथा बाँडफाँड तालिकाका सम्बन्धमा बोर्डको सहमति लिईनेछ ।

च. शेयर बाँडफाँडको जानकारी बाँडफाँट गरेको भोलीपल्ट सम्ममा बोर्ड, धितोपत्र बजार तथा सर्वसाधारणलाई जानकारी गराइने छ ।

छ. कम्पनीका कर्मचारीहरूलाई शेयर बाँडफाँड गर्दा कम्पनीको संचालक समितिको निर्णय बमोजिम गरिनेछ ।

ज. स्थानीय बासिन्दाका लागि निष्काशन गरिएको शेयर बिक्री नभई बाँकि रहन गएको अवस्थामा सर्वसाधारणलाई शेयर निष्काशन गर्दा सो शेयर थप गरी निष्काशन गरिनेछ । साथै, सर्वसाधारणलाई शेयर निष्काशन गर्दा न्यून माग भएको अवस्थामा माग भए बमोजिमको शेयर आवेदकलाई बाँडफाँड गरी बाँडफाँड हुनबाँकी रहेको शेयर संगठित संस्था र प्रत्याभुतिकर्ता वीच भएको प्रत्याभुती सम्वन्धि सम्झौता बमोजिम प्रत्याभुतीकर्ताले खरिद गर्नेछ ।

**(ख) अत्याधिक माग भएको वा बाँडफाँड नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्थाः**

शेयर बिक्री बन्द भएको मितिले नेपाल धितोपत्र बोर्डले तोकेको समयावधि भित्र शेयर बाँडफाँड गरि पूर्ण वा आंशिक रूपमा स्वीकृत/अस्वीकृत भएको व्यहोरा उल्लेख गरि धितोपत्र खरिद (सार्वजनिकनिष्काशन) सम्बन्धि निर्देशिका, २०७३ को अनुसूची ७ बमोजिमको विवरण सम्बन्धित सि–आस्बा (C-ASBA) सदस्य बैंक तथा वित्तीय सस्थाहरूलाइ उपलब्ध गराइने छ र सोही विवरण अनुरूप सि–आस्बा (C-ASBA) सदस्य बैंक तथा वित्तीय सस्थाहरूले बाँडफाँडमा नपरेको शेयर बापतको रकम सम्बन्धित आवेदकहरूको रोक्का रहेको बैंक खाता फुकुवा गरि फिर्ता गरि दिनेछ ।

(ग) **निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने व्याजदरः** "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" ले निर्धारित गरेको समयभित्र शेयरको बाँडफाँडपत्र तथा रकम फिर्ता भुक्तानी दिन नसकिएमा शेयरको बिक्री बन्द भएको मिति देखि रकम फिर्ता भुक्तानी दिन शुरू गरेको अघिल्लो दिनसम्मको सरकारी ऋणपत्रको प्रचलित अन्तिम व्याजदरको आधारमा हुन आउने व्याज सहित हिसाब गरी रकम फिर्ता भुक्तानी गरिने व्यवस्था रहेकोमा यस निष्काशनमा धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धि निर्देशिका, २०७३ ले गरेको व्यवस्था बमोजिम आवेदन माग गर्नुपर्ने भएको, जस अनुसार आवेदककै बैंक खातामा रकम रोक्का हुने व्यवस्था रहेको सन्दर्भमा यो व्यवस्था लागु नहुने । स्थानीय बासिन्दा ले C-ASBA प्रणाली भन्दा बाहेक भौतिक रूपमा शेयर आवेदन गरेको खण्डमा, निवेदन साथ प्राप्त रकम बाँडफाँड पछि "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" ले निर्धारित गरेको समयभित्र शेयरको बाँडफाँडपत्र तथा रकम फिर्ता भुक्तानी दिन नसकिएमा शेयरको बिक्री बन्द भएको मितिदेखि रकम फिर्ता भुक्तानी दिन शुरू गरेको अघिल्लो दिनसम्मको सरकारी ऋणपत्रको प्रचलित अन्तिम व्याजदरको आधारमा हुन आउने व्याज सहित हिसाब गरी रकम फिर्ता भुक्तानी गरिनेछ ।

(घ) **धितोपत्र बाँडफाँड तथा प्रमाणपत्र जारी सम्वन्धी प्रकृया र समयावधि :**
यस विवरणपत्र अनुसार जारी गरिएको साधारण शेयरहरू धितोपत्रदर्ता तथा निष्काशन नियमावली, २०७३ तथा नेपाल धितोपत्र बोर्डको प्रचलित व्यवस्था अनुसार निर्धारित समय भित्र बाँडफाँड गरी पूर्ण वा आंशिक रूपमा स्वीकृत/अस्वीकृत भएको व्यहोरा जनाइ प्रचलित व्यवस्था अनुसार निर्धारित अवधिभित्र बाँडफाँडबाट कायम भएका शेयरधनीहरूलाई निजहरूले आवेदनमा उल्लेख गरेको हितग्राही खातामा शेयरको सूचिकरण भए पश्चात सोझै जम्मा गर्ने व्यवस्था गरिनेछ ।

(ङ) **धितोपत्र सूचीकरण भई सकेको भए, त्यस्तो धितोपत्र सूचिकरण गरिएको धितोपत्र बजारको नाम र धितोपत्रको कारोवार शुरू हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरू सम्वन्धी विवरणः** हाल सम्म सूचीकरण भई नसकेको ।

(च) **धितोपत्र सूचीकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्र प्रचलित ऐन नियम अनुसार सहज खरीद, बिक्री वा विनिमय हुन सक्ने गराउनका लागि गरिने व्यवस्था सम्वन्धी विवरणः** हालसम्म सूचिकरण भई नसकेको हुँदा यस शेयरको बाँडफाँड पश्चात नेपाल स्टक एक्सचेञ्ज लिमिटेड तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडको नियमानुसार शेयरको सूचिकरण गराई धितोपत्रको कारोबार गर्ने व्यवस्था मिलाईने छ ।

**ग. १०. च. प्रत्याभूति सम्बन्धी विवरणः**

क) धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकम
यस विवरणपत्र मार्फत सर्वसाधारणमा निष्काशन गर्न लागिएको ५४,८८,००० कित्ता साधारण शेयर वापतको रू. ५४,८८,००,०००/- को शत प्रतिशत अर्थात रू. ५४,८८,००,०००/- रकम बरावरको लागि श्री नागरिक लगानी कोषले प्रत्याभूति प्रदान गरेको छ ।

(ख) धितोपत्र प्रत्याभूतिकर्तासँग गरिएको सम्झौताको मुख्य बूँदाहरू
यस विवरणपत्र मार्फत निष्काशन गर्न लागिएको धितोपत्रको प्रत्याभूतिकर्तासँग मुख्य बुँदाहरू देहाय बमोजिम रहेका छन्

अ) प्रत्याभूतिकर्ताले ५४,८८,००० कित्ता साधारण शेयरको रू. ५४,८८,००,०००/- को सतप्रतिशत अर्थात रू. ५४,८८,००,०००/- रकम बरावरको लागि प्रत्याभूति प्रदान गरेको छ ।

आ) प्रत्याभूतिकर्तालाई प्रत्याभूति सेवाप्रदान गरे वापत कम्पनीले रू.८,२३,२००/- (अक्षरेपी आठ लाख तेइस हजार दुइ सय मात्र) प्रत्याभूति कमिशनको रूपमा दिइने छ ।

इ) यस विवरणपत्र अनुसार जारी गरिने साधारण शेयरहरूमा प्रत्याभूतिकर्ताको दायित्व प्रत्याभूतित कित्ता शेयरहरूमा मात्र सीमित हुनेछ ।

ई) यस विवरणपत्र अनुसार जारी गरिने साधारण शेयरहरू पूर्ण रूपमा बिक्री नभएमा माथि उल्लेखित प्रत्याभूतित कित्ता शेयरहरूमा सीमित हुने गरी खरीद गर्ने सहमती जनाएको छ ।

उ) यस सम्झौतापत्रको अवधि २०७९।१०।०१ सम्म कायम रहने छ ।

ऊ) यस विवरणपत्र अनुसार जारी गरिने साधारण शेयरहरू पूर्ण रूपमा बिक्री भएको जानकारी प्राप्त पश्चात सम्झौतापत्र स्वतःखारेज हुनेछ ।

ए) यस सम्झौताको ब्याख्यामा कुनै विवाद वा बिभेद उत्पन्न भएमा आपसी सहमतिवाट समाधान गरिनेछ । सो बाट विवाद निरोपण नभएमा मध्यस्थकर्ता नियुक्ति गरि विवाद निरोपण गरिनेछ ।

**ग. १०. छ. आवेदन दिंदा ध्यान दिनुपर्ने कुराहरूः**

**(क) धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरू जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्वन्धी विवरणः**

यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको बाँडफाँडमा परेका शेयरधनीहरूको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरू जस्तै मताधिकार, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्र खारेजी आदि सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ/गरिनेछ । साथै, लाभांश, हकप्रद शेयर आदि सम्बन्धी विवरण कम्पनीले नियमित रूपमा आर्जन गर्ने मुनाफा, तथा कम्पनीको पूँजी योजना अनुसार प्रचलित कानून बमोजिम गरिनेछ ।

**(ख) नियमावली, प्रवन्धपत्र प्राप्त गर्ने वा हेर्न सकिने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लने भएमा कुन गुणाङ्कमा लिन सकिने हो सो सम्बन्धी विवरणः**

१. यस कम्पनीको प्रबन्धपत्र तथा नियमावली कार्यालय समयभित्र कम्पनीको रजिष्टर्ड कार्यालय, काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. १०, बानेश्वर, वा धितोपत्र निष्काशन तथा बिक्रीप्रबन्धक प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाण्डौंमा कार्यालय समय भित्र सम्पर्क राखी हेर्न वा प्राप्त गर्न सकिने छ ।

२. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको खरिदका लागि दरखास्त दिंदा दरखास्तवालाले न्यूनतम १० (दश) कित्ता साधारण शेयरको लागि दरखास्त दिनुपर्नेछ । यदि दरखास्तवालाले १० (दश) कित्ताभन्दा बढी साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिन चाहेमा १० (दश) अङ्कको गुणाङ्कमा अधिकतम ५०,००० (पचास हजार मात्र) कित्ता साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिन सक्नेछ ।

३. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण सेयर स्थानिय बासीहरूको हकमा शेयर खरिद गर्नका लागि दरखास्त दिंदा दरखास्तवालाले दरखास्तसाथ आफूले खरीद गर्न चाहेको धितोपत्र संख्याको प्रति धितोपत्र रू .१००/- (एक सय) का दरले हुन आउने एकमुष्ठ रकम यस निष्कासनको लागि तोकिएको संकलन केन्द्रहरूमा जम्मा गरी सोको सक्कल भौचर वा बैंक ड्राफ्ट संलग्न गरी दरखास्त दिनु पर्नेछ ।

४. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण सेयर वैदेशिक रोजगारीमा रहेका व्यक्तिहरूको हकमा शेयर खरिद गर्नका लागि दरखास्त दिंदा दरखास्तवालाले बोर्डबाट धितोपत्र खरिद दरखास्त संकलन सम्बन्धी कार्य गर्न अनुमति प्राप्त आश्वा सदस्य बैंक वा वित्तीय संस्थामा रहेको विप्रेषण (रेमिट्यान्स) बचत खाता मार्फत मात्र भुक्तानी गर्नु पर्नेछ ।

**(ग) आवेदन दिंदा पालन गर्नुपर्ने शर्त बन्देजहरू जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्म दर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहक परिचयपत्र र सम्वन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोवार गरिनुपर्ने जस्ता पक्षहरूः**

यस कम्पनीको प्रवन्धपत्रमा व्यबस्था भए शेयरधनीहरूलाइ अनुसार संस्थापक शेयरधनी र सर्वसाधारण शेयरधनीमा विभाजन गरिएको छ । सर्वसाधारण शेयरधनीहरू लाइ आयोजना प्रभावित क्षेत्रका बासिन्दा, कर्मचारी र सर्वसाधारणमा विभाजन गरिएको छ । जसमध्ये जारी पूँजीको ५१५ शेयर संस्थापक शेयरधनी तथा ४९५ सर्वसाधारणहरूको शेयर रहनेछ । सर्बसाधारणको शेयरमध्ये १०५ प्रतिशत आयोजना प्रभावित क्षेत्र ईलाम जिल्लाका लागि छुट्याइने छ । बांकि ३९५ सर्वसाधारणहरू (कर्मचारीहरू तथा सामूहिक लगानी कोष समेत) लाई निष्कासन तथा बिक्री गरी बाँडफाँड गर्ने व्यवस्था गरिएको छ । आयोजना प्रभावित क्षेत्रका बासिन्दा, वैदेशिक रोजगारीमा रहेका व्यक्तिहरू र कर्मचारीले सोही आधारमा शेयर खरिदको लागि आबेदन दिन सक्ने भएको हुँदा कर्मचारीको हैसियतले पुनःशेयर खरिदको लागि आबेदन दिन सक्ने छैनन् । आयोजना प्रभावित क्षेत्रका स्थानिय बासीन्दाहरू, वैदेशिक रोजगारीमा रहेका व्यक्तिहरू, कर्मचारीहरूले सर्वसाधारण लागि निष्काशन गरेको शेयरमा पुन आवेदन दिएमा त्यस्तो आवेदन स्वतःरद्द हुनेछ ।

**सर्वसाधारण शेयरधनीहरूको हकमाः**

नेपाली नागरिकले यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर खरिदका लागि आवेदन दिंदा निम्न बमोजिमका प्रकृया तथा शर्तहरू पुरा गरेको हुनु पर्नेछ ।

१. आवेदकले सि–आस्वा प्रणालीबाट आफ्नो खाता रहेको सम्बन्धित बैंक तथा वित्तीय संस्था मार्फत मात्र आवेदन दिनु पर्नेछ ।
२. आस्वा प्रणाली अन्तर्गतको आवेदन दिंदा धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३, अनुसूची ४ को सम्पूर्ण विवरणहरू स्पष्ट रूपमा खुलाउनु पर्ने (जस्तैः डिपी आईडी र क्लाइन्ट आईडी, खाता नं., नाम, थर, ठेगाना, सम्पर्क नं. नागरिकता नं., धितोपत्र निष्काशन कम्पनीको नाम, खरीद गर्न चाहेको धितोपत्रको संख्या, खरीद गर्न चाहेको धितोपत्रको रकम आदि) ।
३. आवेदकले आवेदन दिनुपूर्व आफ्नो खाता रहेको सम्बन्धित बैंक तथ वित्तीय संस्थामा गई **"धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रीकृत विद्युतीय सेवा कार्य सञ्चालन निर्देशिका, २०७४"** को अनुसूची ४ बमोजिमको सि–आस्वा रजिष्ट्रेशन फाराम फरी CRN नं. लिनुपर्नेछ ।
४. आवेदकको बैंक खातामा भएको विवरण र अनुसूची ४ मा भएको विवरण मिल्नुपर्नेछ ।
५. आवेदकले CRN नं. प्राप्त गरेपश्चात शेयर खरिदका लागि तोकिएको ढाँचामा सम्बन्धित बैंक तथा वित्तीय संस्थामा धितोपत्र खरिदका लागि आवेदन दिनु पर्नेछ ।
६. आवेदकले आवेदनमा उल्लेख गरेको हितग्राही परिचय नं. अन्य विवरण सि–आस्वा सफ्टवेयरमा रहेको आवेदकको हितग्राही खाता र अन्य विवरणसँग रूजु हुनुपर्नेछ ।
७. आवेदकले आवेदन फाराम बुझाउँदा देहायका कुराहरूमा विशेष ध्यानदिई स्पष्टसँग आवेदन फाराम भरी बुझाउनु पर्नेछ :
    क) धितोपत्र निष्काशनकर्ता कम्पनीको नाम ।
    ख) आवेदकको नाम, थर, ठेगाना, नागरिकता नं., दस्तखत, सम्पर्क फोन नं. र ईमेल ।
    ग) नाबालक र विक्षिप्त व्यक्तिको हकमा संरक्षकको नाम, थर र नाता ।
    घ) खरिद गर्न चाहेको धितोपत्रको संख्या (अंक र अक्षरमा)
    ङ) खरिद गर्न चाहेको धितोपत्र वापतको रकम (अंक र अक्षरमा)
    च) आवेदकको खाता रहेको बैंकको नाम, ठेगाना, खाता नं. र खाताको किसिम ।
    छ) आवेदकको हितग्राही (डिम्याट) खाता नम्बर
८. आवेदकले आवेदन दिंदा सि–आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरूमा रहेको आवेदन वापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्क्रिय रहेको हुनुहुँदैन ।
९. आवेदन दिएको रकम बराबरको रकम बैंक खातामा हुनुपर्नेछ ।
१०. एक व्यक्तिले आफूले खरीद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढि दरखास्त दिन पाइने छैन । यदि एक व्यक्तिको नाममा एक भन्दा बढि आवेदन प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्द गरिनेछ ।
११. धितोपत्र खरिदका लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिइसकेपछि खरिद गरेको धितोपत्र वापतको रकम भुक्तानी नहुँदै प्रचलित कानुन बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा विक्री प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई आदेश बमोजिम गरिनेछ ।
१२. धितोपत्र बाँडफाँड गर्नुपूर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक तथा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरून्त निष्काशन तथा बिक्री प्रबन्धकलाई दिनुपर्नेछ ।
१३. सिडिएस एण्ड क्लियरिङ्ग लि. बाट उपलब्ध गराइएको "मेरो सेयर" सफ्टवेयरबाट पनि आवेदकले आवेदन दिन सक्नेछन् । त्यसका लागि आवेदकले आफ्नो हितग्राही खातामा बैंक खाताको विवरण उल्लेख गरिसकेको हुनुपर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट CRN नं. लिइसकेको हुनुपर्नेछ ।
१४. रितपूर्वक प्राप्त नभएको दरखास्त फारामलाई साधारण शेयर बाँडफाँडमा समावेश गरिने छैन र सोको जिम्मेवार आवेदक र सम्बन्धित सि–आस्वा सदस्य बैंक तथा वित्तीय संस्था स्वयं हुनुपर्नेछ ।
१५. शेयर बाँडफाँड गरि सूचीकरण पश्चात बाँडफाँडमा परका आवेदकहरूलाई बाँडफाँटमा परेको शेयर निजहरूको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिनेछ ।
१६. रू. ५ लाख सम्मको लागि आवेदन दिने आवेदकले स्वेच्छिक रूपमा र सो भन्दा बढि रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रूपमा प्यान नम्बर दरखास्त फाराममा खुलाउनु पर्नेछ ।

यस विवरणपत्र मार्फत निष्काशन गरिने शेयरका लागि न्यूनतम १० (दश) कित्ता तथा सो भन्दा बढीका लागि १० अंकले भाग जाने संख्यामा अधिकतम १०,००० (दस हजार) कित्ता शेयरको लागि आवेदन दिन सकिनेछ ।

**ग. ११. सम्बन्धित पक्ष बीचको कारोबार सम्बन्धी विवरणः**

कम्पनी र निम्नलिखित पक्ष बीच विगत २ वर्षको अवधिमा कुनै प्रकारको वस्तुगत कारोवार भएको वा कुनै कारोवार गर्न प्रस्ताव गरिएको भए कारोवारमा संलग्न व्यक्तिहरूको नाम, तिनीहरूको संस्थासँगको सम्बन्ध, कारोवारको प्रकृति र रकम सम्बन्धी विवरण :

क. संगठित संस्थाको कार्यकारी अधिकृत वा सञ्चालकको रूपमा रहेको व्यक्ति : सो नभएको ।

ख. आधारभूत शेयरधनीः श्री राजेन्द्र प्रसाद गौतम कम्पनीको आधारभुत शेयर धनी रहेको र निजको नाममा आ.व. २०७८।७९ को लेखापरिक्षण विवरणमा पेश्की रहेको रू १,६५,६०,००० सामाजिक उत्तरदायित्व अन्तर्गतको खर्चको लागि पेश्की दिइएको र आ.प. २०७९।८० मा फर्छ्यौट भएको ।

ग. खण्ड (क) र (ख) मा उल्लेखित कुनै व्यक्तिको एकाघर परिवारको सदस्यः सो नभएको ।

घ. संगठित संस्थाको कार्यकारी अधिकृत वा सञ्चालक वा आधारभूत शेयरधनीले ३० प्रतिशत वा सो भन्दा बढी मताधिकार हुने गरी शेयर स्वामित्व ग्रहण गरेको कम्पनी वा संगठित संस्था : सो नभएको ।

ङ. संगठित संस्थाको वा यसको सहायक कम्पनीले हालको सञ्चालक वा निजको एकाघर परिवारको सदस्यका लागि कुनै कारोबार वा सम्झौता गरेको छ भने सो वा विवरणपत्र प्रकाशन गर्नु भन्दा ३ वर्ष अगाडिको अवधिमा वित्तीय संस्थाको सञ्चालक वा सञ्चालकको एकाघर परिवारको सदस्यका लागि कुनै कारोबार वा सम्झौता गरेको भए सो कुराः कुनै कारोवार वा सम्झौता नभएको ।

च. कुनै सञ्चालक वा सञ्चालकको एकाघर परिवारको सदस्यलाई कुनै ऋण दिएको वा निजसँग लिएको भए उक्त ऋण सम्बन्धी विस्तृत विवरण जस्तै ऋण बापत लिएको रकम, ऋणको ब्याजदर, ऋण लिएको मिति, ऋण भुक्तानी अवधि आदि विवरणः ऋण कारोबार गरेको छैन ।

**ग. १२. विदेशी लगानी र व्यवस्थापन सम्बन्धी विवरणः** कम्पनीमा विदेशी लगानी र विदेशी ब्यबस्थापन नरहेको ।

**ग. १३. सूचीकृत संगठित संस्थाले सार्वजनिक निष्काशन गर्ने भएमा सो सम्बन्धी विवरणः** निष्कासनकर्ता कम्पनी सुचीकृत संगठित संस्था नभएको

**क. संगठित संस्थाको विगत ३ आर्थिक वर्षको त्रैमासिक अवधिको उच्चतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोबार भएको शेयर संख्या : नभएको ।**

**ख. बोर्डमा विवरणपत्र दर्ताको लागि प्रस्तुत गर्नुभन्दा ६ महिना अगाडिको अवधिको मासिक रूपमाउच्च, न्यून र अन्तिममूल्यका साथै प्रत्येक महिनामा कारोबार भएको कुलदिन र कुल कारोबार भएको धितोपत्रको संख्याः**

**ग. १४. पछिल्लो सार्वजनिक निष्काशनको अनुमान तथा उपलब्धी सम्बन्धी विवरणः**

**संगठित संस्थाले यसभन्दा अगाडी धितोपत्र निष्कासन गर्दा तयार गरेको विवरण-पत्र वा अन्य विवरणहरूमा उल्लेख गरिएका लक्ष्य तथा कार्यक्रमहरू तथा खुद मुनाफा हासिल गर्न सके/नसकेको, नसकेको अवस्थामा लक्ष्य तथा कार्यक्रमका साथै विवरणपत्र वा अन्य विवरणहरूमा प्रक्षेपित खुद मुनाफाभन्दा बीस प्रतिशत वा सो भन्दा बढीले न्युन हुन गएको भए यसरी फरक पर्नुको कारणः** हाल सम्म कुनै सार्वजनिक निष्कासन नगरिएको ।

**ग. १५. परामर्शदाता/विशेषज्ञ सम्बन्धी विवरणः**

**क. लेखापरीक्षक, प्रमुख बैंक, निष्काशन कार्यसँग संलग्न बैंक, प्रक्षेपित वित्तीय विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञ आदिको नाम तथा ठेगाना**

**(अ) लेखापरीक्षकः** यस कम्पनीको लेखापरिक्षण सम्बन्धि कार्य जी पौड्याल एण्ड एशोसियट्सले गर्नु भएको हो ।

**(आ) निष्काशन बैंक (Bankers to the Issue):** यस विवरणपत्र मार्फत निष्काशित साधारण शेयरहरूको लागि निष्काशन बैंक (Banker to the Issue) निम्न अनुसार रहेको छ ।

| सि.नं | बैकको नाम तथा शाखाको ठेगाना | खाताको नाम | खाता नं. | कैफियत |
|---|---|---|---|---|
| १ | प्रभु बैंक लिमिटेड, कमलादी शाखा | प्रभु क्यापिटल लिमिटेड | १११००६३१८१६००११३ | |

**(इ) वित्तीय प्रक्षेपणको विवरण तयार पार्ने विज्ञः** यस विवरणपत्रमा उल्लेख गरिएको वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान कम्पनी स्वयमले गरेको हो ।

**(ई) वित्तीय प्रक्षेपणको अनुमान तथा आधारहरू पुनरावलोकन गरी विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञः** यस विवरणपत्रमा उल्लेख गरिए बमोजिम तयार गरिएको वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरू पुनरावलोकन गरी सो आधारमा तयार गरिएका वित्तीय प्रक्षेपणका विवरण यथार्थपरक रहेको भनी प्रमाणित गर्ने विशेषज्ञमा जी पौड्याल एण्ड एशोसियट्स रहनु भएको छ ।

**ख. माथि खण्ड क. मा उल्लेखित संस्था वा व्यक्तिसँग भएको सहमतिका मुख्यमुख्य बूँदा तथा शर्तहरूः**

**(अ) लेखापरीक्षकः** सो नभएको ।

**(आ) निष्काशन बैंक (Bankers to the Issue):** सी-आस्बा प्रणाली लागू भएकोले धितोपत्र बाँडफाँड पश्चात बाँडफाँडमा परेको धितोपत्र बापतको रकम सम्बन्धित आस्बा सदस्य बैंक तथा वित्तीय संस्थाहरूले निष्काशन तथा बिक्री प्रबन्धकबाट जानकारी प्राप्त गरेको मितिले ३ दिन भित्र उक्त रकम निष्काशन बिक्री प्रबन्धकको खातामा हस्तान्तरण गरिदिनु पर्नेछ । साथै धितोपत्र बाँडफाँडमा नपरेका आवेदकहरूको हकमा समेत निष्काशन तथा बिक्री प्रबन्धकबाट जानकारी प्राप्तभएको ३ कार्यदिनभित्र सम्बन्धित आवेदकहरूको खाता फुकुवा गरिदिनु पर्नेछ ।

**ग. १६. आयोजना सम्पन्न गर्नको लागि सार्वजनिक निष्काशन बाहेक अन्य वित्तीय श्रोतहरू प्रयोग गरिएको छ/छैन, तत्सम्बन्धी विवरणः** यो परियोजना निर्माण गर्नका लागि संस्थापक शेयरधनीहरूको स्वलगानी र बैंक तथा वित्तीय संस्थाहरूबाट ऋण प्राप्त गरि आयोजनाका कामहरू सम्पन्न गरिएको छ ।

**ग. १७. मुद्दा तथा विवाद सम्बन्धी विवरणः**

**क. संगठित संस्थाको तरलता, मौज्दात, कार्य संचालन मातात्विक असर पर्ने खालको कुनै मुद्दा मामिला वा विवाद भए सो सम्बन्धी विवरण तथा उपरोक्त मुद्दा वा विवादको कारणबाट पर्न सक्ने प्रभाव सम्बन्धमा व्यवस्थापनको धारणाः** सो नभएको ।

**ख. संगठित संस्थालाई असर पर्ने गरी संस्थाको संस्थापक/सञ्चालकले वा लाई दायर गरिएको मुद्दा सम्बन्धी विवरण** :सो नभएको ।

**ग. विगत पाँच वर्षमा संगठित संस्थाको कुनै संस्थापक/सञ्चालक कालोसूचीमा परेको वा कुनै नैतिक वा आर्थिक कारणबाट कुनै नियमन निकाय वा अदालतले सजाय गराएको भए, त्यस्तो संस्थापक/सञ्चालकको नाम र सजाय गर्ने नियमन निकाय वा अदालतको नाम सम्बन्धी विवरणः** सो नभएको ।

**घ. संगठित संस्था बैंक वा वित्तीय संस्थामा ऋण नतिरी डिफल्ट भएको, नियम अनुसारको शुल्क नतिरेको, धितोपत्रवालाहरूको कुनै रकम भुक्तानी नगरिएको भए तत्सम्बन्धी विवरणः** सो नभएको ।

**ग. १८. गुनासो सुन्ने र समाधान गर्ने प्रकृयाः**

निष्काशन गर्न लागिएको धितोपत्र सम्बन्धी लगानीकर्ताहरूको गुनासो तथा सुझाव सुन्न तथा सोको समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाडौंमा एउटा छुट्टै कक्षको व्यवस्था गरिएको हुँदा त्यहाँ सम्पर्क गर्न सकिनेछ । कुनै पनि लगानीकर्ताले यस निष्काशन सम्बन्धी बिषयमा कुनै गुनासो वा सुझावका लागी सम्पर्क अधिकारी श्री रामहरी खत्रीलाई निजकै कार्यालयमा वा निजलाई कार्यालय समयभित्र ०१-५९७०२०० मा सम्पर्क गर्न सकिनेछ ।

**ग. १९. नगद नलिई कसैलाई धितोपत्र निष्काशन गरिएको छ भने त्यस्तो व्यक्ति वा समूहको नाम, खरीद गरिएको सम्पत्ति वा सेवा सम्बन्धी विवरण, निष्काशन गरिएको धितोपत्रको संख्या र दर सम्बन्धी विवरणः** सो नभएको ।

**ग. २०. ऋणपत्र निष्काशन सम्बन्धी विवरणः** हालसम्म कम्पनीले ऋणपत्र निष्काशन गरेको छैन र यो साधारण शेयर निष्काशन सर्वसाधारणका लागि मात्र हो ।

**ग. २१. अग्राधिकार शेयर निष्काशन सम्बन्धी व्यवस्थाः** अग्राधिकार शेयर जारी गरिएको छैन ।

**ग. २२. अन्य सामान्य जानकारीः**

**क. विशेषज्ञको कुनै राय भएमा, सो को विवरणः** यस विवरण पत्रमा उल्लेखित वित्तीय विवरण तथा प्रक्षेपणको अनुमानहरू तथा आधारहरू, गत आ.व.हरूको लेखा परिक्षण भइसकेका वित्तीय विवरणहरू, विद्युत खरिद बिक्री सम्झौता, आयोजना समाप्तिको अवधि तथा सोको लागत, आयोजनाका लागि ऋण लिने सम्बन्धमा भएको सम्झौता एवं हालको जलविद्युत बजारको स्थिति, कम्पनीको हालको दक्षता र कम्पनीले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा पुनरावलोकन गरी विवरण ठीक छ भनी प्रमाणित गर्ने चार्टर्ड एकाउण्टेण्ट संस्था जी पौड्याल एण्ड एशोसियट्सले प्रमाणित गर्नु भएको छ ।

**ख. गत तीन आर्थिक वर्ष भित्रमा कुनै सञ्चालक, लेखापरीक्षक परिवर्तन भएको भए, सोको कारणः**

गत तीन आर्थिक वर्षमा सञ्चालक समितिमा भएको परिवर्तन देहाय बमोजिम रहेको छ ।

| क्र.सं. | संचालकहरूको नाम | पद | संचालकमा बहाल रहेको अवधि | | परिवर्तनको कारण |
|---|---|---|---|---|---|
| | | | देखि | सम्म | |
| १ | श्री राजेन्द्र प्रसाद गौतम | अध्यक्ष | २०७७/११/१८ | २०७८/०५/२३ | व्यावस्थापन परिवर्तन |
| २ | श्री कृष्ण प्रसाद न्यौपान | संचालक | २०७७/११/१८ | २०७८/०५/२३ | व्यावस्थापन परिवर्तन |
| ३ | श्री मोहन विक्रम कार्की | संचालक | २०७७/११/१८ | २०७८/०५/२३ | व्यावस्थापन परिवर्तन |
| ४ | श्री माधव प्रसाद मैनाली | संचालक | २०७७/११/१८ | २०७८/०५/२३ | व्यावस्थापन परिवर्तन |
| ५ | श्री राजेन्द्र कुमार बि.सी | संचालक | २०७७/११/१८ | २०७८/०५/२३ | व्यावस्थापन परिवर्तन |
| ६ | श्री शैलेन्द्र गुरागाई | अध्यक्ष | २०७८/०५/२३ | २०८२/०५/२२ | |
| ७ | श्री डा. भुषण गुरागाई | प्रबन्ध संचालक | २०७८/०५/२३ | २०८२/०५/२२ | |
| ८ | श्री डा. भोगेन्द्र कुमार गुरागाई | संचालक | २०७८/०५/२३ | २०८२/०५/२२ | |
| ९ | श्री रविन सुवेदी | संचालक | २०७८/०५/२३ | २०८२/०५/२२ | |
| १० | श्री श्रीजेश गुरागाइ | संचालक | २०७८/०५/२३ | २०८२/०५/२२ | |
| ११ | श्रीमति रिली गुरूङ | संचालक | २०७८/११/१६ | २०८२/०५/२२ | |
| १२ | श्रीमति जमुना पौडेल | स्वतन्त्र संचालक | २०७८/०९/१४ | २०८२/०५/२२ | |

*नोटः मिति २०७७।११।१८ गते कम्पनी पब्लिक लिमिटेडमा परिणत भएको र मिति २०७८।०५।२३ देखि कम्पनी नँया व्यवस्थापनले लिएको हुनाले संचलक समितिमा परिवर्तन भएको ।*

**गत तीन आर्थिक वर्षमा लेखापरीक्षकमा भएको परिवर्तन र सोका कारणहरूः**

आ.व. २०७६।७७ तथा २०७७।७८ का लागि लेखापरीक्षकः
नामः श्रेष्ठ एस एण्ड एसोसियट्स
ठेगाना : काठमाडौं ।
योग्यता : चार्टर्ड एकाउन्टेन्टस्
आ.व. २०७८।७९ का लागि लेखापरीक्षकः
नामः जी पौड्याल एण्ड एसोसियट्स
ठेगाना : काठमाडौं ।
योग्यता : चार्टर्ड एकाउन्टेन्टस्

*नोट : कम्पनी नँया व्यवस्थापनले लिएको हुनाले लेखा परीक्षक परिवर्तन गरिएको ।*

**ग. कम्पनी सचिवको नाम, ठेगाना र योग्यता :**

नाम : श्री टंक प्रसाद रेग्मी,

ठेगाना : का.जि.का.म.न.पा २९, काठमाडौं,

योग्यता : बि.ए., बि.एल.

**घ. सार्वजनिक निष्काशन गर्नका लागि सञ्चालक समितिबाट भएको निर्णय सम्बन्धी विवरणः**

कम्पनीले स्वीकृत प्रवन्धपत्रको दफा ५ बमोजिम कम्पनीको जारी पूँजीको ४९ प्रतिशत शेयर अर्थात रू. ५४,८८,००,०००/- (अक्षरेपी चौउन्न करोड अठासि लाख मात्र) रकम बराबरको रू. १००/- अंकित दरका ५४,८८,००० कित्ता उद्योग प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरू र सर्वसाधारणको लागि छुट्टयाएको छ जसमध्ये जारी पूँजीको १० प्रतिशत अर्थात रू. ११,२०,००,०००/- (अक्षरेपी एघार करोड बीस लाख मात्र) रकम बराबरको रू.१००/- अंकित दरका ११,१२,००० कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरूलाई र जारी पूँजीको ३९ प्रतशित शेयर अर्थात रू. ४३,६८,००,०००/- (अक्षरेपी त्रिचालीस करोड अठसी लाख मात्र) रकम बराबरको रू.१००/- अंकित दरका ४३,६८,००० कित्ता शेयर सर्वसाधारण (कर्मचारी तथा सामुहिक लगानी कोष समेत) को लागि बिक्री गर्न छट्टयाइएको छ । उक्त शेयर निष्काशन प्रयोजानार्थ नेपाल धितोपत्र बोर्ड समक्ष निवेदन पेश गर्ने लगायत यो सँग सम्बन्धित आवश्यक सम्पूर्ण प्रकृयाको लागि मति २०७९।०४।२५ गते बसेको कम्पनीको दोश्रो साधारणसभाले सर्वसाधारणमा प्रारम्भिक शेयर निष्काशन गर्ने निर्णय भएको । उक्त शेयरहरू निष्काशन गर्नका लागि निष्काशन तथा बिक्री प्रबन्धकमा प्रभु क्यापिटल लिमिटेडलाइ नियुक्त गरिएको छ । त्यस्तै बिद्युत उत्पादन अनुमतिपत्र र कम्पनीको प्रवन्धपत्रमा भएको ब्यबस्था बमोजिम यस कम्पनीले सार्वजनिक निष्काशन गर्न लागेको ५४,८८,००० कित्ता शेयरमध्ये स्थानीय बासिन्दा अर्थात आयोजना प्रभावित क्षेत्रका लागि ११,२०,००० कित्ता शेयर छट्याउने र कम्पनीको १,१२,००,००० कित्ता शेयर नेपाल धितोपत्र बोर्डमा दर्ता गर्ने भनी मिति २०७९।०४।२५ मा बसेको कम्पनीको दोश्रो वार्षिक साधारण सभाको बैठकको निर्णय तथा मिति २०७९।०४।२९ मा बसेको कम्पनीको संचालक समितिको निर्णय बमोजिम ।

**ङ. संगठित संस्था वा यसका शेयरधनीलाई कुनै विशेष कर सुविधा दिइएको भए, सो सम्बन्धी विवरणः** यो आयोजनाबाट प्राप्त हुने आयमा कम्पनीलाई पहिलो १० वर्षसम्म शत प्रतिशत आयकर छुट तथा सो पश्चात ५ वर्षको लागि पचास प्रतिशत आयकर छुट आयकर ऐन, २०५८ बाट प्रदान गरिएको छ ।

**च. संगठित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ र समयः** कार्यालय समयभित्र निम्न लिखित स्थानहरूमा कम्पनीको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा(नोक्सान हिसाव तथा नगदप्रवाहको विवरण प्राप्त गर्न वा निरीक्षण गर्न सकिने छ ।

(क) कम्पनीको रजिष्टर्ड (केन्द्रीय) कार्यालय काठमाण्डौ महानगरपालिका-२९, अनामनगर काठमाडौं ।

(ख) धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक-प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाडौं ।

**छ. बोनस शेयर सम्बन्धी व्यवस्थाः**

हालसम्म बोनस शेयर जारी गरिएको छैन । भविष्यमा प्रचलित ऐन र नेपाल धितोपत्र बोर्डको प्रचलित बोनस शेयर निष्काशन सम्बन्धी व्यवस्था अनुसार बोनस शेयर जारी गर्न सकिनेछ ।

**ज. शेयरवाला, कर्मचारी वा अरू कसैको लागि शेयर सुरक्षित गर्ने व्यवस्था गरिएको भएमा सो कुराः**

यस विवरणपत्रद्वारा कम्पनीले निष्काशन गरिएको आफ्नो जारी पूँजी रू. १,१२,००,००,०००/- (एक अर्ब बाह्र करोड मात्र) को ४९% अर्थात् ५४,८८,००० कित्ता साधारण शेयर सर्वसाधारणको निष्काशन गरेकोमा सोमध्ये जारी पूँजीको १०% अर्थात ११,२०,००,००० (एघार करोड बीस लाख मात्र) रकम बराबरको रू. १०० अंकित दरका ११,२०,००० कित्ता साधारण शेयर आयोजनाप्रभावित क्षेत्र (उद्योग प्रभावित क्षेत्र) का बासिन्दाहरूको निमित्त बिक्रीवितरण गरिने छ । सार्वजनिक निष्काशन गरिने शेयरको १० प्रतिशत अर्थात रू. ४,३६,८०,०००/- (चार करोड छत्तीस लाख असी हजार) रकम बराबरको रू.१००/- अंकित दरका ४,३६,८०० (चार लाख छत्तीस हजार आठ सय) कित्ता शेयरहरू नेपाल सरकारको सम्बधित निकायबाट श्रम स्वीकृत प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरूका लागि निमित्त

धितोपत्र दर्ता तथा बाँडफाँड निर्देशिका, २०७४, दफा ४ख को अधिनमा रही निष्काशन गरी बिक्री वितरण गरिने छ । साथै, आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरूलाई तथा नेपाल सरकारको सम्बधित निकायबाट श्रम स्वीकृत प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरूका लागि छुटयाईएका शेयर बाँडफाँड गरे पश्चात जारी पूँजीको ३९% अर्थात् रू. ४३,६८,००,०००/- (त्रिचालीस करोड अठसी लाख) रकम बराबरको रू. १००/- अंकित दरका ४३,६८,००० (त्रिचालीस लाख अठसी हजार) कित्ता शेयरहरू मध्ये २,१८,४०० कित्ता शेयर (सर्वसाधारणको लागि छुटयाईएको शेयरको ५ प्रतिशत) सामूहिक लगानी कोषका योजनाहरूको लागि र १,३१,०४० कित्ता शेयर (सर्वसाधारणको लागि छुटयाईएको शेयरको ३ प्रतिशत) कर्मचारीहरूको लागि सुरक्षित राखी बाँकी रहेको ३५,८१,७६० कित्ता शेयर धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को अधिनमा रही सर्वसाधारणमा सार्वजनिक निष्काशन गरी बिक्री वितरण गरिने छ कर्मचारीहरूको लागि यसरी छुट्याइको शेयर कर्मचारीहरूबाट माग भई आएको हकमा संचालक समितिले औचित्यपुर्ण तवरबाट बाँडफाँड गर्ने छ र कर्मचारीहरू, सामुहिक लगानी कोष तथा बाट सम्पुर्ण शेयरका लागि माग भई नआएको अवस्थामा बाँकी शेयरहरू सर्वसाधारणमा बाँडफाँड गरिनेछ ।

**झ. कम्पनीले कम्पनी ऐनले गरेको व्यवस्थाहरू, आफ्नो कारोबारसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था पूर्ण पालना गरेको सम्बन्धमा गरेको उद्घोषणः**

कम्पनीले कम्पनी ऐन, २०६३ ले गरेको व्यवस्थाहरु आफूले गर्ने व्यावसायसंग सम्बन्धित ऐन, नियम तथा नियम व्यवस्था तथा नियमन निकायहरूले दिएको निर्देशनहरूको पूर्ण रूपमा पालना गरेको छ र सोही निर्देशनहरूको दायरा भित्र रहि कार्य गरिरहेको र यस विवरण–पत्रमा उल्लेख गरिएको विवरणहरु समेत सोही अनुरूप तयार गरिएको हो भन्ने कम्पनीको उद्घोषण रहेको छ । साथै यस संस्थाले कम्पनी रजिष्ट्रारको कार्यालयमा आर्थिक वर्ष २०७७/०७८ सम्मका विवरणहरू पेश गरेको हुनाले उक्त आर्थिक वर्षसम्म यो कम्पनी कम्पनी रजिष्ट्रारको कार्यालयमा अद्यावधिक रहेको छ । सो व्यहोराको जानकारी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८।१०।०९.को पत्रबाट प्राप्त भएको छ ।

**ञ. धितोपत्र बिक्री वितरण सम्बन्धी व्यवस्थाः**

यस विवरणपत्र मार्फत निष्काशित साधारण शेयर बिक्री वितरणका लागि आस्वा सदस्य प्राप्त बैंक तथा वित्तीय संस्थाहरूका देश भरी फैलिएर रहेका तोकिएका शाखाहरू मार्फत आवेदन दिन सक्ने व्यवस्था रहेको छ ।

**ट. विवरणपत्र तयार गर्ने व्यवसायीक संस्थाको नाम र ठेगाना सम्बन्धी विवरणः**

यस विवरणपत्र तयार पार्ने व्यावसायिक संस्थामा निष्काशन तथा बिक्री प्रबन्धक प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाडौं रहेको छ ।

**ठ. सकारात्मक पक्षहरूः**

१) आयोजनाबाट प्राप्त हुने आयमा पहिलो १० वर्ष शत प्रतिशत र त्यसपछिको ५ बर्ष ५० प्रतिशत आयकर छुट प्राप्त हुने हुँदा लाभांशको दर सामान्यतया बढी हुन सक्ने अवस्था रहेको छ । यस जलविद्युत आयोजनाको सम्पूर्ण संरचना, मेशिन, औजार तथा उपकरणहरूको जोखीमलाई न्यूनीकरण गर्न बिभिन्न प्रकारका चारवटा बीमा गरिएको छ ।

२) कम्पनीसँग दक्ष युवा जनशक्ति रहेकोले यो कम्पनी नेपालमा जलविद्युत आयोजनाको विकास र निर्माणको काममा सफल रहेको ।

३) जलविद्युतको क्षेत्रमा अध्ययन अनुसन्धान तथा विकास कार्यमा योजनाबद्ध ढंगले समर्पित भएर काम गरिरहेकोले यस कम्पनीको भविष्य उज्ज्वल रहेको ।

**ड. शेयर रजिष्ट्रार सम्बन्धी व्यवस्थाः**

नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकरण गरे पश्चात् शेयरको दाखिल खारेज, दस्तखत रूजु आदि सम्बन्धी कार्य गर्न नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त मर्चेण्ट बैंकहरूमध्ये कुनै एकलाई छनौट गरी शेयर रजिष्ट्रारमा नियुक्ति गरिने छ

**ढ. धितोपत्र बिक्री खुल्ला रहने अवधिः**

स्वीकृत विवरणपत्र मार्फत निष्काशन गरिने शेयरको लागि आवेदन लिने कार्य कम्तीमा चार कार्य दिनको लागि खुल्ला गरिनेछ । सो अवधिभित्र निष्काशन गरिएको सबै धितोपत्र बिक्री नभएमा दरखास्त खुल्ला भएको मितिले बढीमा १५ (पन्ध्र) दिनका लागि धितोपत्रको लागि दरखास्त खुल्ला रहनेछ ।

ण. **क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्थाः**

यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (तेस्रो संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्यूर रेटिङ्ग गराउनु पर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था इक्रा रेटीङ्गस नेपाल लिमिटेडबाट इस्यूर रेटिङ्ग गराई "ICRA-NP BBB-(Is)" (Pronounced as [TRIPLE B minus (Issuer) रेटिङ्ग प्राप्त गरेको छ र सो रेटिङ्गले "Moderate credit risk of default regarding timely servicing of financial obligations, in Nepal" जनाउँदछ । ईक्रा रेटीङ्गस नेपाल लिमिटेडले [ICRA-NP AAA-Is] [ICRA-NP D-Is] सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा ग्रेड [ICRA-NP AAA-Is] ले बलियो आधार जनाउँछ र [ICRA-NP D-Is] ले कमजोर आधार जनाउँदछ । यसको अर्थ ICRA-NP BBB-(Is)को स्थिति ICRA-NPBBB+(Is) को भन्दा एक चिन्ह तल रहन्छ । उक्त रेटिङ्गको ग्रेडिङ बहाल रहने अवधि २०८०/०२/३० गतेसम्म रहेको छ ।

त. **धितोपत्र निष्काशन नियमावली, २०७३ को नियम ९ को उपनियम ३ का ब्यबस्थाहरू देहाय बमोजिम रहेको छ :**

(१) **कम्पनी आफ्नो उद्देश्य अनुसार कारोबार संचालन गर्नका लागि आवश्यक कार्यहरू अगाडि बढाई एक वर्षको अवधि पूरा गरि सकेकोः** नेपालमा रहेको अपार जलश्रोतको उपयोग गरी जलविद्युत आयोजनाहरूको पहिचान गरी संभाव्यता अध्ययन, निर्माण र संचालन गर्ने हेतुले निजी क्षेत्रका उद्यमीहरू मिलेर मिति २०७२/०८/१४ मा नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा सगरमाथा जलविद्युत कम्पनी लिमिटेडको नाममा प्राइभेट लिमिटेड कम्पनीको रूपमा दर्ता भई कारोबार संचालन गर्दै आएको थियो । यस कम्पनीमा आयोजना प्रभावित क्षेत्र (उद्योग प्रभावित क्षेत्र) का बासिन्दा तथा सर्वसाधारणहरूको जनसहभागिता बिस्तार गर्ने हेतुले मिति २०७७/११/१८ मा पब्लिक लिमिटेड कम्पनीमा परिणत भई सगरमाथा जलविद्युत कम्पनी लिमिटेडको नाममा २०७८/०५/२० देखि कारोबार संचालन गर्दै आएको कम्पनी हो ।

(२) **नियमानुसार लेखा परीक्षक तथा साधारण सभा सम्पन्न गरेकोः** यस कम्पनीले कम्पनी ऐन, २०६३ बमोजिम साधारण सभा गर्दै आइरहेको र पछिल्लो पटक मिति २०७८।०९।१४गते सम्पन्न भएको प्रथम बार्षिक साधारण सभाबाट अनुमोदन भए अनुसार कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख भए बमोजिमको जी पौड्याल एण्ड एसोसियटस् चार्टर्ड एकाउण्टेण्टसलाई आ.व. २०७८/०७९ का लागि लेखापरिक्षकमा नियुक्त गरिएको थियो ।

(३) **प्रचलित कानुन बमोजिम संगठित संस्थाले गर्ने मूख्य कार्य गर्नको लागि कुनै निकायबाट इजाजत, अनुमति वा स्वीकृति लिनुपर्ने भएमा त्यस्तो इजाजत अनुमति वा स्वीकृति लिइसकेकोः** सुपर माई ए जलविद्युत आयोजना (९.६ मे.वा.) को मिति २०७४/११/१८ मा नेपाल सरकार, ऊर्जा मन्त्रालय, विद्युत विकास विभागबाट विद्युत उत्पादनको अनुमतिपत्र वि.वि.वि.०७४/७५ वि.उ.२२४) प्राप्त भएको हो र उक्त अनुमतिपत्र मिति २१०९/११/१७ गतेसम्म बहाल रहनेछ ।

(४) **संगठित संस्थाको लागि आवश्यक पर्ने जग्गा खरिद वा अन्यप्रकारले व्यवस्था गरी कारखाना भवन, कार्यालय भवन गोदाम घर तथाअन्य आवश्यक सुविधाहरू निर्माण कार्य शुरू गरिसकेकोः** कम्पनीले आयोजना निर्माणका लागि आवश्यक निजी जग्गा खरीद लगायत निर्माण कार्य सम्पन्न भइ आयोजना संचालनमा रहेको ।

(५) **उत्पादनको प्रविधि छनौट गरी उद्योगको लागि आवश्यक पर्ने यान्त्रिक उपकरण तथा त्यसका पाटपूर्जा आदि खरिद गर्नुपर्ने भएमा खरिद प्रक्रिया अगाडि बढाइ सकेकोः** सम्पूर्ण खरिद कार्य सम्पन्न भइसकेको ।

(६) **धितोपत्रको आयोजना प्रभावित स्थानियवासी तथा सर्वसाधारणको लागी सार्वजनिक निष्काशन सम्वन्धमा निष्काशन तथा बिक्री प्रवन्धकसंगको सम्झौताः** धितोपत्रको आयोजना प्रभावित स्थानियवासी तथा सर्वसाधारणको लागी सार्वजनिक निष्काशन सम्वन्धी कार्य गर्न शेयर निष्काशन तथा विक्री प्रवन्धकको रूपमा श्री प्रभु क्यापिटल लिमिटेडसँग मिति २०७९/०२/१९ गते द्विपक्षिय सम्झौता सम्पन्न भएको छ ।

(७) **आयोजना निर्माण अवधिभर कम्पनीको ऋण र पूँजीको अनुपात धितोपत्र निष्काशन निर्देशिकामा तोकिए बमोजिम राख्न सहमत भएकोः** आयोजनाको निर्माण सम्पन्न भइसकेको ।

(८) **संस्थापकहरूले आफुले लिन कबुल गरेको रकम शतप्रतिशत चुक्ता भैसकेको:** संस्थापकहरूले आफुले लिन कबुल गरेको रकम रू. ५७,१२,००,०००/- (अक्षरेपी सन्ताउन्न करोड बाह्र लाख मात्र) शत प्रतिशत चुक्ता भैसकेको ।

(९) **आयोजना निर्माणका लागि फाइनान्सियल क्लोजर भैसकेको:** आयोजना सम्पन्न भइ ऋणको सावां तिर्न शुरू भइसकेको

(१०) **जलविद्युत उत्पादन संस्था भएमा, विद्युत खरिद सम्झौता गरिसकेको र जलविद्युत गृह तथा अन्य पूर्वाधारहरू निर्माणको लागि टेण्डर आव्हान गरिसकेको:** विद्युत खरिद बिक्री सम्झौता सम्पन्न भइ आयोजना निर्माण सम्पन्न भइ, ब्यापारिक उत्पादन प्रारम्भ भइसकेको ।

(११) **सर्वसाधारणमा निष्काशन गर्न लागेको शेयरहरू धितोपत्र निष्काशन निर्देशिकामा तोकिए बमोजिम प्रत्याभूति गराएको:** यस कम्पनीले सर्वसाधारणमा निष्काशन गर्न लागेको शेयरहरू धितोपत्र निष्काशन निर्देशिकामा तोकिए बमोजिम नागरिक लगानी कोषसँग सम्झौता गरी प्रत्याभुति गराएको ।

**ग. २३. सञ्चालक तथा विज्ञहरूको नाम तथा दस्तखत :**

यस विवरणपत्रमा प्रकाशित तथ्य तथा विवरणहरू ठीक दुरुस्त छन, सोमा कुनै फरक परेमा हामी सञ्चालकहरू पूर्ण रूपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्ने कम्पनीका सञ्चालकहरूको नाम तथा दस्तखतः

| क्र.सं. | संचालकहरूको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री डा. भोगेन्द्र कुमार गुरागाई | अध्यक्ष | |
| २ | श्री डा. भुषण गुरागाई | प्रबन्ध संचालक | |
| ३ | श्री शैलेन्द्र गुरागाई | संचालक | |
| ४ | श्री रविन सुवेदी | संचालक | |
| ५ | श्री श्रीजेश गुरागाई | संचालक | |
| ६ | श्रीमति रिली गुरूङ | संचालक | |
| ७ | श्रीमति जमुना पौडेल | स्वतन्त्र संचालक | |

## ग.२४. निष्काशन तथा बिक्री प्रवन्धकले प्रस्तुत गरेको प्रतिबद्धता पत्र (ड्यु डेलिजेन्स् सर्टिफिकेट) को प्रतिः

pRaBhu CAPITAL
(A Subsidiary of Prabhu Bank Limited)

Prabhu Capital Ltd.
प्रभु क्यापिटल लिमिटेड

Ref no.: PRVUCAPITAL/BD/079-080/198

मिति : २०७९/०६/२५

श्री नेपाल धितोपत्र बोर्ड,
संस्थागत वित्त विभाग,
खुमलटार, ललितपुर

**विषय : ड्यु डेलिजेन्स् सर्टिफिकेट बारे ।**

महोदय,

काठमाडौं जिल्ला, वडा नं.२९, अनामनगर ठेगाना भएको सगरमाथा जलविद्युत कम्पनी लिमिटेडले आफ्नो जारी पूँजी रु.१,१२,००,००,०००/-(एक अर्ब बाह्र करोड) को १० प्रतिशत रु.११,२०,००,०००/-(एघार करोड बीस लाख) रकम बराबरको रु.१००/- अंकित दरको ११,२०,००० कित्ता साधारण शेयर (आयोजना प्रभावित क्षेत्र) का बासिन्दाहरुको निमित्त र जारी पूँजीको ४९ प्रतिशत अर्थात रु.५४,८८,००,०००/- (चउन्न करोड अठासी लाख) रकम बराबरको रु.१००/- अंकित दरका ५४,८८,००० कित्ता शेयर मध्ये १,३१,०४० कित्ता (सर्वसाधारणको लागि छुट्याएको शेयरको ३ प्रतिशत) कर्मचारीहरुलाई र २,१८,४०० कित्ता ( सर्वसाधारणको लागि छुट्याएको शेयरको ५ प्रतिशत) सामूहिक लगानी कोषको लागि सुरक्षित गरी बाँकी ४०,१८,५६० कित्ता रु.१०० का दरले रु. ४०,१८,५६,००० (चालिस करोड अठार लाख छपन्न हजार) बराबरको साधारण शेयरहरुको सार्वजनिक निष्काशन गर्नका लागि निष्काशन तथा बिक्री प्रम्बन्धक रुपमा सेवा दिन हामी मञ्जुर गर्दछौ । साधारण शेयर सर्वसाधारणमा निष्काशन गर्ने क्रममा धितोपत्र सम्बन्धी ऐन, २०६३ मा भएको व्यवस्था अनुसार साधारण शेयर बिक्री वितरण गर्ने व्यवस्था मिलाइनेछ ।.यस निष्काशन सम्बन्धमा देहायका कुराहरु जानकारी गराउँदछौ ।

१. कम्पनीको "विवरणपत्र" मा उल्लेख गरिएको विवरण तथा जानकारीहरु हामीलाई उक्त कम्पनीबाट प्राप्त जानकारी अनुरुप तथ्यगत, पूर्ण र सही भएको र यसबाट लगानीकर्ताहरुलाई लगानी सम्बन्धमा सही निर्णय लिन मद्दत हुने देखिन्छ । साथै कम्पनीको व्यवस्थापकिय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययन गर्दा कम्पनीले गरेको वा गर्न लागेको व्यवसाय सम्बन्धमा हाम्रो सकारात्मक धारणा रहेको छ ।

२. प्रचलित धितोपत्र कारोबार सम्बन्धी कानून अनुसार पेश गर्नुपर्ने सम्पूर्ण कागजात र विवरणहरु प्रमाणित गरी तँहा पेश गरिएको र प्रत्येकको एक एक प्रति सार्वजनिक जानकारीको लागि यस कार्यालयमा राखिएको छ ।

३. हाम्रो विचारमा कम्पनीद्वारा निष्काशित धितोपत्र, धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा नेपाल स्टक एक्सचेन्ज लिमिटेडको प्रचलित धितोपत्र सूचिकरण सम्बन्धी व्यवस्था बमोजिम सूचिकरण हुन योग्य छन् ।

४. कम्पनीले निष्काशन गर्न लागेको प्राथमिक शेयरका लागि आवेदन दिने आवेदकहरुलाई "विवरणपत्र" तथा दरखास्त फारम सरल तरिकाबाट वितरण गर्ने तथा अन्य जानकारी उपलब्ध गराउने सम्बन्धमा निष्काशन कम्पनीसँग समन्वय गरी आवश्यक व्यवस्था मिलाउने छौं ।

५. हामीले त्यस बोर्डबाट जारी गरिएको धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा उल्लेखित सबै कुराहरुको अध्ययन गरेका छौं । उक्त व्यवस्थाहरुसँग अनुरुप हुने गरी कम्पनीले भरेको विवरण र दिएको जानकारी सन्तोषजनक पाएका छौं ।

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक :**
प्रभु क्यापिटल लिमिटेडको तर्फबाट
नाम : दिनेश थकाली
पद : प्रबन्ध निर्देशक

हस्ताक्षर :

कार्यालयको छाप : pRaBhu CAPITAL

**G. Paudyal & Associates**
Chartered Accountants
ICAN Regd. No.: 307
PAN : 602785567

5th Floor, Tewa Tower
Teku, Kathmandu
Tel: 01-4233709
Website: www.gpa.com.np
Email: gpaudyalassociates@gmail.com

**Certificate No: 20/2079/080**
**Date: 06/05/2079**

**TO WHOM IT MAY CONCERN**

We hereby certify the Projected Financial Statements comprising Balance Sheet, Income Statement and Cash Flow Statements for the Financial Years –2079/80, 2080/81, 2081/82, 2082/83 and 2083/84 of **Sagarmatha Jalabidhyut Company Limited** for the purpose of issue of initial public offering to the general public based on the to assumptions undertaken by the Management.

The assumptions and the projections have been prepared by the management of the company. The Board of Directors (BOD) of the company are fully responsible for the reasonableness and appropriateness of the assumptions undertaken and projected financial statements preparation on that basis. We have assumed no responsibility for the reasonableness and appropriateness of such assumptions. Actual financial results may differ from projected financial statements if assumptions considered for the projection differs from actual transactions. The assumptions shall be the part of the prospectus to be issued as per section 23 of the Company Act, 2063. The assumptions for financial projection taken by the management are as follows:

1. Share Capital has been increased to Rs 1,12,00,00,000 (rounded off to nearest thousand) as company is issuing initial public offering (IPO) of Rs 54,88,00,000 in F/Y 2079/80 and which will be subscribed fully.
2. The amount collected from Initial public Offering (IPO) shall be utilized for the payment of its Project loan.
3. No any additions of fixed assets and intangible assets have been projected. Depreciation in fixed assets has been projected as per Income Tax Act, 2058. Amortization on the intangible assets has been projected on straight line basis. The remaining generation license period of project at Ashad end 2079 is 30 year.
4. Receivables have been projected for 2 months of the revenue amount.
5. Loans Advances & Deposits and Current Liabilities & Payables has been projected on the basis of past trend.
6. Dividend to be distributed has not been projected in coming years hence, amount earn remaining in cash balance.
7. Income from Power Sales has been projected on the basis of Power Purchase Agreement (PPA) with Nepal Electricity Authority (NEA).
8. Royalty expenses on electricity generation has been projected on the basis of Electricity Act, 2049.
9. Plant Operation Expenses have been increased by 5% every year. Also, Rs 5 lakh each year has been provisioned for repair expenses.
10. Administrative expenses has been increased by 5% every year.
11. Interest expenses has been projected as per the effective interest rate of 9.27% on long term loan.
12. Staff bonus has been projected at 2% of profit for every year as per electricity act 2049.

Again, the financial statements are subject to change, if any by statutory audit.

**Signature:**
**Name of Chartered Accountant** : CA Anoj Kumar Neupane.
**ICAN REG. No. :** 1104 (COP)
1618 (Membership)

UDIN Number:220822CA01618jDgIG

Page 1 of 1

Sagarmatha
Jalabidhyut Company Ltd.
Supermai-A- Hydro Project 9.6 MW. illam

# सगरमाथा जलविद्युत कम्पनी लिमिटेड

## SAGARMATHA JALABIDHYUT COMPANY LTD.


रजिष्टर्ड कार्यालय: का.म.न.पा.-२९, काठमाण्डौ
(आयोजनाको नाम: सुपर माई ए जलविद्युत आयोजना)
वेबसाइट: sagarmathajbc.com.np इमेल: sagarmathahydropower@gmail.com